लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ बिमर्श

Naya Bimarsha National Weekly

वर्ष १२, अंक ४३, २०७६ जेठ ३१ गते शुक्रबार (June 14, 2019) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

प्रधानमन्त्रीलाई विदेश भ्रमण मोह

काठमाडौं । 'कसैलाई के-को धन्दा घरज्वाइँलाई खानकै धन्दा' भनेझैं

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई विदेश भ्रमणको मोह प्यारो बनेको छ । गत २०७५ फागुन ३ गते नेपालको ४१ औं प्रधानमन्त्री बनेका ओली १५ महिनामा ९ पटक विदेश भ्रमण गरेर कीर्तिमान राखेका छन् । गत जेठ २५ गते प्रम ओली यूरोप भ्रमणमा छन् । उनी स्वीजरल्याण्ड, बेलायत, फ्रान्स लगायतका देशको भ्रमण गरी असार १ गते स्वदेश फिर्ता हुने समाचार स्रोतले बताएको छ ।

यसअघि प्रधानमन्त्री ओलीले दुई

(बाँकी अन्तिम पृष्ठमा)

प्रतिबद्धताविरुद्ध युरोपमा ओली

विष्णुप्रसाद

काठमाडौं । यसबेला जनतासँग गरिएको प्रतिबद्धताविपरीत प्रधानमन्त्री केपी शर्मा ओली बेलायतसहित युरोपीय देशको भ्रमणमा छन् । जेठ २५ देखि सुरु भएको ओलीको विदेश सयर जेठ ३२ गतेसम्म चल्नेछ । आठदिने युरोप भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले स्विट्जरल्यान्ड, बेलायत र फ्रान्सको भ्रमण गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यही क्रममा जेठ २७ गते ओली स्विट्जरल्यान्डकोष्भस जनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को शतवार्षिकी विशेष समारोहमा पनि सहभागी भए । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सो समारोह र त्यसपछि बेलायत पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीले लन्डनस्थित नेपाली दूतावासद्वारा आयोजित समारोहलाई सम्बोधन गर्दै जे कुरामा जोड दिए त्यो उनको सत्तारुढ पार्टी नेकपाले जनतासँग गरेको वाचाविपरीत भएको समीक्षकहरूको टिप्पणी छ ।

प्रधानमन्त्री ओलीको भ्रमण टोलीमा



उनकी पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्ट, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र सल्लाहकार राजन भट्टराई, प्रेस सल्लाहकार कुन्दन अर्याल सहित सांसदद्वय विमलप्रसाद श्रीवास्तव र विन्दा पाण्डे सहभागी छन् । भ्रमणमा परराष्ट्र सचिव शङ्करदास बैरागी, श्रम मन्त्रालयका सचिव महेशप्रसाद दाहाल, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष भवानी राणा र रोजगारदाता परिषद्का सभापति चन्द्रप्रसाद ढकाल लगिएका छन् । यसरी छानी-छानी नेपाली श्रम तथा रोजगार क्षेत्रका व्यक्तिहरूलाई प्रधानमन्त्रीले साथमा लानुलाई सरोकारवालाहरूले अनेक आशङ्काको घेरामा राखेका छन् ।

प्रधानमन्त्री ओली सरकारले बेलायत तथा युरोपीय देशहरूमा नेपालीको श्रम तथा रोजगारीको सवाल, थप रोजगारीको अवसरको खोजी र सुरक्षालाई पहिलो प्राथमिकता दिएको त्यहाँ गरिएको सम्बोधनमा देखिएको छ । तर सरोकारवालाहरूका अनुसार स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्नु आफ्नो प्रमुख दायित्व हुने आश्वासन बाँडेर चुनाव जितेको सरकार प्रमुखले विदेशमा थप लबिङ गर्नु आलोचनायोग्य भएको

(बाँकी अन्तिम पृष्ठमा)

पत्रकार महासंघ तेस्रो चरणको आन्दोलनमा

काठमाडौं । दुई चरणको आन्दोलन गरिसकेको नेपाल पत्रकार महासंघले सरकारले संसद्मा दर्ता गराएको मिडिया काउन्सिल विधेयक फिर्ता लिन माग राख्दै तेस्रो चरणको आन्दोलनको कार्यक्रम घोषणा गरेको छ ।

महासंघको केन्द्रीय समितिको बैठकले आगामी असार ३ गतेदेखि विधेयक फिर्ताको माग राख्दै आन्दोलन घोषणा गरेको महासंघका महासचिव रमेश विष्टले जानकारी दिए । बैठकले असार ३ गते प्रेस स्वतन्त्रताको पक्षमा देशव्यापी हस्ताक्षर सङ्कलन अभियान गर्ने, असार ६ गते सङ्कलित हस्ताक्षर जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई बुझाउने, असार १० गते मिडिया काउन्सिल विधेयकविरुद्ध कार्टुन प्रदर्शनी गर्ने, असार १५ गते सबै जिल्ला शाखाले आफ्नो क्षेत्रबाट निर्वाचित संघीय र प्रदेश सांसदलाई सन्देश पठाएर ध्यानाकर्षण गर्ने रहेको पनि विष्टले जानकारी दिए । यस्तै असार २० गते वृहत 'प्रेस स्वतन्त्रता सभा' को आयोजना गर्ने, असार २५ गते मध्यान्ह १२:०० बजे लालटिन जुलुस र असार ३० गते देशव्यापी सिटी जुलुस र सभा गर्ने कार्यक्रम तय महासंघले गरेको छ ।

महासंघले त्यसरी विधेयकको

(बाँकी अन्तिम पृष्ठमा)

नेविसंघ र तरुण दलले छिट्टै पूर्णता पाउने

काठमाडौं । नेपाली काँग्रेसले नेपाल विद्यार्थी संघ गठन र तरुण दल

महरले राजीनामा दिएपछि केही महिनायता नेविसंघ केन्द्रीय कार्यसमिति विस्तार छिट्टै गर्ने भएको छ । हाल ११औं महाधिवेशनबाट निर्वाचित समितिका अध्यक्ष नैनसिंह समितिविहीन छ भने तरुण दल कार्यकाल सकिनै लाग्दासम्म ४ जना

(बाँकी अन्तिम पृष्ठमा)

साढे ३१ हजार कांग्रेसमा प्रवेश

काठमाडौं । नेपाली कांग्रेसद्वारा देशव्यापी रुपमा सञ्चालन गरिएको पहिलो चरणको जागरण अभियानका क्रममा वर्तमान सरकारको अधिनायकवाद उन्मुख गतिविधिहरुले सरकारप्रति तीव्र असन्तुष्टि प्रकट भएको कांग्रेसले हिजो विहीबार जनाएको छ ।

केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी प्रवक्ता विश्वप्रकाश शर्माले फेरि पनि कांग्रेसले आफूलाई नवीन ढंगले अघि बढाएर संविधान, संघीयता र सिंगो लोकतन्त्रको रक्षा एवं सम्वर्द्धनको भूमिका निर्वाह गर्नुपर्ने आम अपेक्षा देखिएको बताए । यही आशा र विश्वासका साथ नेपाली कांग्रेसमा समाहित हुन चाहने आकांक्षा

(बाँकी अन्तिम पृष्ठमा)

नेकपामा एकता भाँडेर दाहाललाई सिध्याउने खेल

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाललाई एकता भाँडेर सिध्याउने खेल सुरु भएको नेकपा स्रोतले बताएको छ । सत्तारुढ दलले पूर्णता नपाई अपाङ्ग बनेपछि लाखौं कार्यकर्ताहरु बल्लो घाट न पल्ले तीर बनेका छन् । नेकपाका अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहालबीच नै जुहारी चल्न थालेपछि पार्टीभित्रको संकट गहिरिन थालेको विश्लेषण गरिएको छ । नेकपा सचिवालय सदस्य एवं उपप्रधानमन्त्री इश्वर पोखेलले जनताको बहुदलीय जनवाद नै पार्टीको मार्गदर्शक सिद्धान्त भएको र अध्यक्षद्वबीच आलोपालोको सहमति नभएको बताएपछि अध्यक्ष दाहाललाई प्रधानमन्त्री र अध्यक्ष दुबै नदिने षड्यन्त्रमा साविक एमालेका नेताहरु लागेको जानकारहरुले बताएका छन् ।

साविक एमाले र माओवादी

केन्द्रबीच चुनावमा बहुमत ल्याउन गरिएको एकता अहिले दाहालका लागि न टोक्न् न बोक्न् बनेको छ । अध्यक्ष ओली र उपप्रधानमन्त्री पोखेलको एकता विरोधी अभिव्यक्तिले नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाल, विष्णु पोडेल लगायतका नेताहरु उत्साहित र एकढिक्का बनेपछि दाहालको राजनीतिक भविष्य अन्योलग्रस्त बन्न पुगेको समाचारसूत्रले बताएको छ । दाहाललाई आगामी महाधिवेशनमा अध्यक्ष बन्न नदिने खेल भित्रभित्रै सुरु भएको स्रोतले बताएको छ । यस्तो अवस्थामा दाहालले चाहेर पनि केही गर्न नसक्ने अवस्था विकसित हुँदै गएपछि पार्टी फेरि विभाजन हुन सक्ने चर्चा चलेको छ । नेकपामा अध्यक्ष ओली कै निर्देशन अनुसार एकता भाँड्न र आफ्नो राजनीतिक भविष्यको दुनो सोझ्याउन पोखेल सुरु

(बाँकी अन्तिम पृष्ठमा)

मन्त्रीलाई मस्ती, किसानलाई सास्ती

काठमाडौं । तत्कालीन माओवादी केन्द्रबाट मन्त्री बनेका चक्रपाणी खनालको असक्षमताले खेति लगाउने

बेलामा मल नपाएर किसानहरु मर्कामा परेका छन् । कृषि तथा पशुपंक्षी

(बाँकी अन्तिम पृष्ठमा)

भूमाफियाको इशारामा भूमिसुधार मन्त्री

काठमाडौं । भूमि व्यवस्था गरिबी निवारण तथा सहकारी मन्त्री पद्मा अर्यालले भूमाफियाहरूको इशारामा गुठी

सम्बन्धी विधेयक संसद्मा प्रस्तुत गरेपछि चौतर्फी आलोचना शुरु भएको छ । मन्त्री अर्यालले गुठी संस्थानलाई खारेज गरी एकरूपता ल्याउने नाममा प्राधिकरण गठन गरेर मुलुकभरका गुठी जग्गाहरूलाई भूमाफियाको पोल्टामा पार्ने चलखेलमा लागेको विभिन्न गुठीका गुठियारहरूले बताएका छन् ।

काठमाडौं उपत्यकामा वर्षौंदेखि विकराल र समस्याग्रस्त मानिँदै आएको जग्गाधनी र मोहीबीचको द्वैध समस्या हल गर्नेतिर नलागी नेपालको धर्म, संस्कृति र परम्पराको विनासमा लागेको गुठियारहरूको आरोप छ । भू-

(बाँकी अन्तिम पृष्ठमा)

शहरी विकासबाट सचिव सिंह हट्दै

काठमाडौं । प्रधानमन्त्री केपी ओली यूरोप भ्रमणबाट फर्किएपछि केही सचिवहरू परिवर्तन हुने बताइएको छ । शहरी विकास मन्त्रालयमा बसेर ब्रम्हलुट मच्चाइरहेका सचिव रमेशप्रसाद सिंहको

ठाउँमा नेपाल ट्रष्टका सचिव गजेन्द्र ठाकुरले समाजवादी पार्टीका नेताहरूलाई मोटो रकम बुझाएर जान लागेका हुन् । ठाकुर खानेपानी सचिव हुँदा मेलम्ची खानेपानी आयोजनाको ठेकेदार कम्पनी सीएमसीलाई मोटो कमिशन मागेर भगाएको आरोपमा नेपाल ट्रष्टमा सरुवा भएका थिए । यता शहरी विकास मन्त्रालयका सचिव सिंहले पनि विभाग र मन्त्रालयको काम आफ्नो पाँचवटा कन्सल्टेन्सीलाई उपलब्ध गराई व्यापक आर्थिक चलखेल गर्दै आएका छन् ।

आर्थिक चलखेल र परस्त्री मामलामा कमजोर मानिने सचिव सिंह गत जेठ ७

(बाँकी अन्तिम पृष्ठमा)

स्याङ्जा दुर्घटना मन्त्री महासेठलाई शिक्षा

काठमाडौं । गत जेठ २७ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ चढेको २ करोड मूल्यपर्ने बा.२ भ.४०२९ नम्बरको प्राडो गाडी स्याङ्जाको अर्जुन चौपारी गाउँपालिका-

३ घ्रेट्स्थित दरौं खोलामा पल्टेको छ । सडक डिभिजन कास्कीद्वारा करिब चार करोड रुपियाँको लागतमा बनाइन लागेको उक्त पुल जी.एस.आर. निर्माण सेवा कास्कीले एक वर्षमा सक्ने गरी ठेक्का पाएको थियो । स्याङ्जा अर्जुनचौपारी- ३ खहरे खोलामा पुलको शिलान्यास गरेर फर्कदा मन्त्री महासेठको गाडी खोलामा पल्टिएको जानकारहरूले बताएका छन् । चालकले सडकको जानकारी नपाउँदा

(बाँकी अन्तिम पृष्ठमा)

गुठी विधेयक : मौरीको गोलामा हात

काठमाडौं । प्रतिनिधि सभाको बैठकमा गुठी विधेयकको बारेमा व्यापक विरोध भएको छ । प्रतिपक्षी दलहरु नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टीले यस बारेमा विरोध गरी सरकारलाई विधेयकका बारेमा स्पष्ट हुन तथा विधेयक फिर्ता लिन आग्रह गरेका हुन् ।

आफ्नो देशको संस्कृतिमाथि विदेशीको प्रभावमा आक्रमण हुँदै गर्दा पनि सत्तापक्षीय सांसदहरु भने कसैले पनि यसको विषयमा बोल्ने हिम्मत नगरेको भनी गुठी समर्थक सर्वसाधारण समेत सरकारको विपक्षमा उत्रन थालेका छन् । प्रमुख प्रतिपक्षी दल काँग्रेसका सांसदले यस बारेमा संसद

(बाँकी अन्तिम पृष्ठमा)

करोडौं आर्थिक चलखेलमा साखनि संशोधन

काठमाडौं । सरकारले गत जेठ २३ गते गुपचुप रूपमा सार्वजनिक खरिद नियमावली छैठौं संशोधन गरेको छ । यसअघि गत वैशाख ३० गते नेपाल राजपत्रमा प्रकाशित मूल नियमावलीको १४५ 'ख' ले भ्रष्टाचार र जघन्य अपराध गरेकाहरूले खरिद कारबाहीमा भाग लिन नपाउने व्यवस्था गरिएको थियो । सार्वजनिक खरिद नियमावली छैटौं संशोधनले गत २०७५ मंसिर २१ गते सिक्टा सिंचाई निर्मणमा २ अर्ब १३ करोड भ्रष्टाचार गरेको अभियोगमा मुद्दा चलाइएका पूर्वमन्त्री एवं कालिका कन्स्ट्रक्सनका मालिक विक्रम पाण्डेलाई मर्माहत तुल्याएको थियो । तर अब सातौं संशोधनले १४ 'ख' लाई हटाएर भाग लिन पाउने व्यवस्था गरेपछि भ्रष्टाचारमा मुद्दा लागेर धरौटी बुझाएका पाण्डेलाई ठूलो राहत मिलेको चर्चा चलेको छ । ठूला ठेक्कामा कार्टेलिङ्ग गरी कब्जा जमाउँदै आएका कालिका कन्स्ट्रक्सनका मालिक पाण्डेले स्वच्छन्द निर्माण सेवा शर्मा एण्ड कम्पनी, लामा कन्स्ट्रक्सन, रसुवा कन्स्ट्रक्सन, तुदी कन्स्ट्रक्सन लगायतका ठूला निर्माण व्यवसायीहरूसँग माथि बुझाउनु पर्ने भयो भन्दै आधा अर्ब (पचास करोड) रुपियाँ बुझाएर नियमावली संशोधन गरेको समाचार स्रोतले बताएको छ ।

सातौं संशोधानले जब्दीघाट पुल निर्माणमा रु.१९ करोड २५ लाख हिनामिना गरेको आरोपमा मुद्दा

(बाँकी अन्तिम पृष्ठमा)

जागरण अभियानले जाग्ला त काँग्रेस ?

काठमाडौं । काँग्रेसले पहिलो चरणको जागरण अभियान पूरा गरेको छ । गत वैशाख २५ गते देखि शुरु एक महिने जागरण अभियान देशका ७७ वटै जिल्ला गाउँ/नगर र क्षेत्रमा सञ्चालन गरिएको थियो । निस्कृय कार्यकर्तालाई थप क्रियाशील बनाउन र संगठनलाई ऊर्जाशील तुल्याउन आरम्भ गरिएको पहिलो चरणको आमसभामा आंशिक उपलब्धी भएको काँग्रेसले बताएको छ ।

पहिलो चरणको जागरण अभियानमा मुलुकभर झण्डै एक हजार हाराहारीमा आमसभाहरू भएको बताइएको छ । जागरण अभियानमा विभिन्न पार्टी परित्याग गरी काँग्रेसमा प्रवेश गर्ने नेता तथा कार्यकर्ताको संख्या उल्लेखनीय रहेको काँग्रेस स्रोतले



जानकारी गराएको छ । जागरण अभियानलाई सफल बनाउन केन्द्रीय नेताहरू जिल्ला जिल्लामा खटेका थिए । जागरण सभामा आउनेहरूको गुनासो पार्टी भित्रको गुट-उपगुट अन्त्य भइ पार्टी एकढिक्का बन्नुपर्ने रहेको थियो । पार्टी एकताको सन्देश र प्रवाह गर्न र सरकारको अधिनायकवादी शैली जनतासामु पुऱ्याउन सुरु गरिएको पहिलो चरणको जागरण अभियान पार्टीको फितलो व्यवस्थापनका कारण लथालिङ्ग बनेको जानकारहरूले बताएका छन् । पार्टीलाई गतिशील र चलायमान बनाउने तर्फ भन्दा घोचपेच र जुहारी जागरण अभियानको रोचक दृश्य बनेको थियो । तथापी काँग्रेसप्रति आस्थावान जनताको सहभागिता उल्लेखनीय नै रहेको बताइएको छ । नेतृत्वले आफूमात्र कुर्सीमा बसिराखौं

(बाँकी अन्तिम पृष्ठमा)

जागरण अभियानको सन्देश

नेपाली काँग्रेसले पहिलो चरणको जागरण अभियान सम्पन्न गरेको छ। देशका सबै जिल्लाका गाउँमा यो पटक केन्द्रीय स्तरका नेताहरू एक महिनासम्म बसेर पार्टी पंक्ति र आमनागरिकसँग संवाद गर्न पाए। खासगरी नेपाली काँग्रेसको आधार कुनरूपमा पुगेको छ भन्ने जानकारी लिने यो सही अवसर बनेको हुनुपर्छ। पार्टीका आमसदस्यको गुनासो करिब देशैभरी समान प्रकृतिको देखिएको छ। पहिलो अवाञ्छित गुटवादको अन्त्य केन्द्रदेखि नै आरम्भ हुनुपर्ने, दोस्रो सदस्यहरूको उचित मूल्यांकन, तेस्रो पार्टीका सबै विभागले तत्काल पूर्णता पाउनुपर्ने, चौथो भातृसंघहरूको अधिवेशन र कार्यसमितिहरू अविलम्ब गठन, पाँचौं सबै तहमा अनिवार्य प्रशिक्षण, सबै तहमा अभिलेख पद्धतिको विकास र कम्युनिष्ट पार्टीको निरंकुशताविरुद्ध सशक्त अभियान प्रमुख छन्।

केही स्थानमा महाधिवेशनलाई प्राथमिकता दिनुपर्ने कि जागरणलाई भन्ने बहस नभएको होइन। त्यो बहस केन्द्रबाट प्रतिनिधित्व गर्ने केही नेताबाट नै सम्प्रेषण भएको थियो। जागरण अभियानको अर्को चरणमा पुग्नुपहिले नै आमसदस्यका यी प्रश्नको समाधान अनिवार्य छ। नेपाली काँग्रेसको नेतृत्वकालागि यो जागरण अभियान आफैंमा यसैकारण चुनौती हुनपुगेको छ। जागरण अभियानको दोस्रो चरण आगामी भदौ २४ बाट एक महिनासम्म निर्धारित छ। नेपालको लोकतान्त्रिक समाजवादका प्रथम भाष्यकार बिपी कोइरालाको जन्मजयन्तीको अवसर पारेर सुरु हुने दोस्रो चरणको अभियानमा उल्लिखित गुनासा वा सुझावहरूको कुनै समाधान गर्न पार्टी नेतृत्वले सकेन भने प्रतिनिधिहरूकालागि उत्तर दिनु कठीन हुनेछ। तेस्रो चरणको निर्धारित समय राष्ट्रिय एकता तथा मेलमिलाप नीति प्रतिपादित भएको दिन पुस १६ बाट हुनेछ।

सामान्यतया काँग्रेसमा २०४८ सालदेखि सतहमा देखिएको अन्तर्घातको आत्मघाती खेल आज पनि निरन्तर छ। प्रत्यक्ष देखिएर विपक्षमा उभिने भन्दा पार्टी संगठनमा नै रहेर प्रत्यक्षरअप्रत्यक्ष धुलो पार्नेहरू बढी खतरानाक हुन्छन्। यसरी पार्टीमा नै रहेर पार्टीलाई नै धुलो पार्ने चरित्र नेपाली काँग्रेसमा स्थायी हुनपुगेको छ। वास्तवमा केन्द्र, जिल्ला, क्षेत्र हुँदै पालिकाहरूसम्म फैलिएको गुटवादले अन्तर्घातको आत्मघाती खेललाई सहयोग, समर्थन र उपयोग गरिरहेको स्पष्ट छ। २०४८ सालमा काठमाडौं १ मा तत्कालीन पार्टी सभापति कृष्णप्रसाद भट्टराईलाई हराउन काँग्रेसभित्रको स्वार्थी पारिवारिक समूह सक्रिय थियो। त्यस समय यो पंक्तिकार नेपाली काँग्रेसको प्रचारविभाग र निर्वाचन प्रचार समितिमा रहेको हुनाले पर्याप्त सूचना पाएको थियो। यो चरित्र २०५० सालको काठमाडौं १ कै उपनिर्वाचनमा सर्वाधिक नग्न भएर प्रकट हुन पुग्यो। त्यो घातक आत्मघाती खेल सरुवा रोग जस्तैगरी नेपाली काँग्रेसको शरीरभर फैलिएको देखिन्छ।

कृष्णप्रसाद भट्टराईको विपक्षमा लागेको नेतृत्वपंक्तिलाई लक्षित गर्दै त्यसबेला वरिष्ठ पत्रकार किशोर नेपालले गरेका टिप्पणी यहाँ स्मरणीय हुन्छ। उनले कुनै लेखमा टिप्पणी गरेका थिए- 'जितेका कृष्णप्रसाद भन्दा हारेका कृष्णप्रसाद बढी खतरनाक हुनसक्छ।' यो टिप्पणीको सान्दर्भिकता विगत ३ दशकदेखि नेपाली काँग्रेसको जीवनमा चरितार्थ भइरहेको छ। दुर्भाग्य त के छ भने एकाठाउँमा अन्तर्घात गर्नेलाई एउटा नेता र अर्का ठाउँमा अन्तर्घात गर्नेलाई अर्को नेताले च्यापेर बसिरहेको अवस्था छ। पराजय र अन्तर्घातको सन्दर्भमा उपसभापति विमलेन्द्र निधीले मात्र कसैलाई पनि दोष दिन नमिल्ने कुरा स्पष्ट गरेका छन्। आफ्नो पराजयलाई स्वाभाविकरूपमा ग्रहण गर्ने पद्धतिको विकास हुन लागेपछि स्वतः अन्तर्घातका खेल निस्तेज हुने उनको तर्क छ। पराजयका कारणमा कमजोर संगठन र असन्तुष्टहरूलाई सहयोगमा सहमत गराउन नसक्नुलाई नै निधीले महत्व दिएका छन्।

भर्खरमात्र ललितपुरको निर्वाचनमा अन्तर्घात गरेको भनी पार्टीले कार्वाहीका लागि सिफारिस गरेका सदस्य सबैलाई दोषमुक्त गर्ने निर्णय नेपाली काँग्रेस ललितपुर जिल्ला कार्यसमितिले गरेको छ। अहिलेको समयमा एकपटककालागि यस्तो निर्णय स्वाभाविक हुन्छ। खासगरी कम्युनिस्ट पार्टीको सरकारले थालेका लोकतन्त्रविरुद्ध ज्यादतिहरूका कारण लोकतन्त्रमा विश्वास गर्नेहरू सबै एकाठाउँ उभिनुपर्ने अवस्था हो यो। तर सदाका लागि यसलाई नजीर

पुरुषोत्तम दाहाल

बनाउन गलत हुनेछ। नेपाली काँग्रेसमा अनुशासन समितिले अनुशासन भंग भएका घटनाको विवरण तयार पारिरहेको छ र यसबारे टुंगो लगाइसकेको छैन। २०४८ सालदेखि नै अनुशासनका कार्वाहीलाई सख्तीका साथ पालना गरिएको भए शायद नेपाली काँग्रेसको संगठन र केही हदसम्म नेपालको राजनीतिकै कोर्स यस अवस्थासम्म आइपुग्ने थिएन होला।

नेपाली काँग्रेसमा व्याप्त गुट र उपगुटहरूको निर्माण पनि हुने थिएन। अन्तर्घातको त्यही लहरोमा अल्झिँदै आएको भएपनि काँग्रेसमा यतिखेर कुनै सैद्धान्तिक भन्दा पनि केही कार्यक्रमका आधारमा र बढीभन्दा बढी व्यक्तित्वबीचको विरोधाभाषका कारण गुटहरूको सिर्जना र विकास भइरहेको छ। नेपालको संविधानमा पारित भएका केही मुद्दामा समेत देखिएका असहमति काँग्रेसभित्र गुटका कारक बनेको देखिन्छ। तर ती कारण त्यति संगठित छैनन्। पालिका र वडा तहमा बस्ने साधारण सदस्य र समर्थकहरूको चिन्ता भनेको काँग्रेसमा विकसित गुट नै हो। आश्चर्य त के छ भने भविष्यमा कुनै पद वा नियुक्ति नखोज्नेहरू अथवा नेतृत्वमा जाने सपना नभएकाहरूमा गुटवादको अन्त्य होस् भन्ने चिन्ता छ। तर जसले भविष्यमा देशको नेतृत्वको सपना देखेकाछन् र पार्टी नेतृत्वको सम्भावना बोकेका छन् तिनीहरू नै पार्टीमा विभाजित तर्कहरू, असन्तुष्टिहरू, असहमतिहरू र गुटवादको पक्षपोषण गर्दै अभियानमा जुटेका छन्।

नेपाली काँग्रेसमा सर्वथा यो सोच र व्यवहार विनाशकारी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ। आफैं नेतृत्वमा रहेर असन्तुष्टिको खेती गर्दै आमजनसमुदाय र पार्टीका तल बस्ने सदस्यहरूमाझ पुगदा नेपाली काँग्रेसमा नयाँ पुस्ताको भर्ती र जनआकर्षण बढ्छ कि घट्छ? यो जागरणको समीक्षाक्रममा उठाउनैपर्ने प्रश्न भएको छ। केन्द्रीय नेतृत्वमा बस्नेहरू नै असहमत, असन्तुष्ट र विरोधाभाषले भरिपूर्ण भए भने त्यस पार्टीमा बस्न चाहने, सहयोग गर्न चाहने र नयाँ सम्भावना खोज्ने नयाँ पुस्ताको प्रवेश कसरी सहज हुन्छ ?यी प्रश्न नेपाली काँग्रेसका सन्दर्भमा उठ्न लागेका छन्। लोकतान्त्रिक आन्दोलन र लोकतन्त्रको अभ्यासमा सधैं विकल्पहीनता रहँदैन। विकल्प खडा हुन सक्छन् र अनेक सवल मियो पनि ढल्ने सम्भावना रहन्छ।

पार्टी नेतृत्वले अनिवार्य गर्नैपर्ने केही विषय गाउँमा उठेका छन्। कमजोर पार्टी संगठनले सरकारका गलत काम र निरंकुश चरित्रको सामना वा प्रतिरोध गर्ने सामर्थ्य राख्दैन। पार्टीमा रिक्त स्थानहरू विशेषगरी विभागहरूगठन गरी सदस्यहरूलाई जिम्मेवारी दिनु जरुरी छ। जुन अत्यन्त ढिला भएको छ। भातृसंघहरूको अधिवेशन नभएर लथालिंग अवस्था छ। डेढ दशकदेखि महत्वपूर्ण भ्रातृ संस्थाहरूमा नवीनता केही छैन। पुरानाहरूकै कब्जा देखिन्छ। पार्टीलाई ऊर्जाशील बनाउनुपर्ने ती भातृसंस्थामा चलायमान नेतृत्वको आवश्यकता छ। तर गुटवादको शिकार ती संस्था पनि भइरहेका छन्। स्थानीय तहमा उठेका यस्ता जायज गुनासाको निराकरण गर्नैपर्ने देखिन्छ। पार्टी पंक्तिलाई प्रशिक्षण अपरिहार्य छ। विस्तारै प्रशिक्षणको विषयलाई सदस्यहरूले महत्वपूर्ण रुचिको विषय बनाउनु सकारात्मक हो।

भर्खरमात्र प्रशिक्षणका सन्दर्भमा केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान काँग्रेसमा बनेको छ। प्रशिक्षणको विषयसँगै अनुसन्धान र अभिलेखीकरण महत्वपूर्ण हुन्। पार्टीलाई सशक्त बनाउन सचिवालय व्यवस्थापन र संस्थागत मर्यादाको भूमिका निसन्देह प्रमुख हुन्छ। बाहिरी भागमा अत्तर घस्दै, मुखमा राम्रो मेकअप गर्ने तर शरीरभभित्र भनेभयानक क्यान्सर भएको जीर्ण शरीरको कुनै अर्थ हुँदैन। पार्टी जीवनमा सचिवालय भनेको शरीरको भित्री भागमा सक्रिय र अनिवार्य महत्वपूर्ण अंग मानिन्छ। धमिरा पसेको रुखमा बाहिरी बोक्रो जति सुन्दर भए पनि त्यो स्थायी र सवल हुदैन। सचिवालय रुखको भित्री चुरो हो भन्ने यथार्थलाई केन्द्रदेखि जिल्ला, क्षेत्र, पालिकाहरूमा काँग्रेसले बुझाउन र तदनुरूप व्यवहार गर्न तथा संगठनात्मक रूप दिन सक्नुपर्छ।

जागरण अभियानमा धेरै स्थानमा यस्ता प्रश्न र प्रसंग उठ्नु स्वाभाविक थिए। नेपाली काँग्रेसको जागरण अभियानले सिंगो काँग्रेसलाई आमनागरिक तहमा पुग्ने अवसर मिलेको छ। सरकारका कार्यहरूका विषयमा आमजनभनाइबुझ्ने र आफ्नो भूमिका तय गर्ने अवसर मिलेको छ। तर सबैभन्दा यक्षप्रश्न के हो भने नेपाली काँग्रेसको पुनर्जीवन के यसैगरी हुन्छ त? जस्तो अनेक विचार, भिन्न सोच र शैलीलाई तहगत प्रस्तुतिभन्दा फरक आम बनाउने निरन्तर प्रयास देखिन्छ। के पार्टीमा गुटवाद अन्त्य नभई नेपाली काँग्रेसको सवल भविष्य निर्माण हुनु सम्भव छ? आपसी विवादलाई केन्द्रमा नेतृत्व गर्नेहरूबाट नै गाउँको अदना सदस्यसम्म पुग्याउने काम गर्दा के त्यो अदना सदस्य सदा काँग्रेसकै भइरहन्छ त?

गाउँमा काँग्रेसमा समाहित पुस्ता हिजोको जस्तो ठूलो त्याग, तपस्या र बलिदानको भारी बोकेर बसिरहेको छैन। उसले त्याग र बलिदानका कथाहरूलाई किताबमा पढ्ने वा कसैको भाषणबाट थाहामात्र पाएको छ। यो पुस्ताका लागि स्वतन्त्रता र रोजगारीसँग विभेदरहित सोच प्रमुख विषय हुन्। त्यो सोच भएको कुनै असल मानिस पायो भने कुनै एक पार्टीको मियो समातेर बसिरहनु उसकालागि जरुरी हुँदैन। तर नेपाली काँग्रेसमा शीर्ष स्थानमा बस्नेहरूमा यस सत्यलाई अनुभव गर्ने कुनै चासो देखिँदैन। कमसेकम जागरण अभियानबाट प्राप्त ऊर्जालाई स्खलित हुन नदिनेगरी आत्मकेन्द्रित सोच र संस्कारलाई नेतृत्वले परिवर्तन गर्न सकेको खण्डमा निश्चय पनि यो अभियान सफल मानिनेछ र अभियानका अरु चरणकालागि फराक राजमार्ग आफैं खुल्ने हुन्छ।

किन डराउँछ राज्यसत्ता पत्रकारितासँग ?

यस्तो लाग्छ, सत्ताका हर्ताकर्ताहरु लोकतान्त्रिक राज्यको चौथो अङ्ग मिडियालाई पाठ पढाउने चाहना राख्छन्! उत्तरप्रदेशको प्रहरीले दिल्ली-नोएडा क्षेत्रबाट तीन मिडियाकर्मीलाई गिरफ्तार गर्यो। उनीहरुलाई १४ दिनका लागि न्यायिक हिरासतमा पठाइयो। र, अर्को एक पत्रकारका विरुद्ध उत्तरप्रदेशमै एफआईआर दर्ता गरियो। भारतका सम्पादकहरुको सबैभन्दा ठूलो संस्था 'एडिटर्स गिल्ड अफ इन्डिया' ले उक्त गिरफ्तारीको कडा भर्त्सना गर्यो र प्रहरीद्वारा गरिएको कारबाहीलाई 'कानुनको निरङ्कुश दुरुपयोग'को सङ्ज्ञा दियो। के थियो पत्रकारहरुले गरेको अपराध? यिनले उत्तरप्रदेशका महन्त मुख्यमन्त्री योगी आदित्यनाथका विरुद्ध कथित रुपमा यस्ता सामग्री प्रसारण गरे, जसले आदित्यनाथको सम्मानमा ठेस पुग्यो!

सारित सामग्री कति असम्मानजनक या अशोभनीय थियो भन्ने कुराको जाँचपड्ताल त अदालतले गर्नेछ नै। तर निश्चितचाहिँ के छ भने, राज्यसत्ताका प्रतिनिधि मानिने प्रहरीले गरेको यो कारबाहीले मिडियाको स्वतन्त्रता खतरामा छ। यसलाई अलि फराकिलो दृष्टिकोणबाट हेर्दा, नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि नै सम्भावित खतराले घेर्न थालेको छ। यो पङ्क्तिकार यस्ता खतराहरुलाई यसको व्यापकतामा हेर्न चाहन्छ। वास्तवमा यी खतराहरुको जरा टाढाटाढासम्म फैलिएको छ। यो खतरा कुनै एक प्रदेशमा सीमित छैन। अहिले त यसको आक्राममक रुप नै आँखाअघिल्तिर देखापरेको छ। भारतीय जनता पार्टी (भाजपा) एनडीए शासित राज्यमा नै यस्तो घटना भएको छ भन्ने पनि होइन। कर्नाटकमा काङ्ग्रेस गठबन्धनको जनता दल सेक्युलरको सरकारले पनि मिडियाको स्वतन्त्रतामाथि असहिष्णु व्यवहार देखाइसकेको छ। मुख्यमन्त्री एचडी कुमारस्वामीले त मन्त्रीविरुद्ध कलम चलाउने पत्रकारलाई खुल्ला धम्की नै दिए। मिडिया स्वतन्त्रतामा अङ्कुश लगाउन कानुन ल्याउने चर्चा चलिरहेको छ। आफ्ना मन्त्रीहरुमाथि अन्टसन्ट लेखेको मुख्यमन्त्रीले आरोप लगाएका छन्। यसअघि मोदी सरकारको पहिलो शासनकाल (२०१४-१९)मा भाजपा र सरकारसँग असहमति राख्ने पत्रकारलाई 'राष्ट्रविरोधी'समेत भन्न भ्याइएको थियो।

अघोषित संकटकाल

भय, असहनशीलता र हिंस्रक धम्कीहरु उत्पन्न भइरहेका छन् र तिनका माध्यमबाट मिडियाकर्मीलाई स्वतन्त्र ढङ्गमा लेख्न नसक्ने बनाउन खोजिँदैछ, अनि हिन्दुत्ववादी विचारधारा अनुकूल लेख्न, बोल्न दबाब दिइँदैछ। प्रतिकूल दिशामा जानेहरुको नियति गौरी लङ्केश, एमएम कलबुर्गी, गोविन्द पानसरे तथा नरेन्द्र दाभोलकरको जस्तै हुने वातावरण निर्माण गरिँदैछ। २०१५-१६ र १७ मा असहनशीलताविरुद्ध आन्दोलन पनि भयो। लोकतन्त्र, संविधान तथा मानवाधिकारका लागि बुद्धिजीवी, कलाकार, पत्रकार र साहित्यकार सडकमा उत्रिए। पछिल्लो समय देशमा अघोषित आपत्कालको चर्चा चलिरहेको छ। यो कुरा कसैबाट पनि लुकेको छैन : प्रेस होस् या च्यानल, पत्रकार अदृश्य क्षेत्रको दबाबमा काम गरिरहेका छन्। प्रेस क्लब अफ इन्डिया तथा दिल्लीबाहिर प्रतिवाद तथा प्रतिरोधमा मार्चपास, सभासम्मेलन भइरहेका छन् र नागरिक समाज पनि सक्रिय छ।

इमरजेन्सीको जस्तै सेन्सरसिप

कुलदीप नैयर, भर्गिज कुरियनजस्ता दिग्गज पत्रकारसमेत सडकमा उत्रिए। यो पङ्क्तिका लेखकलाई जुन १९७५ को इमरजेन्सीको सम्झना भइरहेको छ। सेन्सरसिप त्यसबेला पनि थियो, तर घोषित रुपमा। मित्र-शत्रु स्पष्ट चिनिन्थ्यो र प्रतिरोध पनि उत्तिकै स्पष्ट र आक्रामक थियो। यो लेखकका विरुद्ध पनि 'मिसा वारेन्ट' थियो। तर त्यसबेला सत्ता प्रतिष्ठानभित्र पीएन हक्सर, डा. ब्रह्मदेव शर्मा, अनिल बोडदिया, डी. बन्दोपाध्याय, शङ्करन, अरुणा राय, एससी बेहार, केबी सक्सेना, कुमार सुरेश सिंहजस्ता जनप्रतिबद्धता पूरा गर्ने व्यक्ति पनि मौजुद थिए। इमरजेन्सीको उद्देश्यको रक्षार्थ यी व्यक्तिहरु कुनै न कुनै रुपमा परोक्ष ढङ्गमा योगदान दिइरहेका थिएँ। उत्तरइमरजेन्सीकालमा पनि यी प्रजाति



रामशरण जोशी

सक्रिय रहे र यिनले आदिवासी, दलित तथा कृषि सङ्कटको पक्षमा 'भारत जनआन्दोलन'जस्ता सङ्गठन निर्माण गरेका थिए। बँधुवा मजदुरका पक्षमा मानवाधिकारको आवाज उठेको थियो: जस्टिस तारकुन्डे, कृष्णा अय्यर, एच मुखोटी आदिले जनप्रतिबद्धताको उदाहरण दिएका थिए।

ओझेलमा खास मुद्दा

कसैले ठीकै भनेको थियो- जब पुँजीको दबदबा, आत्मग्रस्तता या आत्ममोह, धार्मिक आस्था तथा प्रतीकवाद चरमोत्कर्षमा हुन्छ, तब सामाजिक न्याय वा मानवाधिकारको आन्दोलन ओझेलमा पर्न थाल्छ, निस्तेज हुन थाल्छ। यस्तै समय अहिले उत्पन्न हुन पुगेको छ: राज्यको वर्तमान चरित्र उत्तरसत्य राजनीति र मिडिया (पोस्ट ट्रुथ पोलिटिक्स एन्ड मिडिया)को पक्षमा छ, जहाँ 'सत्यलाई असत्य र असत्यलाई सत्य'मा सहजताका साथ रुपान्तरित गर्न सकिन्छ। यसकारण पनि नागरिक समाजले अतिरिक्त ढङ्गमा सक्रिय भूमिका निर्वाह गर्नु जरुरी छ। स्मरण रहोस्, प्रतिरोधको अभावमा समाजमा दबिएका-कुल्चिएका मानिसको मानवाधिकारमाथि राज्य र उसका विभिन्न अङ्गहरुको हमला तीव्र हुन्छ। नागरिक अधिकारी कुल्चिइन्छ। संवैधानिक संस्थाहरु निष्प्रभावी बन्न थाल्छन् या त्यसलाई विवादास्पद बनाइन्छ।

एसियाली लोकतन्त्र विफल !

राज्यसत्तामा जोसुकै होस्, कानुनअनुसार सत्ता चल्नुपर्छ। जब कानुनको उल्लङ्घन सहजै हुन थाल्छ, तब लोकतन्त्रको सफलतामा प्रश्नहरुको झटारो हान्न थालिन्छ। जनता र राज्यबीच अविश्वासको वातावरण बन्न थाल्छ। लोकतन्त्र असफल हुन थाल्छ। बेलायतका पूर्व प्रधानमन्त्री टोनी ब्लेयरका राजनीतिक सल्लाहकार रोबर्ट कुपरले २००३ मा एसियाली लोकतन्त्रका बारेमा चेतावनी दिएका थिए- त्यहाँको लोकतन्त्र असफल हुँदै गएको देखिरहेको छु। मुलुकको दैनन्दिन व्यवहारमा लोकतन्त्र र नागरिकको मौलिक अधिकारको झलक देखिँदैन। त्यसैले आजको 'नागरिक धर्म' भनेको नागरिक चेतनालाई ज्वलन्त राख्नु र नागरिक समाज सक्रिय रहनु हो। नागरिक समाजको सक्रियताबाट नै नागरिक धर्म कायम गर्दै राज्यसत्तामाथि 'राजधर्म' पालना गर्न दबाब दिन सकिन्छ।

एसियामा नै पहिलो पटक मंकी पोक्स देखियो, नेपाल कति जोखिममा?

डा शेरबहादुर पुन

सन् १९५८ मा पहिलो पटक अनुसन्धानमा समावेश बाँदरहरुबीच देखिएको थियो मंकी पोक्स। यो सन् १९७० मा पहिलो पटक अफ्रिकी मुलुक कंगोमा मानिसमा देखापरेको थियो। अफ्रिकी महादेश बाहिर मानिसमा सन् २००३ मा संयुक्त राज्य अमेरिकामा देखा परेको थियो भने सन् २००८ मा बेलायत र इजरायलमा क्रमस देखा परेको थियो। सिंगापुरमा यही महिना मेमा मंकी पोक्स देखा परेको त्यहाँको स्वस्थ मन्त्रालयले सार्वजनिक गरिसकेको छ। यो नै एसियामा देखिएको मंकी पोक्स भाइरसको पहिलो घटना हो। सिंगापुर तथा सो देशको छिमेकी देशहरुले यस भाइरसविरुद्ध विशेष सतर्कता अपनाइसकेका छन्। नेपालमा पनि यसको सम्भावित प्रवेशलाई ध्यानमा राखेर सुरक्षाका उपायहरु अपनाउन सुरु गरिसकेको छ। के नेपालमा मंकी पोक्स संक्रमणको जोखिममा देखिन्छ? यो एक प्रकारको भाइरस हो। यसलाई भूगोल र जिनको आधारमा दुई भागमा बाँडिएको छ। यी दुई फरक मंकी पोक्स एउटा पश्चिम अफ्रिकी र अर्को मध्यअफ्रिकी मुलुकमा पाइने गर्छ। मध्य अफ्रिकी मुलुकमा पाइने मंकी पोक्स भाइरस पश्चिम अफ्रिकी देशहरुमा पाइने मंकी पोक्स भाइरसभन्दा कडा र मृत्युदर पनि बढी हुने गरेको पाइएको छ। त्यस्तै मध्यअफ्रिकी मंकी पोक्स भाइरस मानिसबाट मानिसमा पनि पश्चिम अफ्रिकी मंकी पोक्स भाइरसभन्दा सजिलोसँग सरेको पाइएको छ। संक्रमण भएको सामान्यतय सातदेखि चौध दिनमा यसका लक्षणहरु देखा पर्ने गर्दछन्। उच्च ज्वरो, मांसपेसी दुख्नु, लिफ ग्रन्थी सुन्निनु र शरीरमा बिबिराहरु देखिनु यसका प्रमुख लक्षणहरु हुन्। बिबिराहरु ज्वरो आएको तीन दिनपछि देखिन सुरु हुन्छ। बिबिराहरुको फोकामा पानी जस्तो तरल पदार्थ देखिन्छ र पछि फुटेर पाप्रो भई झर्ने गर्दछ। संक्रमण झन्डै चार हप्तासम्म लम्बिने गर्छ।

यसको संक्रमण फैलाउन मद्दत गर्नेमा अफ्रिकामा विशेष गरेर मुसाहरु भएको देखाए तापनि विस्तृत अध्ययन भने भएको पाइँदैन। यो संक्रमित मानिस वा जनावरहरुबाट खुला छाला, श्वास(प्रश्वास (खोकेर) वा नाक, मुख, आखाबाट सर्न सक्छ। तसर्थ परिवारका अरु सदस्यहरु तथा स्वस्थकर्मीहरुले विशेष सतर्कता अपनाउनु पर्ने हुन्छ। हाल सिंगापुरमा देखिएको संक्रमण नाइजेरियाबाट आइपुगेको व्यक्तिमा देखा परेको हो। र त्यो व्यक्तिसँग हेलमेल भएका त्यहाँका बासिन्दाहरुलाई विशेष निगरानीमा राखी परीक्षणहरु गरिरहेका छन्। त्यहाँको सम्बन्धित निकायले द्रुत गतिमा अनुसन्धान थालेकोले पनि यो संक्रमण फैलिनबाट रोकेको देखिन्छ।

विगत केही वर्ष यता रोजगारीको अवसर खोज्दै नेपालीहरु अफ्रिकी मुलुक जाने क्रम तीव्र गतिमा बढेको छ। यसले सिंगापुरमा जस्तै मंकी पोक्सको भाइरस नेपालमा पनि आयात हुनसक्ने सम्भावनालाई बढाइदिएको छ। नेपालीबाट मात्र नभई सिंगापुरमा जस्तै स्वयं अफ्रिकी मुलुकका नागरिक नेपाल आउने क्रम बढ्दो रुपमा देखिएकोले भाइरस आउने सम्भावना थप प्रबल देखिएको छ। यो पंक्तिकारले आयातित संक्रमणहरुले सम्भावित जनस्वास्थमा पार्नसक्ने समस्याको बारेमा धेरै पटक बहसमा ल्याइसकेको छ। र विभिन्न संक्रमणमध्ये मंकी पोक्सको संक्रमण पनि अब थपिएको छ। महत्वपूर्ण कुरा त के भने, सर्वसाधारणले यसको बारेमा सुनेका पनि छैनन् र चिकित्सकको सम्पर्कमा मंकी पोक्सको बिरामी पुगे पनि त्यसको पहिचान र निदान गर्न उनीहरुलाई पनि गाह्रो भने हुनेछ।

यसर्थ मंकी पोक्स भाइरस सम्बधी जानकारी वा तालिम चिकित्सकहरुलाई समय समयमा दिनुपर्छ। यसको जिम्मेवारी सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सिडिसी) संस्थाले लिनसक्छ। हाल यस्तो संस्था नेपालमा अस्तित्वमा नरहे तापनि आवश्यकता भने देखिसकेको छ। हाल सिंगापुरमा सीमित भएको जस्तो देखिएको मंकी पोक्स भाइरस नेपाल लगायत अरु एसियाली राष्ट्रहरुमा नफैलिएला भन्न सकिँदैन। सिंगापुर एसियाको आर्थिक रुपमा सम्पन्न देशमध्येमा पर्ने भएकोले मंकी पोक्स भाइरस छिट्टै पहिचान गरेको हुनसक्छ। तर नेपालमा प्रवेश गरे सिंगापुरले जस्तो सहजै यो भाइरस पहिचान गर्न विभिन्न कारणले गर्दा चुनौती हुनसक्छ। चिकित्सकहरुलाई मंकी पोक्स भाइरसको बारेमा जानकारी तथा तालिमहरु दिन सके सो भाइरसलाई रोक्न वा समयमा नै पहिचान गरी नियन्त्रणमा ल्याउन धेरै सहज हुने थियो।

(डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्)

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)

सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),

कार्यकारी सम्पादक : पिएमणि भट्टराई

कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल

प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर

काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं

फोन: ०१-४२६७०६४

इमेल :nayabimarsha@gmail.com,

मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

सम्पादकीय

राष्ट्रिय जागरणमा बिपीको सपना

लोकतन्त्र, राष्ट्रियता र जनजीविकाका लागि सदैव खबरदारी गरिरहनुपर्ने नेपाली काङ्ग्रेस प्रतिपक्षमा छ । प्रतिपक्षमा भएपछि सत्ता व्यवस्थापनको झ्याउलोबाट फुर्सदमा हुने नै भयो । तर फुर्सद भए पनि आन्तरिक सङ्गठनका निम्ति समय व्यवस्थापन गर्न काङ्ग्रेस चुकेको देखिन्छ । आन्तरिक विवाद र दबाब थाँति राखेर काङ्ग्रेसले हालै राष्ट्रिय जनजागरण अभियानको पहिलो चरण सम्पन्न गऱ्यो । तर जनजागरण र खबरदारीको सवालमा अपेक्षित, प्रभावकारी प्रस्तुति र काम हुन नसकेको भन्ने शुभेच्छुकहरुको गुनासो व्यवस्थापन गर्नु अबको काङ्ग्रेसका लागि पहिलो सर्त बनेको छ । जनजागरणका बाँकी दिनहरु अपेक्षित बनुन् ।

समय सधैं एकनास रहिरहँदैन । राज्यको मूलधारमा एक समय हाली-मुहाली गरेको नेपाल प्रजा परिषद्जस्तो राजनीतिक पार्टी कालान्तरमा हराएर जान्छ । परिवर्तन सृष्टिको नियम हो । सोही नियमअनुसार आफूलाई अद्यावधिक र अनुकुलन गराउन नसक्ने डाइनोसरजस्तो भीमकाय जनावर मासिएर गयो । तसर्थ हामीले अङ्गीकार गर्दै आएको सिद्धान्त र व्यवहारमा पनि समयानुकूल नवीनताको खोजी भइरहन्छ । जो समीचिन हुन्छ त्यो टिक्छ, जो हुँदैन वा हुन चाहँदैन त्यो इतिहास र सम्झनामा सीमित हुन्छ ।

नेपाली काङ्ग्रेसमा यतिबेला जति पनि गुट-उपगुटको लेभल लागेका र आफूलाई स्वतन्त्र भन्न रूचाउनेहरु छन्, ती सबैलाई एकतामा बाँध्ने एउटै सूत्र हो- लोकतन्त्रप्रतिको निरन्तर समर्पण र बिपीको सपना । उनीहरु हरेकले आफूलाई नेपाली काङ्ग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइराला (बिपी-सान्दाजु) को सपना राम्ररी बुझेको अर्थात् बिपीको सच्चा अनुयायी आफू भएको रुपमा प्रस्तुत गर्ने गर्छन् । यस्तो पृष्ठभूमिमा मुलुकको सबैभन्दा जेठो राजनीतिक पार्टीको नेतामुखी होइन नीतिमुखी हुनुपर्ने शुभेच्छुकहरुको अपेक्षा अस्वाभाविक होइन ।

तर विपीका सपनाहरुको चर्चाले जनजागरणका बेला खासै महत्त्व पाएन । एकप्रकारले नेतृत्वको मन र भावनाबाट ओझेलमा परेको देखियो बिपीको कालजयी सपना । यथार्थमा बिपीको सपना भनिएको पदावलीको अन्तर्य के हो ? बिपीले जीवनभर केका लागि लड्नुभयो ? के थियो, उहाँको राजनीतिक विचार ? के बिपीले ७० वर्षअघिको सेरोफेरोमा देखेको सपना अझै समकालीन महत्त्वको छ ? कि यसमा अद्यावधिक सुधार गर्नुपर्ने आवश्यकता छ ? यी निकै विचारणीय जिज्ञासा हुन् । तर, सम्पन्न जनजागरण अभियानमा यसमा पर्याप्त बहस हुन पाएन । राणा र पञ्चायतको निरङ्कुशताविरूद्ध राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र समाजवाद गरी पार्टीको झन्डामा चार तारा सङ्गठित गर्दैगर्दा बिपीको सपना थियो, एउटा छाप्रो, एउटा दूध दिने गाई र खान पुग्ने जमिन । तर, अहिले गाउँ सहरमा, झाप्रो फ्ल्याट वा पक्की घरमा रुपान्तर भइसक्यो । खेतीयोग्य जमिन कङ्क्रिटको जङ्गल भइसक्यो । त्यसैले समयअनुसार बिपीको सपनाको पुनःव्याख्या जरूरी थियो, तर काङ्ग्रेस जनजागरमा त्यतातिर खासै रूचि गएको पाइएन ।

संसदीय व्यवस्था बिपीको राजनीतिक सपना थियो । तर, के आफ्नै बहुमतको सरकारको नीति तथा कार्यक्रममा भोट नहालेर आफ्नै पार्टीका सभासदले सरकार ढाल्ने संसदीय व्यवस्था बिपीले कल्पना गरेका थिए ? काङ्ग्रेसभित्र यसको समीक्षा र आत्मआलोचना हुन पनि बाँकी नै छ । बिपीले भनेका थिए, जब जनताले अन्याय र शोषणविरूद्ध आन्दोलन गर्छन्, त्यस्तो आन्दोलनको सफल समाप्तिपछि केही सुकिला-मुकिलाले राज्यका विभिन्न पद हत्याउने छन् । र, जनताले फेरि त्यस्ताविरूद्ध क्रान्ति गर्नुपर्छ । बिपीको यो सपना भने अझ पनि समकालीन भए जस्तो लाग्छ ।

बिपीको खास सपना भनेको राजासहितको संसदीय बहुदलीय प्रजातान्त्रिक व्यवस्था तथा समाजवाद हो । तर, समय अन्तरमा राजा छैनन्, जुन पृष्ठभूमिमा वर्तमान काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले बिपीको सपना साकार पार्ने भन्दै गरेको प्रण त्यति समकालीन छैन । सारमा, ओठमा मुस्कान भएका समृद्ध जनता बिपीको सपना थियो । त्यसैले अबको काङ्ग्रेस नेतृत्व र जनजागरणको अभीष्ट पनि जननेता बिपीको त्यही सपना लक्षित हुनुपर्छ ।

लोभलालचमा धर्म परिवर्तन गर्न पाइँदैन

कृष्णप्रसाद सिटौला, नेता- नेपाली काँग्रेस

नेपाली काँग्रेसका नेता तथा तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई दरबारबाट बिदा गर्न नारायणहिटी दरबारमै पुगेका त्योबेलाका गृहमन्त्री कृष्णप्रसाद सिटौलाले वर्तमान सरकारले पूर्वराजालाई दिएको 'बढी सुविधा'प्रति आपत्ति जनाएका छन् । पूर्वगृहमन्त्री सिटौलाले नेपाली सेना र प्रहरीका उच्च अधिकारीहरुमा पूर्वराजा बसेको ठाउँमा गएर सलामी गर्ने प्रवृतिप्रति अशन्तुष्टि जनाउँदै सरकारले नै पूर्वराजालाई बढी सुविधा दिएको बताएका छन् । पूर्वराष्ट्रप्रमुखलाई दिइने सुरक्षा पनि रामवरण यादवलाई भन्दा बढी ज्ञानेन्द्रलाई दिइएकोमा सिटौलाको असन्तुष्टि छ । गणतन्त्र दिवसका अवसरमा सिटौलाले सरकारका क्रियाकलापका कारण गणतन्त्रप्रति जनताको निराशा बढेको र राष्ट्रपतिलाई पनि सरकारले नै बढी सुविधा दिन खोज्दा संस्था नै विवादमा परेको बताए । राष्ट्रपति आफैंलाई कुनै अधिकार नभएकाले उनलाई विवादमा पार्न नहुने सिटौलाको भनाइ छ । काँग्रेसका शीर्षनेता सिटौलाले प्रधानमन्त्री केपी ओलीले काम गर्न नसक्दा विपक्षी दलका नेता शेरबहादुर देउवाको भूमिका पनि कमजोर देखिएको विश्लेषण सुनाए । पछिल्लोपटक संसद बाहिरै रहेका सिटौला सरकार र आफ्नै पार्टी नेपाली काँग्रेसको भूमिकाप्रति पनि सन्तुष्ट छैनन् । उनले कम्युनिस्ट सरकारप्रति जनताको असन्तुष्टिले काँग्रेसलाई फाइदा नहुने समेत प्रष्ट पारे ।

गृहजिल्ला झापाको चन्द्रगढीबाट बुधवार अपरान्ह काठमाडौं उत्रिएका सिटौला गणतन्त्र दिवसको सन्दर्भमा कुरा गर्न विमानस्थलबाट सिधै अनलाइनखबरको स्टुडियोमा आइपुगे । उनले गणतन्त्र स्थापना, तत्कालीन राजा ज्ञानेन्द्रलाई दरबारबारबाट निकाल्दाका क्षणदेखि पछिल्लो समय विप्लव नेतृत्वको नेकपाका हिंसात्मक गतिविधिमाथि समेत आफ्ना धारणा सुनाए । वर्तमान गृहमन्त्री रामबहादुर थापा बादलले विप्लव समूहमा ४ कम्पनी सेनाहरु देखेको तर विप्लवलाई नदेखेको भन्दै सिटौलाले व्यंग्य गरे ।

० गणतन्त्र दिवसका बारेमा असन्तुष्टि आइरहँदा तपाईंमा १२ वर्षअघिको उत्साह अझै पनि बाँकी छ कि मर्दै गयो ?

अहिलेको परिवर्तन भनेको लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व र शासन व्यवस्था संसदीय व्यवस्था तथा बहुलवादमा आधारित छ । अहिलेको संविधानको मूल विशेषता यो हो । यसको माध्यमबाट देशको स्वाधीनताको रक्षा गर्न सकिन्छ । जनतालाई सर्वोच्च स्थानमा राख्न सकिन्छ भन्ने हाम्रो मान्यता हो । यो व्यवस्थाप्रति जनताको अशन्तुष्टि छैन । तर, यो व्यवस्थाका सञ्चालकहरुप्रति भने जनताको असन्तुष्टि छ । तीन तहका सरकारले जनतालाई खास गरी आर्थिक उपलब्धी उल्लेख्य ढंगले नसकेका कारण जनताको गुनासो राज्य सञ्चालकप्रति छ । यथार्थ कुरा पनि हो । यो गुनासो यो व्यवस्था नचाहने, परिवर्तन नचाहनेका लागि मलिलो माटो बन्ने सम्भावना छ । यसैमा टेकेर उनीहरुले यो व्यवस्थामाथि नै प्रहार गर्न खोजेको पाइन्छ । तर, जनता व्यवस्था विरुद्ध छैनन् ।

० यो व्यवस्थाप्रति प्रहारचाहिं कसले गर्ने भयो त ? तपाईंलाई मै सघाउँछु, हिजो अस्तिमात्रै काठमाडौंमा बम विष्फोटनमा विप्लवकै कार्यकर्ता मरे, पूर्वराजा पनि देश दौडाहामा छन् उनीहरुतिर संकेत गर्न खोज्नुभएको हो ?

मलाई लागेको कुरा के भने, शान्ति प्रक्रियामा प्रचण्डजीसँगै नेत्रविक्रम चन्द (विप्लव) जी पनि आउनुभएको हो । उहाँ यो प्रक्रिया र व्यवस्थालाई छाडेर उग्रवादी व्यवस्थातिर जानुभयो । संक्षेपमा बुझ्ने गरी भन्नुपर्दा जंगलतिर जानुभयो, यो दुःखद परिस्थिति हो । उहाँले जानु हुँदैन थियो । यो व्यवस्थाभित्रबाटै, संविधानभित्रबाटै आफ्ना एजेण्डालाई सम्बोधन गराउनुपर्छ । यो व्यवस्थाको मूल चरित्रलाई नोक्सान नहुने गरी उहाँका एजेण्डालाई अधिकतम सम्बोधन गराउनुपर्थ्यो । दोस्रो, उतापट्टी पूर्वराजा ज्ञानेन्द्रले पनि देशदौडाहा गरेको पाइन्छ । खास गरी मन्दिरहरुमा गएको पाइन्छ । मलाई के लाग्छ भने पूर्वराजा ज्ञानेन्द्रलाई पनि राजतन्त्र फेरि आइदिए हुन्थ्यो भन्ने मनमा होला । विप्लवलाई पनि मैले नै भनेको बाटोमा देश लैजान पाए हुन्थ्यो भन्ने लागेको होला । यी दुईटै उग्रवादी धार विकास हुन खोजेका छन्, यसले समाज र राष्ट्रलाई हित गर्दैन । त्यसैले उहाँहरुले यो उग्रवादी धारचाहिँ छाड्नैपर्छ ।

० तपाईंले पूर्वराजा ज्ञानेन्द्र शाहलाई गणतन्त्र स्थापना लगत्तै नारायणहिटीमा गएर भेट्दाको प्रतिक्रिया र अहिलेका उनका गतिविधिमा तुलना गर्दा मेल खान्छन् कि खाँदैनन् ?

गणतन्त्रको सन्देश त उहाँले जेठ १५ गते संविधानसभाले घोषणा गरेपछि पाइसक्नुभएको थियो । तर, उहाँले नारायणहिटी दरबारका सामानहरु बरबुझारथ नेपाल सरकारलाई गर्नुपर्थ्यो, पाँचरछ दिनसम्म नगरेपछि र सरकारले बनाएको कमिटीले नसकेपछि म आफैं प्रधानमन्त्री गिरिजाबाबुसँग सल्लाह गरेर गएको हुँ । त्योबेला उहाँसँग लामै गफ भयो । उहाँले संविधानसभाको निर्णयलाई हृदयदेखि नै आत्मसाथ गर्नुभएको हो । त्यसपछि मैले बाहिर आएर प्रेसमार्फत उहाँलाई धन्यवाद पनि दिएको हो । त्यसबेला गणतन्त्रको प्रस्ताव पनि मैले नै टेबुल गरेको हो । गणतन्त्रपछि पनि उहाँलाई दरबार छाडेर बाहिर निस्कन केही कठिनाइ छ कि छैन भनेर बुझ्नलाई म दरबारमा गएको हुँ । उहाँका केही सामान्य 'डिमान्ड' थिए । ती हामीले पूरा पनि गरेपछि उहाँ बाहिर जानुभएको हो । त्यसकारण मलाई के लाग्छ भने, नेपालको गणतन्त्रको उदय बडो शान्तिपूर्ण ढंगले भएको छ । यसमा कसैको विमति छैन ।

० तर, शान्तिपूर्णमात्र होइन धोकापूर्ण ढंगले पनि भयो र वैशाख ११ को संसद पुनर्स्थापनाका बेलाको सम्झौताविपरीत गणतन्त्रमा गइयो भन्ने पनि उहाँका मान्छेले भनिरहेको सुनिन्छ नि ? यो परिप्रेक्ष्यमा उहाँको अन्तर कुन्तरमा रहेका असन्तुष्टि अहिले वेश वैडाहामार्फत पोखिएका हुन् कि ?

उहाँले त्यस्तो कुनै असन्तुष्टि व्यक्त गर्नुभएको छैन । बरु यस्तो तर्क गर्नेहरुले के बुझ्न जरुरी छ भने जब संसद पुनर्बहाली भयो, पहिलो बैठकमै हामीले राजाको कुर्सी, फोटो हटाएरै गणतन्त्रको अभ्यास गरेका थियौं । त्यसको अढाई वर्षपछि पो निर्णय भएको हो । राजाको सम्पत्ति राष्ट्रियकरण गरेर सरकारका नाममा ल्याउने काम त्यहीबीचमा भयो । गणतन्त्रको अभ्यास लामो गरेर मात्र औपचारिक निर्णय भएको हो । लामो प्रक्रियाबाट गणतन्त्र आएकाले धोका दिइयो भन्ने कुरै होइन । लामो संस्थागत अभ्यासपछि हामीले गणतन्त्र घोषणा गरेका हौं । जब तत्कालीन राजाले दरबारबाट बाहिर जानुपर्ने परिस्थिति भयो, तत्कालीन क्याबिनेटको प्रतिनिधिको हैसियतले म आफैं गएर उहाँलाई सबै कुरा भनेको छु नि त । त्यसकारण मलाई चाहिँ के लाग्छ भने कुनै धोकाधडीको कुरा होइन । यो समयको माग हो । जनताको चाहना हो । यसलाई उल्ट्याउनु खोज्नु र सोच्नु पनि हुँदैन अब ।

० गणतन्त्रलाई विप्लव र पूर्वराजा ज्ञानेन्द्रमध्ये कोबाट बढी खतरा देख्नुहुन्छ ?

राजतन्त्र नेपालमा फर्किँदैन अब । धेरै म टिप्पणी गर्ने चाहान्न । कसैले राजतन्त्र फर्काउछु भन्छ भने त्यो उसको मूर्खतापूर्ण सोचाइ हो । गणतन्त्र संस्थागत भयो । अब यो हट्दैन । तर, के छ भने, यो व्यवस्थाप्रतिका असन्तुष्ट पक्षधरहरुले सानोतिनो घटना गराउन सक्छन् ।

० तर, पूर्वराजाका सवारीहरु त हेरिरहनुभएको छ नि, राजकीय शैली नै देखिन्छ । एसपी सीडीओहरु लाइन लागेर दर्शन गर्न पुगेका हुन्छन्, यसले उनी सामान्य शक्तिमात्रै हुन् भन्न मिल्छ र ?

त्यो त सरकारले जानोस । प्रधामन्त्रीले जान्ने कुरा हो । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टीले जान्ने कुरा हो । के कारण छ पूर्वराष्ट्रप्रमुखलाई त्यति बढी सुविधा दिनुपर्ने ? रामवरणजी पनि त पूर्वराष्ट्रध्यक्ष नै हुनुहुन्छ । उहाँको भन्दा बढी सुविधा पूर्वराजा ज्ञानेन्द्रलाई दिनुको कारण मैले त कुनै देखेको छैन । यो कुराको जवाफ त प्रतिपक्षले दिने होइन होला । सेनाका मान्छे दोहोरी ताँती लागेर किन सलामी गर्न जान्छन् ? सुरक्षा त दिनुपर्छ । तर, कुन स्तरको सुरक्षा दिने भन्ने सरकारले जान्ने हो ।

० हिजोका अनुभवहरु हेर्दा पूर्वराजा र विप्लव समूहबीच कुनै विन्दूमा सहकार्य हुनसक्ला ?

त्यस्तो आरोप त नलगाउँ । तर, यो अवस्थाबाट अस्थिरता बढ्नै जाने हो भने त अर्को तानाशाहकै उदय हुने हो नि त । अर्को प्रकारको तानाशाह उदय हुने हो । यसमा चाहिँ हामी गम्भीर हुनुपर्छ । हामी अहिलेको स्थायित्व कायम हुनुपर्छ भन्छौं । हामी अस्थिरता र हिंसाको पक्षमा छैनौं । किनकि अहिले त संविधान बहिस्कार गरेर हिँडेका शक्ति पनि यहींभित्र आइसके । उनीहरु कतिपय त सरकारमै सामेल छन् । अहिले त बडो नयाँ परिदृश्य पनि भइरहेको छ । शान्ति प्रक्रियादेखि संविधान निर्माणसम्म आएको एमाले पनि छैन, माओवादी पनि छैन । दुईटै पार्टी एक ठाउँमा बसेका छन् । हिजोका एमालेका नेता ओलीजी पनि भेटिनुहुन्न । हिजोको विद्रोही नेता प्रचण्डजी पनि भेटिनुहुन्न । हिजोको मधेस आन्दोलनको फोरम पार्टी पनि देखिन्न । अझ संघीय समाजवादीको नेता त बाबुराम भट्टराई हुनुभएको छ । बाबुरामजी संविधान बनाउने बेला विवाद समाधान समितिमा हुनुहुन्थ्यो, उपेन्द्रजी बहिस्कार गरेर जानुभएको थियो । राजपा पनि बहिस्कार गरेर हिँडेका थिए । निर्वाचनका बेलामा पुग्दा बडो अनौठो भयो । राजविराजमा एमालेलाई छिर्न दिन्नौं मधेसमा भनेर त्यत्रो मान्छेसमेत मारिए । पछि निर्वाचनमा पुग्दा हृदयेश त्रिपाठीजी सूर्य चिन्हबाट चुनाव लड्नुभयो । राजेन्द्र महतोजीलाई बाम गठबन्धनले जिताएर संसदमा ल्याए । यस्ता अनौठा परिदृश्य नेपालको राजनीतिमा देखिइसके ।

जे भए पनि मलाई खुसी चाहिँ के छ भने, संविधान निर्माणका बेला बाहिर रहेका सबै राजनीतिक शक्ति आज यसको साथमा रहेका छन् । दुःखचाहिँ एउटा विन्दूमा छ, त्यो के भने कमल थापा र पशुपति शमसेरको पार्टीका बारेमा हिजो उहाँहरुले संविधान निर्माणका बेलामा सहयोग गरेको हो नि । आज फेरि राजा नभई हुँदैन भनेर किन भन्न थाल्नुभएको उहाँहरुले ? नहुने बाटोमा किन हिँड्नु भएको ?

० हिन्दूत्वको पनि कुरा छ नि उहाँहरुको त ?

अरु कुरामा म भन्न चाहान्न । तर, राजतन्त्र त आउँदैन क्या अब नेपालमा । अरु कुरा त संविधानले अपरिवर्तनीय भनेको छैन । दुई तिहाईले कतिपय अन्तरवस्तु संशोधन गर्न सकिन्छ नि त । समयको मागलाई सम्बोधन गर्न सक्छ संविधानले । गणतन्त्र हाम्रो मूल चरित्र हो, यो चाहिँ संशोधन हुँदैन ।

० त्यसोभए धर्म निरपेक्ष चाहिँ संशोधन हुनसक्छ होइन त ?

पख्नुस् त, म त्यता गएको छैन । जनताले चाहे भने धेरै कुरा परिवर्तन हुन सक्छन् । तर, जनता प्रतिगमन चाहँदैनन् । तर, तपाईंमाथि दोहोरो आरोप छ, एकातिर धर्म निरपेक्ष लेखाउने तपाई हो, अर्कोतिर संविधानमा धार्मिक स्वतन्त्रता भन्ने शब्द राखेर धर्म निरपेक्षको मर्म मारेको पनि तपाईले नै हो भन्छन्, तपाईको नियतचाहिँ के हो ? यसमा धेरै कुरा टिप्पणी नगरिकन के भन्छु भने संसद पुनर्स्थापना भएपछि जेठ ४ गतेको घोषणामा यो कुरा छ । अन्तरिम संविधानमा छ । पहिलो संविधानसभाका बिभिन्न समितिले गरेका निर्णयमा यो शब्द छ । चौथो कुरा अहिलेको संविधानमा धर्म निरपेक्ष हुनेछ भन्ने तर धर्मलाई निषेध गर्ने होइन । सनातनदेखि चली आएको धर्म संस्कृतिको संरक्षण गर्नुपर्छ, हिन्दूहरुको प्रतीकका रुपमा राष्ट्रिय जनावरमा गाई छ, त्यसलाई राष्ट्रिय संरक्षण दिनुपर्छ । र, लोभलालचमा धर्म परिवर्तन गर्न पाइँदैन भनेर संविधानमा उल्लेख गरिएको व्यवस्था पनि छ ।

० नेपाली काँग्रेसमै पनि पदाधिकारी तहबाटै हिन्दूत्वको बारेमा बहस हुने गरेको छ, खुमबहादुर खड्काको नेतृत्वमा अभियान नै चलेको थियो, आज उहाँ नभए पनि एजेण्डा त काँग्रेसमा जिवितै छ नि ?

त्यसबारेमा म यहाँ डिबेट गर्दिनँ, समय छोटो छ । तर, यसबारेमा अत्यन्त ठूलो डिबेटमा भाग लिनचाहिँ म सक्छु । के उपयुक्त हो वा होइन भन्नेबारेमा ।

० ठीक छ हामी यसमा बहस नगरौं, तपाईंहरुमाथि सरकारलाई अप्ठेरो पार्ने र असहयोग गर्ने नाममा विप्लवलाई समर्थन गरेको आरोप पनि लागेको छ नि ? प्रवक्ताको वक्तव्य हेर्दा र विप्लवलाई प्रतिबन्ध लगाउनु गलत हो भन्नुले त्यो आरोपमा दम छैन र ?

म मेरै कुरा भनूँ ल ? म कसैको विज्ञप्तिको बारेमा बोल्दिनँ, मेरै कुरा गर्छु । एक जना नेपाल कम्युनिस्ट पार्टीका नेताकै भाषण आयो, विप्लवले पार्टीका शीर्ष नेता (ओली र प्रचण्ड) लाई वारेन्ट जारी गरे भनेर । किन भन्नुपरेको यो ? विप्लबलाई यो कुरा प्रचार गर्न कति वर्ष लाग्थ्यो होला ? उहाँले गरिदिनुभयो सजिलै ।

० प्रधानमन्त्रीलाई र सत्तारुढ पार्टीको अध्यक्ष प्रचण्डजीलाई वारेन्ट जारी गर्न सक्छ विप्लवले भने सर्वसाधारणलाई के गर्न सक्छ भनेर कत्रो आतंक हुन्छ ? यस्तो मूर्खतापूर्ण प्रचार किन गरेको ?

अहिलेका गृहमन्त्रीलाई पनि मेरो भन्नुछ । विप्लवले प्लाटुन (कम्पनी) खोले भनेर किन प्रचारको साधन आफैं बन्नुपरेको ? मैले बुझिराखेको छैन यो कुरा । विप्लबले प्लाटुन खोलेको जानकारी छ भने विप्लब कहाँ छन् भन्ने पनि त थाहा होला नि उहाँलाई ? कुराकानी गरेर सुल्झाए भो नि त । मलाई अचम्म लागिरहेको छ, के गर्न खोजेको हो ? सरकार आफैं किन प्रचारमा जुटेको । सरकारले समाधान गरोस, हामी समाधान चाहान्छौं । विप्लवलाई पनि म प्रष्ट भन्न चाहान्छु हिंसा छाड्नुस । हिंसा कुनै हालतमा नेपाली समाजले स्वीकार गर्न सक्दैन । तपाई शान्तिपूर्ण राजनीतिमा आफ्नो स्पेस खोज्नुस् । जहाँसम्म काँग्रेसको कुरा छ(कुनै पनि उग्रवादी गतिविधिसँग काँग्रेस सहमत हुँदैन । विप्लवलाई सहयोग गर्ने कुरै हुन्न । हिंसात्मक गतिविधिलाई काँग्रेस भर्त्सना गर्छ । यस्तो नहोस भनेर हामी आह्वान गर्छौं ।

० सरकारले उसका गतिविधिमाथि लगाएको प्रतिवन्धलाई चाहिँ के भन्नुहुन्छ त ?

खोइ के प्रतिबन्ध भन्ने ? प्रतिवन्धसम्बन्धी कुनै कानुन ल्याएको पनि पाएको छैन । मुखले बोलेर मात्रै त प्रतिबन्ध हुँदैन होला नि त ।

० तपाईंले अघि सरकार सञ्चालकहरुका कारण गणतन्त्रप्रति जनताको निराशा बढ्यो भन्नुभयो । तर, सत्तापक्षले

(बाँकी ६ पृष्ठमा)

बैंकले कस्तो कर्मचारी मन पराउँछ र अन्तर्वार्तामा के-के सोधिन्छ ?

बैंकमा जागीर खान चाहानुहुन्छ भने तपाईंले आफूलाई सोही अनुसार तयार राख्नुपर्ने हुन्छ । किनकि, तपाईंसँगै सोही जागीरका लागि अन्य थुप्रै ले एप्लाई गरेका हुन्छन् । कयौंमध्येबाट छनौट गरेर तपाईंलाई नै किन राख्ने त ? यसका लागि तपाईंसँग अरुमा नभएको र बैंकलाई काम लाग्ने सीप, क्षमता वा योग्यता हुनुपर्छ । यसका अलावा तपाईंले जागीरका लागि दिने अन्तर्वार्ताले पनि रोजगारदाताको दिमागमा एउटा छाप छोड्नुपर्यो । जागीरका लागि परीक्षा दिन तयार भएजस्तै अन्तर्वार्ता दिँदा पनि तयारी गर्नु जरुरी हुन्छ । अन्तर्वार्ता दिन जाँदा तपाईंसँग सम्बन्धित विषयमा कति ज्ञान छ भनेर त हेरिन्छ नै तपाईंको बसाई, हाउभाउ, फेसियल एक्सप्रेसन लगायतलाई पनि उत्तिकै ख्याल गरिन्छ । यीनै आधारमा तपाईंलाई अन्तर्वार्ता लिने व्यक्तिले नम्बर दिँदै जान्छ । त्यसैले, अन्तर्वार्तामा जानुअघि र गइसकेपछि यी कुराहरुमा अवश्य ख्याल गर्नुहोस् ।

व्यक्तिगत विवरण

अन्तर्वार्ताका लागि तपाईं बस्नेवित्तीकै तपाईंको व्यक्तिगत विवरणको बारेमा सोधिन्छ । यसअन्तर्गत तपाईंले आफू, आफ्नो परिवार, शिक्षा लगायतको बारेमा जानकारी दिनुपर्ने हुन्छ । यी कुराको जानकारी दिँदा आफ्नो र परिवारको जानकारी एकदमै छोटोमा दिनुहोस् र अध्ययनका क्रममा आफूले हासिल गरेका उपाधिहरु तथा सफलताहरुलाई बढी समय दिएर बयान गर्नुहोस् । आफ्नो यस्तो सफलतालाई बयान गर्नुहोस्, जुन तपाईंले काम गर्न लागेको कम्पनीको लागि काम लाग्ने होओस् ।

बायोडाटा

त्यसपछि तपाईंको बायोडाटा हेरिन्छ । तपाईंले जागीरका लागि आवेदन फारम भर्दा दिनुभएको विवरणले ठूलो महत्व राख्छ । बायोडाटामा तपाईंले समावेश गर्नुभएको विवरणमाथि थुप्रै प्रश्न गरिन्छ । त्यसैले, जागीरका लागि आवेदन फारम भर्दा ध्यान दिने गर्नुहोस् । फारममा आफूले दिएको विवरण ख्याल गर्नुहोस्, ताकि अन्तर्वार्ताको समयमा सोधिँदा सही जवाफ दिन सक्नुहोस् । फारम भएको विवरण र अन्तर्वार्तामा दिनुभएको विवरण मेल खाएन भने तपाईं समस्यामा पर्नुहुनेछ ।

बैंकिङ ज्ञान

बैंकमा जागीर खान जाँदै हुनुहुन्छ, तर तपाईंलाई कर्जा, निक्षेप, बचत जस्ता सामान्य कुराहरुको बारेमा जानकारी छैन भने बैंकमा जागीर खाने सपना त्यागे हुन्छ । किनकि, तपाईंको व्यक्तिगत विवरण जानेपछि अन्तर्वार्ता लिने व्यक्तिले तपाईंसग बैंकबारे कत्तिको जानकारी छ भने परीक्षण गर्छ । बैंकमा प्राय प्रयोग भइरहने बैंकसम्बन्धी शब्दावलीहरु र तीनको अर्थ जान्नुहोस् । झन्डै सय डेढ सयको संख्यामा यस्ता शब्दावलीहरु हुन्छन् । सबै याद गर्नुहोस्, ताकि जवाफ दिँदा अल्मलिनु नपरोस । यसका लागि इन्टरनेट अथवा बैंकसम्बन्धी कुनै पुस्तकको सहारा लिनुहोस् ।

पछिल्ला खबरहरु

जुनसुकै क्षेत्रमा काम गर्न जाँदा पनि सो क्षेत्रबारे भइरहेका गतिविधिहरु थाहा भइरहनु जरुरी हुन्छ । यो विषयमा अन्तर्वार्ता लिने व्यक्तिले प्रश्न सोध्न सक्छ । हाल चलिरहेको ब्याजदर कति छ रु हाल राष्ट्र बैंकका गभर्नर को छन् रु यस्ता प्रश्नको जवाफका लागि पत्रपत्रिका पढ्ने गर्नुहोस् । हरेक दिन पढ्ने गर्नुहोस् । आर्थिक तथा वित्तीय क्षेत्रको मात्रै हैन राष्ट्रिय स्तरका हरेक गतिविधिको बारेमा जानकार रहनुहोस् । आफ्नो सामान्य ज्ञानलाई बढाउनुहोस् ।

रोजगारदाताको बारेमा जानकारी

अब तपाईंले आफूले जागीर खाने वित्तीय संस्थाको बारेमा कतिको जानकारी हासिल गर्नुभएको छ त भनेर परीक्षण गरिन्छ । यसका लागि तपाईं उक्त संस्थाको इतिहास, कार्यक्रमहरु, अवार्ड तथा सम्मानहरु, मिसन तथा भिजन, अध्यक्ष तथा सीईओ लगायतका विषयमा अध्ययन गर्नुहोस् तर । उक्त बैंकको कर्जा प्रवाहसम्बन्धी के व्यवस्था छ ? कति प्रकारका कर्जा उपलब्ध गराउँछ ? कति किसिमका बचत खाताहरु छन् ? बैंकको वित्तीय अवस्था कस्तो छ ? लगायतका विषयमा जानकारी लिनुहोस् । यसका लागि तपाईंले बैंकको अफिसियल वेभसाइटमा गएर विस्तृत रुपमा भिजिट गर्न सक्नुहुन्छ । यसले तपाईंले बैंकमा जागीर खान कत्तिको इच्छुक हुनुहुन्छ भन्ने कुरा देखाउँछ ।

आफ्नो बारेमा जानकारी

अब आउँछ, मूख्य प्रश्न, जहाँ तपाईंले सकेसम्म धेरै बोल्नुपर्छ । यसअन्तर्गत तपाईंको सबल तथा दुर्बल पक्ष, हालसम्मै सबैभन्दा ठूलो उपलब्धी र तपाईं उक्त बैंकको लागि कसरी सही हुनुहुन्छ जस्ता प्रश्नहरु राखिन्छन् । यो विषयमा तयारी गर्नुभएको छैन भने तपाईं समस्यामा पर्नुहुनेछ । किनकि, यहाँ तपाईंले कसरी जवाफ दिँदै हुनुहुन्छ र रोजगारदातालाई कसरी कन्भिन्स गर्नुहुन्छ भन्ने कुरा आउँछ । यस्ता प्रश्नको जवाफ दिँदै सोझै मेरा सबल पक्ष यी हुन् र दुर्बल पक्ष यी हुन् नभन्नुहोस् । आफूले एप्लाई गरेको पदका लागि संस्थाको मागेको योग्यताहरु केके छन्, ती मध्ये तपाईंसँग कुन चाहिँ पक्ष सबैभन्दा सबल छ र किन रु अनि तपाईंको अलि कमजोर पक्ष के छ र किन रु यो शैलीमा जवाफ दिनुहोस् । उक्त पदका लागि आफू फिट छु भनेर रोजगारदातालाई विश्वास दिलाउने अवसर हो यो ।

बैंकमै जागीर किन ?

अन्तिम तर उत्तिकै महत्वपूर्ण प्रश्न हो, तपाईंले बैंकिङ जागीर नै किन रोज्नुभयो ? अथवा यही बैंक किन रोज्नुभयो ? अथवा, यही पद नै किन रोज्नुभयो ? यी सबै प्रश्नको जवाफ तयार पारेर मात्रै अन्तर्वार्ता कक्षमा प्रवेश गर्नुहोस् ।

बैंकले मन पराउने कर्मचारी कस्ता ?

सामान्य अर्थमा रुपैयाँ, पैसा तथा साख सम्बन्धी कारोबार गर्ने कानुनद्धारा मान्यता प्राप्त वित्तीय संस्थालाई बैंक भनिन्छ । बैंकले सर्वसाधारणबाट निक्षेप स्विकार गर्दछ र सर्वसाधारणको माग अनुरुप भुक्तानी गर्नुको साथै उनीहरुको माग अनुसार कर्जा प्रवाह गर्दछ । सर्वसाधारणको बचत सुरक्षित राखिदिनुका साथै बैंकले किसान, व्यापारी, उद्यमी एवं सर्वसाधारणलाई कर्जा उपलब्ध गराउँछ । त्यसैले बैंक जनताको एउटा विश्वासिलो र भरपर्दो संस्थाको रुपमा परिचित छ । बैंक यस्तो संस्था हो जसलाई सीसाको घर पनि भनिन्छ । जहाँ जोखिमको मात्रा बढी हुने गर्दछ । त्यसकारण बैंक तथा वित्तीय संस्थामा काम गर्ने कर्मचारीहरु इमान्दार र नैतिकवान हुनुपर्छ । इमान्दार र नैतिकवान् मात्र होइन योग्य तथा दक्ष जनशक्तिलाई छनोट गर्नु पर्दछ । बैंक तथा वित्तीय संस्थामा सर्वसाधारणहरुको लगानी तथा निक्षेप बढी हुने भएकाले वित्तीय संस्थाले सामाजिक उत्तरदायित्वलाई विशेष ध्यान पुर्याउनु पर्दछ । साथै, वित्तीय संस्थाका कर्मचारीमा विश्वसनियता हुनु जरुरी छ ।

बैंकका कर्मचारीमा निम्नलिखित गुण हुन जरुरी छ :

संगठित व्यक्तित्व

बैंकमा काम गर्ने कर्मचारीहरुलाई अत्याधिक दबाव तथा असंख्य दायित्वहरु बीच आफनो जिम्मेवारीमा आएको दैनिक कामहरु गर्नु पर्ने हुन्छ । अन्य दायित्वहरु पुरा गर्दै आफनो दैनिक कामहरु अति नै चालाखी तथा मिहिन कुराहरुमा समेत ध्यान दिएर काम गर्नुपर्ने अवस्था भएकाले बैंकको कर्मचारीहरुको व्यक्तित्व अन्य साधारण कर्मचारीहरुको भन्दा फरक हुनु पर्दछ ।

समस्या समाधानकर्ता

बैंकका कर्मचारी जो समस्याहरुसँग नडराई त्यसको डटेर सामना गर्न तथा आवश्यक परेको बेला कार्यालय समयभन्दा अन्य समयमा समेत काम गरेर समस्याको उचित सामाधान खोज्न सक्ने हुनुपर्छकहस् । त्यस्तो व्यक्तिलाई बैकिङ्ग क्षेत्रमा काम गर्न बढी प्राथमिकता दिईनु पर्छ ।

छिटो सिक्ने

प्रविधिको क्षेत्रमा विश्वले हरेक पल नयाँ अविष्कारहरु गरि रहँदा त्यसको प्रयोग सबैभन्दा पहिले बैकिङ क्षेत्रमा नै भित्रिने गरेका छन् । साथै भित्रिएका प्रविधिहरु पनि लामो समयसम्म रहिनरहने भएकोले बैंकमा कार्यरत कर्मचारीहरुलाई धेरै कुराहरु निरन्तर रुपमा सिकिरहनु पर्ने हुन्छ । यसको अलावा आफुलाई समयानुकुल परिष्कृत गर्नको लागि पनि केहि न केहि दैनिक रुपमा सिकिरहनु पर्ने हुन्छ । तसर्थ, बैंकमा काम गर्ने कर्मचारीहरु सदैव नयाँनयाँ कुराहरु सिक्नको लागि तत्पर रहनुपर्दछ ।

नेतृत्व

बैंकमा काम गर्ने कर्मचारीहरुमा नेतृत्व गर्ने क्षमता हुन आवश्यक छ । कुनै बैंकमा आउने ग्राहकहरु सामाजमा भएको उच्च तथा शिक्षित वर्गमा पर्ने भएकोले त्यस्तो ग्राहकहरुलाई सफलतापुर्वक सेवा दिएर बैकमा पुनः आउनको लागी अभिप्रेरित गर्नको लागि कर्मचारीमा भएको नेतृत्व गर्ने गुण अति नै महत्वपुर्ण मानिन्छ । तसर्थ, बैंकको कर्मचारीहरुमा यो गुण हुन आवश्यक छ ।

कुशल संचारकर्ता

बैंकमा काम गर्ने कर्मचारीहरुमा अर्को नभई नहुने गुणहरु मध्ये एक हो, कुशल संचारकर्ता । बैंकमा काम गर्ने कर्मचारीहरु ग्राहकहरुसँग निरन्तर संवाद गर्नुपर्ने भएकोले यो गुण हुन आवश्यक मानिन्छ । बैंकको कर्मचारीहरुले आर्थिक कारोबारहरुको सम्बन्धमा ग्राहकहरुलाई नहिचकिचाई तथा झन्झट नमानिकन संचार गरि रहनुपर्ने भएकोले यो गुण कुनै पनि बैंकको कर्मचारीमा हुन आवश्यक हुन्छ ।

स्वतन्त्र

बैंकको कर्मचारीहरु आफनो कामहरु आफु स्वयंले नै गर्न सक्नु पर्दछ । आफ्नो जिम्मेवारीको कामहरु गर्नको लागि अरु कर्मचारीको सहयोग लिने अवस्था नआएको नै राम्रो मानिन्छ । आफुले गर्ने कामको सम्बन्धमा आफुलाई पुर्ण जानकारी छैन भने आफुले गरेको काम सही वा गलत के छ भन्ने कुरा पनि थाहा पाउन सकिँदैन । तसर्थ, बैंकको कर्मचारीले आफनो काम गर्नको लागी अरुमा भर नपरिकन स्वतन्त्र भई काम गर्न सक्ने हुनुपर्दछ ।

सहकार्यको भावना

बैंकमा गर्नुपर्ने कतिपय कामहरु एक्लै गर्न नसक्ने प्रकृतिको हुन्छ । यस्तो प्रकृतिको काम गर्नको लागि केहि कर्मचारीहरुको टिम बनाई काम गर्नुपर्ने भएकोले टिममा बसेर काम गर्न सक्ने गुण भएको कर्मचारीलाई बैंकले अत्याधिक रुपमा रुचाउने गर्दछ ।

सर्तक तथा जागरुक

बैंक भनेको आर्थिक कारोबार हुने कार्यालय भएकोले बैंकको कर्मचारीहरु सदैव सर्तक भई काम गर्नुपर्ने हुन्छ । अहिलेको समाजमा सबै एकै किसिमको मानिसहरु मात्र नभई उछृङ्खल तथा अराजक मानिसहरु पनि बस्ने गर्दछन् । समाजको अराजक तत्वहरु ग्राहकको रुप धारण गरि बैंकमा आएर विभिन्न प्रकारको गैर कानुनी कामहरु गर्न सक्ने सम्भावना पनि उतिकै भएकोले बैंकको कर्मचारीहरु सर्तक तथा जागरुक हुनु पर्दछ ।

इमान्दारीता

बैंकको कर्मचारीहरु इमान्दार हुनु अति नै आवश्यक हुन्छ । कर्मचारीहरु बैंकको आर्थिक कारोबारहरुमा प्रत्यक्ष रुपमा संलग्न हुनुपर्ने भएकोले यो गुण अति नै महत्वपुर्ण गुण मानिन्छ । कर्मचारीहरुले कुनै लोभ लालचमा नपरि काम गर्नुपर्दछ । एक पटक गुमेको विश्वास कहिले पनि फिर्ता नहुने भएकोले कर्मचारीको इमान्दारीताको दैनिक रुपमा नै परिक्षण हुने गर्दछ । त्यसकारण बैंकमा काम गर्ने कर्मचारीहरु इमान्दारी हुनुपर्छ ।

बैंकिङ खाता कति किसिमका ?

खाता एक प्रकारको कारोबार विवरण हो । सर्वसाधारण व्यक्ति वा संस्थाको रकम जम्मा गर्न बैंक तथा वित्तीय संस्थाले सम्बन्धित व्यक्ती वा संस्थाको नाममा खाता खोलिदिने र उनीहरुको नाममा रकम राख्न र झिक्न पाइने गरी दर्ता गरिदिने विवरण नै बैंक खाता हो । खातामा पैसा जम्मा गर्दा भौचर भरेर गरिन्छ । पास बुकमा ग्राहकले कारोबार गरेको विवरण बैंकले भरिदिन्छ भने पछिल्ला दिनहरुमा कम्प्युटरबाट कारोवार गर्ने यस्ता बैंक वित्तीय संस्थाहरुले पासबुकको सट्टा आवश्यकता अनुसार बैंक स्टेटमेण्ट उपलब्ध गराउँदै आएका छन् । यसबाट आफ्नो कारोवार, खातामा रहेको पैसा, सो वापत आर्जित ब्याज र ब्याज आर्जन वापत तिरेको कर रकमका बारेमा जानकारी मिल्दछ । चेक बुकबाट चेक खिचेर ग्राहकले आफ्नो खातामा जम्मा भएको मध्येबाट आफूलाई आवश्यक परे जति रकम झिक्न सक्दछ ।

बैंक खाता खोल्नको लागि नागरिकताको प्रमाणपत्र, फोटो, पूर्णरुपले भरेको आवेदन फारम, आवश्यक न्यूनतम रकम, दस्तखत नमूना जस्ता विवरण आवश्यक छ । नाबालकको हकमा संरक्षकको हैसियतले अभिभावकको नागरिकता, फोटो, आवेदन फाराममा दस्तखत आवश्यक पर्छ । यसका साथै खाता खोल्दा ग्राहकको पहिचान पूर्ण रुपमा झल्किने गरी पारिवारिक विवरण, बाबु बाजेको नाम जस्ता विवरण दिनु पर्ने व्यवस्था गरिएको छ ।

बैंक खाता विभिन्न प्रकारका हुन्छन् । यीमध्ये चल्ती खाता, बचत खाता र मुद्दती खाता चलन चल्तीमा रहेका प्रमुख खाताहरु हुन् ।

चल्ती खाता : आफुले चाहेको समयमा चाहेको जति रकम एकै दिनमा जतिसुकै पटक पनि राख्न तथा झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । यस खातामा राखेको पैसामा सामान्यतः ब्याज प्राप्त हुँदैन । उद्योग, व्यापारी र कार्यालयहरुका लागि यो खाता बढी उपयोगी हुन्छ ।

बचत खाता : बचत खातामा रकम जति पटक पनि जम्मा गर्न सकिन्छ तर एउटा निश्चित सीमाभित्र रहेर मात्र रकम झिक्न सकिन्छ । यसका लागि बैंकले सीमा तोकेको हुन सक्छ । यस खाताको रकममा बैंकले निश्चित ब्याज प्रदान गर्दछ । सामान्य तथा साना रकम जम्मा गर्दै जाने र आवश्यक परेको समयमा रकम निकालिरहनु पर्ने व्यक्तिका लागि यो खाता उपयोगी हुन्छ । विद्यार्थी, युवा, गृहस्थी, बुढाबुढीहरु सबैका लागि यो खाता उपयोगी हुन्छ ।

मुद्दती खाता : मुद्दती खाता ३ महिना, ६ महिना, १ वर्ष, २ वर्ष र ५ वर्षसम्मको एउटा निश्चित समय अवधि तोकेर रकम जम्मा गरिन्छ । यस खातामा राखेको पैसाको ब्याजदर पनि बचत खाताको भन्दा केही बढी नै हुन्छ । तर, तोकेको समयभन्दा पहिले नै रकम निकाल्न नमिल्ने हुँदा बीचमा रकम आवश्यक पर्ने सम्भावना नभएको अवस्थामा मात्र यस्तो खातामा रकम जम्मा गर्नु उपयुक्त हुन्छ । बीचमा रकम आवश्यक परेमा यस्तो खातामा जम्मा गरेको रकमको प्रमाणपत्र धितो राखी बैंकहरुबाट कर्जा निकाल्न त मिल्छ । तर यसका लागि पनि रकम झिक्न केही समय लाग्ने हुन्छ । यसप्रकार ऋण लिँदा आफूले मुद्दती निक्षेपमा पाउने ब्याज दरभन्दा केही प्रतिशत बढी ब्याज बैंकलाई तिर्नुपर्ने हुन्छ ।

स्वस्थ र दीर्घ जीवनका लागि अर्गानिक

आरबी बुढाथोकी

नेपालीको खानपान शैलीमा धेरै परिवर्तन आएको छ । खासगरी बजारबाट तयारी खानेकुरा किनेर खाने प्रचलन राम्रो/नराम्रो के हो भन्ने विषयमा धेरैले चासो दिन थालेका छन् । अर्गानिक खानाको परिकार पस्किने होटल तथा रेस्टुरेन्टलाई अहिले भ्याइनभ्याइ छ । अर्गानिक खाना खानुपर्छ भन्ने चेतनामा वृद्धि भएको छ । केही वर्षअघिसम्म तरकारी तथा खाद्यन्नमा अत्यधिक विषादी र रासायनिक मल प्रयोग गरेर उत्पादन बढाइन्थ्यो भने अहिले क्रमशः अर्गानिक खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ । अर्गानिक वस्तुको महत्व उपभोक्ताले महत्व नबुझेको अवस्थाले गर्दा सस्तो मूल्यमा बाहिरबाट बजारमा आएका विषादीयुक्त तरकारी नै बढी बिक्थ्यो । अर्गानिक उत्पादनले लगानी उठाउन समेत समस्या पर्थ्यो । तर अहिले त्यो स्थिति कम हुँदै गएको छ । अर्गानिक खाद्य वस्तु तथा तरकारी खोजीखोजी खाने उपभोक्ता बढ्दै छन् ।

अर्गानिक खाद्य स्टोर, अर्गानिक तरकारी तथा फलफूल पसल, होमस्टे, रिसोर्ट र रेस्टुरेन्टहरु व्यापक खुलेका छन् । खाद्य तथा तरकारी, फलफूलमा अत्यधिक विषादी प्रयोगका कारण क्यान्सर तथा अन्य रोगको शिकार हुनुपर्दा उत्पादकहरुमा पनि चेतनामा वृद्धि हुँदै गएको छ । रसायिनिक खेती गर्दा खानेलाई मात्र नभई किसानलाई समेत स्वास्थ्यमा अधिक असर परेको महसुस भएपछि अर्गानिक खेतीमा आकर्षण बढ्दै गएको हो । कोदोलाई धेरैजसो मानिसले राम्रो अन्न मान्दैनन् । तिनीहरू यसको गुणमा होइन, रडमा गएकाले त्यस्तो भएको बुझ्न गाह्रो छैन । तर कोदो आम मान्छेले सोचेजस्तो कम गुणकारी खाद्यान्न भने होइन । यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८ दशमलब ७३ गुणा बढी क्यालियम पाइन्छ । कोदोमा मकैभन्दा ३ दशमलब ७ गुणा, चामलभन्दा २ दशमलब ३ गुणा र गहुँभन्दा १ दशमलब ५ गुणा बढी आइरन पाइन्छ । मैथिलीमा मडुवा, नेवारीमा डुसी, अंग्रेजीमा मिलेट भनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख स्रोत हो । यसलाई भविष्यको स्मार्ट खानासमेत भनिएको छ । कोदो जस्तै तिते फापर, मिठे फापर, जौ, कालो भडगरे चामल (जसमा अत्यधिक मात्रमा क्यालोरी पाइन्छ), मकै, सिस्नो, नियुरो, घैया, अटारलागायताका ग्रामीण भेगमा उत्पादन हुने अर्गानिक खाद्यान्न अहिले सहरमा पनि निकै लोकप्रिय हुन थालेका छन् ।

रासायनिक मल नहाली स्थानीय गाईभैंसीको भकारो र स्याउलाबाट बनेको प्रांगारिक मल प्रयोग गरिने र किटानासक औषधि पनि प्रयोग नगरिने हुँदा यस्ता खाद्यान्नलाई अर्गानिक मानिन्छ । यस्ता खाद्यान्नले मानव शरीरलाई कुनै हानि नपुऱ्याउने र दीर्घायु जीवन हुनेहुँदा आधुनिक समाजमा अर्गानिकको महत्व बढ्दै गएको हो । कस्तो अवस्थामा विषादीको प्रयोग कसरी गर्ने, प्रयोग गरिसकेपछि कति दिनपछि मात्र उपयोगमा ल्याउने, कृषक आफैंले खेतबारीमा गरेर सिक्ने, बाली-बिरुवाको नियमित अवलोकन, बाली-बिरुवामा लाग्ने सत्रु जीव र मित्रु जीवको पहिचान, अर्गानिक कृषि उत्पादन, विषादीको न्यूनीकरणजस्ता ज्ञान, सिप कृषकलाई सिकाइन कृषि विकास कार्यालयले पनि देशैभर पाठशाला सुरु गरेको छ । उपभोक्ता र किसानले नै नबुझेसम्म कृषि विकास कार्यालयले जस्तोसुकै अभियान सञ्चालन गरे पनि विषादीको प्रयोग निर्मूल पार्न गाह्रो हुने विज्ञहरु बताउँछन् । विशेषगरी ग्रामीण भेगमा उत्पादन हुने मकै, भटमास, लोकल कुखुरा, लोकल बोका, सहर माछाका परिकारका साथै कोदो, मकै र फापरको ढिँडोका पारखीहरुले बढी मात्रामा रुचाएको अर्गानिक रेस्टुरेन्ट सञ्चालकहरु बताउँछन् । सामान्य लोकल कम्पनी छ, कुनै पनि अर्गानिक भनी गुणस्तर चिह्न लिएको छैन भने त्यस्ता कम्पनीले उत्पादन गरेको फुड सुरक्षित नहुन पनि सक्छन् । प्रायः ग्रामीण इलाकामा उत्पादन गरिएको प्याकेट फुडहरु सुरक्षित अर्गानिक र गुणस्तरीय नै हुन्छन् । तर यसमा स्ट्यान्डर लिएको वा नलिएको र म्याद गुज्रिएको छ कि छैन भन्ने कुरा लेबल हेरेर बुझ्नुपर्छ ।

सरकारले निर्धारण गरेको मापदण्डअनुसार बनेका प्रोसेस्ड फुडहरु सुरक्षित र अर्गानिक हुन्छन् । दुधजन्य पदार्थहरुमा पास्चराइजेसन भएको छ कि छैन, फ्याट, एसएनएफलगायतका अन्य पदार्थहरु कति रहेका छन्, लेबलमै लेखिएको हुन्छ । खाद्य ऐन र गुणस्तर ऐनलाई आधार मानी मापदण्ड निर्धारण गर्ने खाद्य तथा गुण नियन्त्रण विभाग र गुणस्तर विभाग रहेका छन् । अर्गानिक रेस्टुरेन्ट, अर्गानिक फार्म हाउस, अर्गानिक चिया, अर्गानिक कफी सप अर्गानिक रिसोर्टहरु मात्र नभई अहिले द्रुत गतिमा गाउँगाउँमा होमस्टेहरु पनि खुलेका छन् । होमस्टेमा गाउँघरमै उत्पादन भएका कोदो, मकै, चामल, गहुँ, जौलगायत अर्गानिक रुपमा उत्पादन गरिएका तरकारीबाट विभिन्न प्रकारका खाना तयार गर्ने गरिन्छ । होमस्टेहरुमा विदेशी पाहुनालगायत स्वदेशी पनि त्यतिकै हुन्छन् । होमस्टेको वरिपरी लगाइएको अर्गानिक तरकारी र माछामासु आफैंले भान्सामा तयार गरी खाने चलन पनि सुरु भएको छ, जुन अत्यन्त व्यावहारिक पनि मानिएको छ । काठमान्डौबाट नजिकका जिल्लाहरुमा व्यापक रुपमा खुलेका होमस्टेहरुले सकेसम्म पूर्ण रुपमा अर्गानिक खाना पस्कने गर्छन् । नेपालमा अलिकति योजना बनाएर काम गर्नसके जुनसुकै व्यवसायको बजार भविष्य सुन्दर छ । विकासशील मुलुक हुनुका कारण पनि धेरै अवसर र सम्भावनाहरु छन् । आफ्नै घरआँगनमा बसेर आफ्नो माटोको उत्पादनलाई आफ्नै परिचय दिनसक्नु नै महान हो भन्ने ठानेर कतिपय नेपाली युवाले विदेशको ग्रिनकार्ड त्यागेर अर्गानिक खेती सुरु गरेका छन् ।

वैज्ञानिक अनुसन्धान र अनुगमनको अभावका कारण कर्णालीको उत्पादनको पहिचान र सदुपयोग हुन सकेको छैन । हामी विदेशका भनेपछि मरिहत्ते गर्दछौं तर, आफ्नै देशको पोषक तत्वलाई चिन्न सक्दैनौं, बुझेका छैनौं । त्यसै खेर गइरहेको अवस्था छ, हुम्ला, जुम्ला उत्पादित गुणस्तरीय स्याउ । तर कमसल स्याउ आयात गरेर जुस तथा वाइन उत्पादन हुन्छ । त्यहाँको उत्पादन कुहिएको छ, यता अर्बौं रुपैयाँको फलफूल आयात हुन्छ । सरकारको बजेट कता प्रयोग हुन्छ खै ? कर्णालीमा उत्पादित ओखर, ब्ल्याक राइस, स्याउलगायतका विभिन्न फलफूल तथा अर्गानिक अनाजलाई विश्व बजारमा प्रबर्द्धन गर्न सक्नुपर्छ । त्यो एउटा किसानले मात्र सम्भव छैन, राज्यले पूर्ण सहयोग गर्नुपर्छ । सरकारले कर्णालीमा सरकार चामल बाँडेर बस्ने होइन, त्यहाँका किसानलाई प्रोत्साहन गर्नुपर्छ र उचित बजारको व्यवस्था गरिदिनुपर्छ । अहिले कर्णालीमा स्याउबाट जुस, वाइन, ब्रान्डी तथा अर्गानिक गेडागुडी उत्पादन गरी बजारमा ल्याउन सुरु गरिएको छ । कर्णालीका व्यवसायीले स्थानीय किसानको सहभागितासहित अर्गानिक फुड चेनको विकास गर्दै लैजाने योजना बनाएका छन् । सयौंको रोजगार सिर्जनादेखि कस्टुमरमा विश्वसनियता पनि बढेर जाने उनीहरुको विश्वास छ । कर्णालीमा हिमालको स्वच्छ पानीले बनेको उच्च गुणस्तरको उत्पादन हुने हुँदा त्यहाँका उत्पादन स्वदेशी तथा विदेशीको प्रिय बन्दै गएको छ । स्थानीय या केन्द्रीय सरकारले अर्गानिक खाद्य पदार्थ उत्पादनमा सहुलियत प्रदान गरेमा राजधानीका उपभोक्ताले पनि सरल भाउमा अर्गानिक सामान पाउने थिए ।

नेपाल र भारतबीच व्यापार घाटा बढिरहेको छ । दुर्गम क्षेत्रमा अर्गानिक खाद्यान्न उत्पादन गरी भारत निर्यात गर्न सके पनि धेरै राहत पुग्ने छ । ग्रामीण क्षेत्रमा खेर जाने फलफूललाई सदुपयोग गरी केमिकल, कलर, तथा सुगर फ्रि वाइन बनाएर निर्यात गर्न सके आर्थिक रुपमा पनि निकै राहत पुग्ने छ । अमेरिकाको अति गरिब जिल्ला साउथ ब्रङ्क्सको सामुदायिक विद्यालयमा पढाउँदै गरेका एक शिक्षक स्टेफेन रिजले गरिब बस्तीमा आसाको बिउ उमार्दाको अनुभव यसरी व्यक्त गरेका छन्, 'म अन्नको खेती गर्ने किसान होइन । म मानिसहरूको खेती गर्छु । मैले फलाउने अन्न भनेको अर्गानिक तवरले हुर्कदै गरेका नागरिकहरू हुन् । हामी भित्र र बाहिर दुवै ठाउँमा अर्गानिक बिरुवा उमार्छौं । बोटबिरुवा उमार्ने कलिला युवा किसानहरू भेट्दा तपाईं दङ्ग पर्नुहुने छ । हामीले हामी बस्ने समुदाय वरिपरि रङ्गीबिरङ्गी फूल, बोटबिरुवा र रुखहरू रोपेका छौं । हामीले पर्याप्त खाद्यान्न हाम्रै जिल्लामा उत्पादन गरेका छौं, जसले गर्दा संकटग्रस्त ठाउँमा ताजा र अर्गानिक खानेकुराहरू सहयोगस्वरुप पठाउन सम्भव भएको छ ।'

जनशक्तिबाट लाभ लिने कि पछुताउने ?

डा. होमनाथ चालिसे

केही वर्षअगाडि एउटा अध्ययनको क्रममा गुल्मीको सदरमुकाम तम्घास पुग्दा अनौठो लाग्यो । जता हेरे पनि महिलामात्र देखिने, फाट्टफुट्ट पुरुषहरु अनि बालबालिका र ज्येष्ठ नागरिकमात्र । सडकको छेउमा जुलेबी बनाएर बेचिरहेका एकजना अधबैंसे पुरुषसँग १० रुपियाँमा मा जुलेबी किनेर बिस्तारै केही कुरा गर्न थालें । बजारमा त बढी महिलामात्र देखिदाँरहेछन् भन्दा उनले आफ्नो काम गर्दै भने - पुरुष त भए पो देख्नु नि । पुरुष जति कि विदेश कि विदेश जाने चक्करमा काठमाडौंमा छन् । अझ गाउँमा जानुभो भने झन् विकराल अवस्था देख्नुहुन्छ, मानिस मर्दा मलामी जाने युवासमेत पाउन मुस्किल छ ।

विदेशमोह कहिलेदेखि सुरु भयो

विसं. २०४६ सालमा नेपालमा बहुदलको पुनःस्थापनापछि नेपाली युवाको विदेश मोह ह्वात्तै बढेको देखिन्छ । देशमा रोजगारीका अवसरको कमी र नेपाली म्यानपावर व्यवसायीले विशेषगरी खाडी मुलुकमा रोजगारको अवसरको प्रलोभन देखाएपछि थुप्रै युवा ती मुलुकमा पुगेको देखिन्छ । परम्परागत मुग्लान (भारत) पस्नेभन्दा अहिले अलिकति हुनेखाने र राम्रो सम्पर्क भएकाहरु जापान, कोरिया, अस्ट्रेलिया, हंगकंगजस्ता देशमा पुगेका छन् भने अधिकांश नेपाली मलेसिया सिंगापुरलगायत मध्यपूर्वी मुलुकमा पुगेका देखिन्छ । अबत, नेपाली नपुगेको देश र स्थान बिरलै होलान् । पछिल्लो समयमा विदेश जाने नेपालीको संख्या अझै बढ्दै गइरहेकोछ । बाह्र कक्षा पास गरेका अधिकांशहरुको विद्यार्थीको विदेश मोह डरलाग्दो छ ।

के जनसंख्याले देश विकासमा सहयोग गर्छ ?

विश्वका अधिकांश मुलुकको विकास कहिले भएको थियो भनेर हेर्ने हो भने ती देशमा काम गर्ने युवा जनशक्तिको अनुपात धेरै भएको अवस्थामा विकास भएको देखिन्छ । विश्वको ठूलो अर्थ तन्त्रमध्येको जापानको विकास सन् १९५५ पछि सन् १९८० सम्ममा भएको पाइन्छ । त्यस अवधिमा त्यहाँ काम गर्ने उमेर समूहको युवा जनसंख्या धेरै थियो । त्यति बेला अधिकांश समय जापानको आर्थिक वृद्धि दुई अंकको हाराहारीमा थियो । सन् १९८० पछि काम गर्ने उमेर समूहको जनसंख्या घट्न र वृद्धहरूको संख्या बढ्न थाल्यो । अनि बिस्तारै त्यहाँको आर्थिक वृद्धिदर पनि कम हुन थाल्यो । अहिले जापानले विदेशी कामदारलाई पहिलोपटक खुलारुपमा भित्र्याउँदै छ । अहिले भियतनामको आर्थिक वृद्धि दर उच्च हुनुमा पनि त्यहाँ काम गर्ने उमेर समूहको जनसंख्या बढी हुनु र तिनको राज्यले सदुपयोग गर्न सक्नु नै मुख्य कारण हो । पछिल्लो समयमा चीनमा देखिएको उच्च आर्थिक वृद्धि पनि जनसंख्याको उचित व्यवस्थापनअन्तर्गत नै पर्छ । अमेरिकाले डीभीको नाममा, अस्ट्रेलिया र क्यानडाजस्ता मुलुकले विभिन्न कार्यक्रमअन्तर्गत वर्षेनि थुप्रै आप्रवासी ल्याउने नीति अपनाएका छन् । यो पनि यही काम गर्ने उमेरका जनशक्तिसहित तिनका सन्तानलाई ल्याउने नीतिअन्तर्गत पर्छ । यी देशहरुमा विदेशी भित्रिने दरमा कम भयो भने यिनको आर्थिक वृद्धिदरमा पनि पक्कै संकुचन आउनेछ ।

अहिले नेपालको उमेरअनुसारको जनसंख्याको बनावट हेर्ने हो भने ०-१४ वर्षको उमेर समूहमा ३०.५ प्रतिशत, १५ देखि ५९ वर्षको उमेर समूहमा ५९.५ प्रतिशत र ६० वर्ष र सोभन्दा माथिको उमेरसमूहमा ९.५ प्रतिशत जति जनसंख्या रहेको देखिन्छ । हाम्रो यो उमेर संरचना सर्धै यस्तै रहँदैन । झन्डै ६० प्रतिशत जनसंख्या कामगर्न सक्ने उमेरको हुनु देश विकासको लागि जनशक्तिका दृष्टिबाट अत्यन्त सकारात्मक मानिन्छ । यस्तो किसिमको अवसर कुनै पनि देशमा बिरलैमात्र आउँछ । जुनदेशले यस्तो अवसरको सही किसिमले व्यवस्थापन गरी देश विकासमा लगाउन सक्यो, त्यो देश सम्पन्न हुन धेरै समय लाग्दैन ।

नेपालको प्रजननदर

कुनै महिलाबाट जन्मिने बच्चा जन्मने दरको मापनलाई प्रजनन दर भनिन्छ । नेपालको प्रजनन दरको पछिल्लो अवस्था हेर्ने हो भने विगत केही दशकसम्म पनि उच्च थियो । प्रजनन्दर घटाउन नेपाल परिवार नियोजन संघजस्तो संस्थाले क्रियाशील थियो । तर, पछिल्लो प्रजनन दर हेर्दा एकै दशकमा प्रजनन दर ३.६४ बाट २. ९६ मा झरेको अर्थात तीव्र गतिमा घटेको देखिन्छ । यो झन्डै एक तिहाइले घटेको छ । यसले आगामी केही वर्षमै नेपालमा काम गर्ने उमेर समूहको जनशक्ति बढ्दै जाने र बुढ्यौली उमेरको जनसंख्या पनि बढ्ने देखिन्छ । काम गर्ने जनसंख्या अत्यधिक भएको अवस्थालाई जनसंख्याविदहरुले सामान्य भाषामा भन्दा 'जनसंख्याको बोनस' भन्ने गरेका छन् । नेपाल यस अवस्थामा विसं २०४९ तिर प्रवेश गरेको र यो अवस्था २१०४ सालसम्म (झन्डै ५५ वर्ष) रहने अनुमान गरिएको छ । विसं २०७६ सम्म आइपुग्दा हामीले झन्डै आधा समय (२७ वर्ष) देशको विकासमा यो जनशक्तिको सदुपयोग नगरी खेर फालेका छौं । अब हामीसँग बाँकी आधा समय (२८ वर्ष) पनि सदुपयोग गर्न सकेनौ भने हाम्रो जनसंख्या बुढ्यौली समूमा प्रवेश गरी काम गर्नेको कमी हुनेछ । देशले वृद्धावस्थाको जनसंख्याको स्याहारसुसारमा काम गर्ने जनशक्तिलाई प्राथमिकता दिनुपर्ने हुन्छ । अनि हाम्रो बूढाबुढीको स्याहार गर्ने कि देश विकासको काम गर्ने ? हामीसँग काम गर्ने उमेरको जनशक्तिको त अनुपात घट्न थाल्छ ।

नेपाल सरकार के गर्दै छ

अहिले युवा जनशक्ति सदुपयोग गरी देश विकास गर्नु अहिले नेपालको प्राथमिकतामा परेको देखिँदैन । सरकारी अधिकारीहरू विभिन्न देशमा नेपाली जनशक्तिलाई कसरी काममा पठाउन सकिन्छ भनेर सम्झौता गर्दै हिँडिरहेको पाएका छौं । पछिल्लो समय जापानसँग भएको सम्झौता पनि यसैको उदाहरण हो । छिटै नै अन्य थप मुलुकसँग पनि नेपाली युवालाई विदेशमा काममा पठाउन श्रम सम्झौता हुने देखिँदै छ ।

युवाको विदेश मोह

नेपाली युवामा देशभित्र व्याप्त बेरोजगारी र विश्वासको कमीले गर्दा विदेश जाने मोह चरमोत्कर्षमा पुगेको देखिन्छ । कोरिया सरकारले ईपीएस प्रणालीमार्फत लाने करिब १० हजार जनशक्तिको लागि ८४ हजार जना कोरियाली भाषाको परीक्षामा सम्मिलित हुनुले यसको पुष्टि हुन्छ । नेपाल विश्वमा तीव्ररुपमा वृद्धावस्थाको जनसंख्याको वृद्धि भएको मुलुकमा पर्छ । हाम्रो औसत आयु पनि झन्डै ७० वर्ष काट्न लागिसक्यो । जन्मदरमा अनपेक्षित कमीले १४ वर्ष मुनिको जनसंख्याको अनुपात घटेर ६० वर्षमाथिको जनसंख्या अझै तीव्ररुपले बढ्ने संकेत गरेको छ । यस्तो अवस्थामा कतै हामी आफ्नो अपार जनशक्तिलाई सदुपयोग गर्न नसकी भविष्यमा पछुताउनु पर्ने त होइन ?

(अनुसन्धान फेलो - अप्लेचियन स्टेट युनिभर्सिटी, नर्थ क्यारोलिना, अमेरिका)

राजनीतिक अराजनीति

कुलचन्द्र वाग्ले

राजनीतिको अराजनीतिकरण भएको छ । यसैले होला, राजनीतिलाई 'फोहरी खेल' भन्ने उक्ति चलेको । के राजनीति फोहरी खेल नै हो त ? होइन भने किन यस्तो कथन प्रचलनमा आयो र जनसामान्यको जिब्रोसम्म पुग्यो । 'फोहोरी' शब्दले होच्याउने र घोच्याउने कसले बनायो राजनीतिलाई । यसको कारण र कारक को हुन् ? फोहरी खेल अर्थात् असहिष्णु, विकृतिवाहक, पक्षपाती, सर्वज्ञान्ते र अरुको अस्तित्व अस्मितालाई हेप्ने जस्ता दुष्प्रवृत्तिको फोहोरी डङ्गुरमा चुर्लुम्म भएको कारण नै यस्तो उक्तिले राजनीतिक प्रवृत्तिको परिचय गराइएको हुनसक्छ । के राजनीति भनेको साँच्चै 'फोहरी' हो त ?

राजनीतिगर्नेहरुले नै राजनीतिलाई बदनाम गराएका हुन् । फोहरी खेलको संज्ञा दिने मौका र वातावरणलाई यिनैले संपोषित पारेका हुन् । यस कुरामा सबैभन्दा दोषी राजनीति गर्नेहरु नै छन् । राजनीति बाहिरका मानिस त सधैं राजनीतिलाई राजनीतिजस्तै देख्ने कामना गर्छन् । राजनीतिलाई अराजनीति नबनाइयोस् भन्छन् र राजनीतिको विकृतिविरुद्ध सबैभन्दा बढी मुखर यही राजनीति बाहिरको मानिस हुन्छ । जो राजनीतिले पीडित भएको महसुस गर्छ वा त्यसको प्रत्यक्ष भोक्ता, उपभोक्ता हो ।

राजनीतिकर्मीहरु कुरा आदर्श, सिद्धान्त र निष्ठाको गर्ने व्यवहार चाहिँ स्वेच्छाचारी र निरंकुश हुनखोज्ने । नीतिगत र आर्थिक भ्रष्टाचार वा अन्य विकृत राजनीतिलाई राजनीति'ज्ञ'ले रोक्न सकेनन्, निवारण गरेनन् वा गर्न चाहेनन् ? बरु त्यस्ता दुष्प्रवृत्तिलाई क्रमशः भित्र्याउँदै वा स्वार्थ लिप्साले आँखा चिम्लदै गरे । परिणाम नीतिहरुको मूलनीति नै फोहरको मुहान साबित भयो ।

राजनीति यस्तो भएको कुनै एक दिन र छिनको घटनाले मात्र होइन । कुनै एक राजनीतिकर्मीको कृत्यले मात्र पनि यस्तो भएको वा भनिएको होइन । वर्षौं वर्षको कथा छ, हजारौं राजनीतिकर्मीको कृत्य, कुकृत्य मिसिएर राजनीति फोहरी बनेको हो । फोहरीमात्र होइन होला, 'कालो बादलमा चाँदीको घेरा' भनेजस्तै दुनियाँको कतै किनारा सेतो पनि होला । तर, फोहर कति धेरै भयो भने सफा, सेतो र स्निग्ध राजनीति दृष्टिगोचर नै हुन नसक्ने भयो । यसो हुनुमा दार्शनिक (राजनीतिक) कारण पनि छ ।

राजनीतिलाई सबैभन्दा बढी विकृत कुनै पनि प्रकारका तानाशाही सत्ता र सरकारले पारेका हुन् । धार्मिक होस् कि वंशीय वा जातीय र वर्गीय अधिनायकवादी सरकारहरुले राजनीतिलाई अराजनीतिक बनाएका छन् । यसको बाच्छिटा प्रजातान्त्रिक भनिएका मुलुक, प्रणाली र सरकारहरुमा पनि परेको छ । उदाहरण यतिबेलाको हाम्रै मुलुक नेपाल पर्याप्त छ । बहुदलीय प्रणाली रहेको मुलुकमा दलहरुले पनि विकृतिवहन गरेका छन् ।

किन अधिनायकवादी सत्ता विकृतिको मुहान भयो त ? सबैभन्दा बढी यस्तो सत्तामा स्वतन्त्रता अभाव वा नियन्त्रित हुन्छ, गरिन्छ । नागरिकको आवाज स्वतन्त्र भएन भने सरकारी स्वेच्छाचारिताविरुद्ध बोल्न सम्भव हुँदैन र विकृति देखेर पनि मौन बस्न वाध्य बनाइएको समाजमा सरकारी विकृति पनि सजिलै भित्रिन्छ र मनपरीतन्त्र समेत हुर्किन्छ ।

सार्वजनिक तहमै सरकारी विकृति वा दलीय स्वेच्छाचारिताविरुद्ध संगठित र वैचारिक विरोध गर्न दलीय वा संगठनात्मक स्वतन्त्रता जरुरी हुन्छ । त्यस्तै स्वतन्त्र पत्रकारिताले कुनै पनि निकायको अनियमितताविरुद्ध आलोचना र आलोचनात्मक सुझाव दिएर विकृतिविरुद्ध जनमत निर्माण गर्छ । जनमत विरोधमा प्रकट हुनसक्दा सरकार, सत्ता र दलहरु वा राज्यका कुनै पनि निकाय अनियमित हुन हच्किन्छन् । नसुझिए बहुदलीय प्रणालीमा विकल्प खोज्न जनता स्वतन्त्र रहन्छन् । स्वतन्त्रतामा नै नागरिक समाजको स्वच्छताको आग्रह सबल हुन्छ र त्यसको सुनुवाइ गर्नसमेत कर लाग्छ ।

राज्यको कार्यकारी, व्यवस्थापिका र न्यायालयलगायत सबै निकायको विकृतिविरुद्ध प्रेसले निर्धक्क वा स्वतन्त्र मत दिनसक्दा निर्माण हुने जनमतले अन्ततः विकृतिलाई निरुत्साहित नै गर्ने हो । यसकारण सभ्य समाजमा प्रेस स्वतन्त्रताको वकालत गरिन्छ । जहाँ प्रेस स्वतन्त्र छैन, त्यहाँ नागरिक आवाज पनि स्वतन्त्र छैन भन्ने बुझिन्छ । नागरिक आवाज स्वतन्त्र नहुँदा सत्य थुनिन्छ र सरकारी असत्यको थुतुनो मात्रै बक्वक गर्छ । सत्यले मुख खोल्न स्वतन्त्रता अपरिहार्य छ, यो प्रजातान्त्रिक व्यवस्थामा मात्र सम्भव हुन्छ ।

अधिनायकवादी सत्ताको 'कथित' प्रेसले नागरिक आवाज र अपेक्षाको प्रतिनिधित्व गर्न पाउँदैन । त्यस्तो प्रेसले सरकारी विकृतिलाई ढाकछोप गर्छ र सरकारी बखानको स्तुतिगान गर्न वाध्य हुन्छ । त्यो सत्तामा प्रेस स्वतन्त्रता प्रतिबन्धित वा बाधित रहन्छ । तिनको काम बज्नु, लेखिनु तर सरकारी प्रशस्तिमै सीमित हुन्छ । अहिलेको कम्युनिस्ट सरकारले प्रेसविरोधी कानुनहरु निर्माणको प्रयत्न गर्नुमा यस्तै मनसाय लुकेको देखिँदैछ ।

जसरी अधिनायकवादी सत्तामा प्रेस स्वतन्त्रता बाधित हुन्छ त्यसरी नै त्यहाँ दलहरु पनि प्रतिबन्धित नै हुन्छन् । एक दलीय वा कुनै प्रकारको तानाशाहीमा दल वा नागरिक समाजको जायज मागका लागि पनि संगठित कार्यक्रम र विरोध सम्भव हुँदैन । सबै सरकारी एकाधिकारले नियन्त्रित हुन्छन् । एकाधिकार अन्ततः विकृतिको कारक र कारण दुवै हो । यसै कारणले कुनै पनि प्रकारको तानाशाही वा अधिकायवादी सत्ता र सरकार मनपरी गर्ने विकृतिको मुहान भएको हो ।

अब फेरि, राजनीति फोहरी खेल नै हो त भन्ने प्रश्नतिर जाऊँ । राजनीति फोहरी खेल होइन । हुनुपर्ने स्वच्छ, प्रतिस्पर्धी र सहज हो । तर, भएन त्यस्तो र आरोप लगाइयो यस्तो । त्याग, समाज सुधार र बृहत् योगदानका लागि स्वस्थ प्रतिस्पर्धा राजनीतिको प्रमुख गुण वा धर्म हो । यसका लागि स्वतन्त्रता, राज्यका निकायहरुबीच शक्ति सन्तुलन र नैतिक आधार चाहिन्छ । राजनीतिमा यस्तो विशेषता सम्भव प्रजातन्त्रमा मात्र हुन्छ । तानाशाही एकाधिकारवादी मुलुकमा त्यो सम्भव हुँदैन । किन ? त्यहाँ सरकारको विरोध गर्ने स्वतन्त्रता हुदैन । कारण माथि नै भनिसकिएको छ ।

राजनीतिज्ञ, समाजवादी चिन्तक सीके प्रसाई आफ्नो विश्लेषणात्मक कृति 'मन जे मान्यो सत्य' मा राजनीतिलाई सत्य, निष्ठा, त्याग र सेवाको उत्कृष्ट प्रतिस्पर्धी कर्म हो भन्नुहुन्छ । राजनीतिमा नैतिकताको प्रबल ठाउँ देख्नुहुन्छ उहाँ । त्यतिबेला प्रकाशित हुने राष्ट्रपुकार साप्ताहिकमा उहाँ 'घर भित्र : घर बाहिर' नामको स्तम्भ नियमित लेख्नुहुन्थ्यो । राजनीतिलाई हेर्ने उहाँको दृष्टि र प्रजातान्त्रिक समाजवादको व्याख्या, विश्लेषण त्यस स्तम्भमा पढ्न पाइन्थ्यो ।

राजनीति सीके प्रसाईले सोचेजस्तो, देखेजस्तो भएन, गरिएन । बरु, विकृत भयो, गरियो । राजनीति तपस्या रहेन, सत्यको संघर्ष पनि बनाइएन । बरु बनाइयो उपभोग्य उपयोगी व्यवसाय । यस्तै कारण हुन् राजनीतिलाई फोहरी खेल बनाउने । कारक राजनीतिकर्मी, दल र सरकारहरु नै हुन्, सत्ताको प्रकृति र प्रवृत्ति पनि हुन् ।

नेपाली राजनीतिकर्मीहरु जति उक्लिँदै जान्छन्, त्यति तिनमा अहंकार र दम्भसमेत चढ्दै जान्छ । अधिकांशमा त्यो छ । केही दिन अघिसम्म दाइ भनेका व्यक्तिलाई राजनीतिक अवसरसँगै साथी भन्न थाल्छ र समान सम्बोधन गर्न थाल्छ । यतिसम्म त ठीकै हो तर अझ बढी सिँढी चढेपछि त्यो 'दाइसाथी'लाई चिनेको नचिन्यै गर्न थाल्छ ऊ । त्यो साथीको सुनुवाइ गर्नुमा ऊ आफू तल परेको ठान्न सुरु गर्छ ।

महाराजगंज, नारायण गोपालचोक नजिक घर र कुनै दिन पसल भएका राजनीतिकर्मी श्रीविनोद भट्टराई भन्नुहुन्छ - 'गिरिजा बाबु प्रधानमन्त्री हुँदा वा नहुँदा आफ्नो निवास महाराजगंज आउँदा मेरो घरतिर हेर्नुहुन्थ्यो र हात उठाएर अभिभावादन र जय नेपाल इसारा गर्नुहुन्थ्यो । तर, आफ्नै साथी वा जुनियर साथी जब मन्त्री भयो, यो घर नजिक आइपुग्दा विपरीत मुन्टो फर्काउँछ वा पत्रिका र केही पढे जस्तो स्वाँग पार्छ ।'

केही वर्षअघि उहाँको व्यक्त अनुभव राजनीतिककर्मी देख्दा यतिबेला झन् झल्झली हुन्छ । भट्टराईको त्यो अनुभव नेपाली राजनीतिको एक हिस्सा बुझाउन पर्याप्त छ । अहिलेका राजनीतिक कर्मीको मुन्टो प्रायः 'विपरीत' फर्किएको छ । अभिवादन सहर्ष स्वीकार्न पनि गारो मान्ने राजनीतिक वर्ग फैलिँदो छ । हार्दिकता विहीन, आत्मीयता हीन, दम्भी र अहंकारी वर्ग ।

राजनीतिक कुर्चीमा बसेपछि उसले आफूलाई सर्वज्ञान्ते मान्छ, अरुलाई अबुझ ठान्छ । यही प्रवृत्ति नेपाली राजनीतिमा छरपस्ट छ । यस्तै प्रवृत्तिले विकृत र राजनीतिलाई अराजनीतिक बनाउने चरित्रको रुप धारण गर्दै, राजनीतिलाई 'फोहरी खेल'को संज्ञा लायक बनाइदिएको छ । यो सुधिन्छ कहिले, कसरी ?

बोर्डिङ स्कुल फेसन जस्तै भएको छ

बुवा नकक्षेदी यादव र ममतामयी आमा स्वर्गीय बोधनी देवी यादवको कोखबाट वि.सं.२०२२ सालमा सुनसरी जिल्ला इनरुवा नपा साबिक ६ हाल वार्ड न.४मा मेरो जन्म भएको होक। हामी चार जना दाजु भाई मा तीन दाजुभाई यही जिल्लामै शिक्षक पेशामै आवद्ध छौं ।

मेरो बाल्यकालको सम्झना ताजै छ, सानो छँदा म सधैं मामाघर गइरहन्थेक। घरमा पढ्ने बातावरण थिएन त्यसैले कक्षा ७ सम्मको पढाई विहारको मध्य विद्यालय वसमतिया पुर्णियामा पढे, त्यहाँ बेला भन्ने ठाउँ छक। मेरो मावली घर त्यहीं हो, त्यससपछि मेरो पढाई भगवती मा. वि. मा शुरु भयो २०३८ सालमा मैले एस. एल.सी. परिक्षा पास गरेक। एस. एल. सी. पछि केही गर्नुपर्छ भन्ने सोच मनमा आयो र म शिक्षण पेशामा आवद्ध भए । हाल इनरुवा ३ मा रहेको देवकोटा आधारभुत विद्यालयमा सेवामा प्रवेश गरेक। शिक्षा प्रेमी स्व. शंकर दुलाल संस्थापक अध्यक्ष हुनुहुन्थ्यो । उहाँकै पहलमा ४ वर्ष प्र. अ. भई पढाएक। कक्षाहरु थपिदै गए दरवन्दीमा एकजना शिक्षक सिर्गेश्वर मण्डल थपिनु भयो । उहाँले दुई वर्ष पढाउनु भयो । त्यसपछि २०५२ देखि १५ वर्ष स्व. सनद कोईरालाले प्र. अ. भई चलाउनु भयो । उहाँ पछि २०६७ देखी हालसम्म मैले नै प्र. अ. चलाई रहेको छु ।

मेरो विचारमा पढाई भन्दा ठुलो अरु केही छैन भन्ने मैले बुझेर पढाइलाई नै निरन्तरता दिदैं आए । २०४५ मा आई ए सकेपछि धेरै वर्ष ग्याप रह्यो र २०७४ मा बिएड पास भएपछि पढ्नलाई उमेरले छेक्दैन भन्ने आत्मविश्वास पलायो ।

आफ्नो शिक्षक पेशाको लामो कहानी पनि छ । २०४८ को आयोगमा लिखित परिक्षा पास भए तर मैखिकमा राजनैतिक कारणले असफलता हात लाग्यो । २०५२ मा पनि उस्तै भयो तर हार खाईन, र २०६२ को ५० प्रतिशत राष्ट्रियस्तरको शिक्षा आयोगमा उर्तिण भएक। मेरो सफलताको दिन भनेको २०६३/८/१४ को स्थायी नियुक्ती पाएको दिन भयो फेरी २०७०/३/२८ गते द्वित्तीय श्रेणीमा बढुवा भए । अर्को सफलता हात लाग्यो ।

शिक्षण पेशाको आफ्नो लामो अनुभव छ । अहिले सरकारी स्कुलमा विधार्थीहरु कम भर्ना हुन थालेका छन् । बोर्डिङ स्कुल फेसन जस्तै भएको छ । महँगो शुल्क तिर्दा पढाई राम्रो हुन्छ भनेर अभिभावकहरु त्यता लाग्छन तर पछि नेपाली विषयमा उनीहरु कमजोर हुन्छन । शिक्षा क्षेत्रमा सरकारको ठूलो लगानी छ । हामी सबै सरोकार पक्षहरु मिलेर सरकारी विद्यालयलाई प्रोत्साहन गर्नुपर्छक। अविभावक शिक्षक र व्यवस्थापन समितिको जिम्मेवारी अझ बढेको छ । सरकारले विद्यार्थी भर्ना अभियान चलाएपछि हाम्रो स्कुलमा बोर्डिङ स्कुलबाट समेत विद्यार्थीहरु आउन थालेका छन् ।

प्रस्तुती :- पीएमणी भट्टराई

बधशालाको सहिद–२

कसले कति के.जि. लैजाने बहस चलिरहँदा कतिले ठूलै उपलब्धी पाएको महसुस गरिरहेका हँदा हुन् । मेरो मनले भन्दै थियो, ए मान्छे, तिमीमा अलिकति मानवता छ ? आफन्त बित्दा मलामीको भीड हुन्छ, मान्छेले कत्रो रोइकराइ गर्छ । तर, त्यो मानिसको अट्टहासका बिचमा एउटा प्राणीको अन्त्येष्टि बनिबनाउ ढङ्गमा हुँदै छ । बच्चालाई चीची पापा खुवाउन सिकाइँदै छ । त्यहाँ बच्चाले त्यही खसीलाई मायाले, बडो प्रेमले मुसारिरहेको छ, स्वाइँ खाइरहेको मित्रवत् संसार छ । कति प्रेम छ, त्यो अबोध खसीले बच्चालाई प्रेमपूर्वक स्नेहभावलाई पोखिरहेको छ । जिस्किएको छ । त्यो दृश्यको विरोधसँग कैयौं बाख्राहरू भेला भएर मानिसको ज्यादति माथि प्रश्न गर्दै थिएनन् । न त गाडीले किच्याएको कुकुरलाई सहिद घोषण गरियोस् भन्ने आवाज बुलन्द हुँदै थियो । त्यो आवाज मुक भाषामा बिना कारण शोषणसँग सजिएर पनि नगन्य छ । त्यहाँ कानुनी अधिकारलाई पल्टाएर विश्लेषण गर्ने अदालतका कर्मचारी वर्गले कराइरहेका थिएनन् । त्यहाँ कुनै पत्रकार पत्रिकाका पहिलो पानामा प्रकाशन गर्ने गरी फोटो खिच्दै तँछाड मछाड गरेर सक्दो छिटो समाचार पस्कने होडमा थिएनन् । कुनै सुइँको सम्म पनि छैन । त्यहाँ वकिलहरूबिच बहस भएको थिएन । न त तातो तातो ताजा समाचार बनेर दुनियामा भाइरल भइरहने अवस्था त्यहाँ थियो । टेलिभिजनमा त्यो दृश्यलाई प्रत्यक्ष प्रशारण गरिने छैन, त्यो पनि सत्य नै हो ।

मैले सोचिरहँ, मोटरबाइकमा उँधोमुन्टो पारेर खुट्टामा कसिएका कुखुराको भिडबाट चिच्चाएको रोदनसँग मानिसको गाँस, बास र कपासको जोहो हुन्छ । करोडौं प्राणीको निर्मम हत्या गर्ने विशाल कारखनाका भयङ्कर बिल्डिङ, बङ्गला, कामदार, बैंक ब्यालेन्सले मलाई सराप्लान् । मेरा आफन्तले मलाई बाइकट भन्लान् । मसँग गढीमाई, कालीदेवी, रक्तकाली, महाकाली....रिसाउलिन् । मेरा इष्टदेवले मलाई देउता चढ्दा तँ कुलाङ्गार होस् भन्लान् । देशको गरिमा र आम्दानीको ठूलो हिस्साका बिचमा मैले प्राणीलाई न्याय देऊ भन्दा म देवकोटालाई राँची पुऱ्याएको यादमा छट्पटाउँछु । मलाई डर पनि लाग्छ, कतै म गंगालालजस्तो, शुक्रराज शास्त्री जस्तो त हुन्न ? अर्को पिर कति भयङ्कर छ, ती प्राणी जसको बारेमा म आवाज बुलन्द गर्न चाहन्छु, तिनीहरूबाट म कुनै सपोट पाउँदिन । तिनले त बरु मलाई त्यसै, काँचै निलिदिन्छन् । तिनैबाट चिथोरिन्छु म । म तिनलाई सहयोग मार्दै 'म एक्लो भएँ आऊ, सहयोग गर' भन्दै बाघ या त भालुको छेउमा पुगेँ भनेँ..... । म त्यहाँ पनि सहिदै बन्छु, लाग्छ- यस्तो बेकारको आवाज बोकेर म किन कसिँदै छु । हैन मैले सोचेँ, मान्छेले त यो कुरा बुझ्नुपर्छ । अनि हेर्छु, म मन्दिरमा बलि दिँदै गरेका बोकासँग मान्छेले आफ्ना काम, क्रोध, मद, मात्सर्य, लोभ र मोहको जालोमा मलजल गरिरहेको देख्छु । अझै कामुक र भयङ्कर संहारवादी बन्दै छ । स्वार्थी र बेसुरको मूर्ख बन्दै छ । वेदव्यासले भन्नुभएको "परोपकार पुण्याय परपिडनम् । " भन्ने वाणी गुञ्जायमान हुन्छ । यो त बुद्धको देश हो । यहाँ त "अहिंसा परमो धर्म" भन्ने मूल मन्त्रका अनुयायीको भिडबाट साथ मिल्छ पक्कै, सोचेँ । अर्कोतिर घुम्दै थिएँ, बाच्छालाई मारेर बाच्छीलाई जोगाउँदै गरेको देख्दा महिला अधिकार सुरक्षित भयो भन्न सक्ने अवस्थामा म थिइन । मैले देखेँ, मान्छेले गाई फाम खोलेका रहेछन्, गाई बाँझो हुने अवस्था होला भन्ने भयङ्कर चिन्ताका बिचमा स्याहार सुसारको दौडधुप छ । गाईलाई कत्रो सेवा गरेको होला ? उतापट्टि खुट्टो बाँधेर टाउमुनि दुँध्यारोमा दूधका धारा चोरिरहेको दृश्यसँग आफ्नी आमाको दूधको स्वादलाई कैयौं समयदेखि फिँजबाटै चित्त बुझाउने बाच्छोको वेदनालाई चियाएँ । पर्तिर डेरीमा भिड देखिरहँदा अलि तल्तिरको नदीमा भखेरै जन्मेको बाच्छालाई उँधोमुन्टो पारेको देखेँ । दूधे बाच्छोलाई जन्मसँगै मृत्यु लेख्न माहिर यमराजलाई सोध्ने धृष्टता गरिन । उता आफ्नो नवजात सन्तानलाई चाटेर माया पस्कन नपाएको गाईको वेदना सुनेँ, देखेँ पनि । मन कति अशान्त भयो । म न्यायालय जान सक्दिन किनकि न्यायमूर्तिलाई न्यायको पूरा ज्ञान छैन । यहाँ विदुरको सत्यवादी नीति छैन । रामले सिकार खेलेको कथा आउँछ तर कृष्णले गाईलाई प्रेम पस्केको कुरा लुक्छ । मैले अठासी हज्जार हाम्रा ऋषिमध्ये कुनैले मांसाहार गरेर तपस्या गरेका रे, पढेकै छैन । लाग्यो आज म पनि बधशालामा एक्लो सहिद हुँ ।

चारैतिर नियालेँ । यहाँ कुनै न्यायिक संयन्त्र देखिन । चक्का जाम गर्दै गरेका आमा गाईको भिड देखिन । अनसन बस्ने कलिला बच्चालाई मारिसकिएको थिइयो । वंश नाश नगर्ने उद्देश्ले सबैभन्दा दूधालु भैँसीको मैमत्ता राँगोलाई पालिएको थियो । उसले दिनमा ३० बढी सबै खाले भैँसीलाई पेट बोकाउनु पर्थ्यो । त्यहाँ पुरुषमाथि बलात्कारको आरोप थिएन । कति सम्मान थियो । दूध दिइसकेका नाक छेडिएका, कानमा प्याल पारिएका, घाँटी र खुट्टामा बेस्सरी कसिएर खानै नपाएका बाँझी गाई र बेस्सरी खान दिइएका बाच्छा बिहीन लैना गाई देखेँ । आँखा कमजोर भएर यस्तो भएको होइन । मैले शोक शैØयामा बधशालाका कैयौं जीवको आत्मा भड्केको हेरिररहेँ । मानिसको पाशविकता भन्दा कैयौं गुणा प्रिय गाईले चाटेर बाच्छोलाई मायालाई नियालिरहँदा आफ्नी आमाको याद आयो । बालापनमा हराएँ । मैले समाचारका पानाभरि पाँचजना गोरुलाई बलात्कारमा सामेल भएकाले जेल चलान गरेको पढ्नु र सुन्नु परेको छैन । मैले बलात्कृत अवस्थामा मृत्युवरण गरिरहेकी बाखीलाई जङ्गलमा फालेको देखेकै छैन । मैले कोठी सञ्चालन गर्ने सञ्चालिका फलानी लगायत फलाना फलानालाई प्रहरीले समातेको भन्ने अर्नाको समूहलाई देखेकै छैन । तर मैले गाडीको डिकीबाट लामो बाटो भित्रै राखेर जीवितै निकाल्ने मान्छेको अत्याचारलाई देखेको छु । मैले को ठूलो भन्दै पशुप्राणीका बिचमा जातिगत नारा देख्ने परेको छैन । सायद म तिनलाई पशु हुन् भन्यैं होला तर कुनै बाख्राले आफ्नो नवजात बच्चालाई जन्मने बित्तिकै मारेको अर्थात् जीवितै खोल्सा मुनि फालेको देख्नु परेको छैन । मलाई ती पशु हुन् भन्ने यसकारण पनि लाग्दैन किनकि त्यहाँ आमालाई आफ्नै छोराले मारेको गहन समाचार कहिल्यै हँदैन, त्यहाँ दाजुभाइले अंशका नाउँमा पानी बाराबार गरेको रित्तो समाजको क्रुरता देखिँदैन । हो, पशुसँग सुबुद्धि नहोला तर संवेदना त छ । दयालुपन पनि छ । हो, तिनीहरू पराईसँग जुध्छन् तर मान्छे त आफैँसँग पनि मिल्न जान्दैन नि । विभेदको संसारमा आफूलाई गल्ति नगर्ने मान्छे मान्ने अनि अरुका हज्जारौं दोषको सूची बोकेर न्यायाधिस बनेर बस्नुपर्छ । मानव अधिकारका नियम र संविधानलाई घोक्ने अवसर पाइहरहेको इतिहासमा सजीव प्राणी अधिकार भन्ने नयाँ इतिहास कोर्ने म बधशालाको सहिद हुँ । म पनि त्यही मान्छे मध्येको एक हुँ, जतिखेर म साना बाख्राका पाठासँग खेल्थेँ । कलिला फुत्रुक फुत्रुक उफ्रिरहेका पाठापाठीसँग समाएर स्वाइँ खान्थेँ । कति राम्रा र सलक्क परेका तिनीहरूसँगै खेल्थेँ । तर मैले बधशालाका आत्माहरू भड्केर नरसंहार भइरहेका कुविचारका लाममा स्वादे जिब्रो र कलङ्क कर्मको जालो देखेको छु । रोगका सिकार बनेर बाँचेका कुरुपतामा पीडाबोध देखेको छु । दिउन्जेल दूध खाने पछि काटेर मासु खान चाहने निर्ममतामा दानवीय प्रतिबिम्ब नियालेको छु । ती सबै अकालमा मारिएका शरीरमा कूल देवतामा क्रोध बढेको देखेको छु । रगत चुस्दै काम्ने धामीको बिम्बमा कालीमाता र रक्तबिज देख्दिन । किनकि यहाँ रक्तबिज त मरिसकेर दशैँ मनाइरहिएको छ । खुशी बाँढिर शान्तिघोष गरिरहिएको छ । बाच्छालाई मोला लाएर कलिला बालकको दूध सबै खोस्ने धर्मात्माले चढाएको पञ्चामृतसँग खुसी हुने देवता सायदै क्रोध मूर्ति होलान् । यदि ईश्वर हो त किन रिसाउला, रिसको पोको ईश्वर कसरी हुन्छ ? तिमी नरिसाऊ तब भगवान् बन्छौ । अहिंसावादी बन मोक्षको ढोका आफैँ खुल्छ । कसैलाई सेवा गर्न सक्दैनौ भने कमसेकम कसैलाई दुःख नदेऊ न मान्छे महोदय । म बधशालाको सहिदहरूका आत्म शान्तिका लागि यो पुराणलाई हर बिहान वाचन गर्दछु । ती मारिइरहेका भड्केका आत्माले मुक्ति पाउन् । चौरासी लाख जुनी घुम्दै गर्दा सायदै आफ्ने छोराले बाबु काटेर खाएको हुँदो हो । मैले तिनका लागि यो पुराण रच्दै गर्दा वेदव्यासले मलाई अधिकार दिनुभएको महसुस भइरहेको छ । तर पनि, म बधशालाको सहिद हुँ ।

समाप्त

साहित्यसंसार

रमेश भट्टराई

लोभलालचमा....

चाहिँ विपक्षीले सरकारको आलोचना गर्ने नाममा राष्ट्रपति र उपराष्ट्रपति जस्ता गणतन्त्रका स्तम्भमाथि आक्रमण तथा आरोप लगायो भनिरहेको छ नि ?

यसमा चाहिँ मलाई ठ्याक्कै के लाग्छ भने, राष्ट्रपतिले जति कामहरु गर्नुहुन्छ, जति बोल्नुहुन्छ प्रधामनन्त्रीकै सिफारिसमा हो । मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले गर्ने हो । यो संविधानले राष्ट्रपतिलाई स्वविवेकीय कुनै पनि अधिकार दिएको छैन । अहिले राष्ट्रपतिले चाहे नीति कार्यक्रममा बोल्नुहोस वा ऐन कानुन प्रमाणीकरण गर्नुहोस् ती सबै काम प्रधानमन्त्रीको सिफारिसमा हुन्छ । संसदले गरेका निर्णय सभामुखको पत्र अनुसार हुन्छ । त्यसकारण राष्ट्रपतिको स्वविवेकबाट विवादस्पद कुरा आए भन्नेमा म चाहिँ छैन । यसपालि नीति कार्यक्रमका बारेमा आयो नि, नेपाल सरकारको ठाउँमा मेरो सरकार भनेर त्यसमा राष्ट्रपतिलाई विवादमा ल्याउन खोज्नु चाहिँ उपयुक्त होइन मेरो आफ्नो बिचारमा । प्रधानमन्त्रीले दिनुभयो डकुमेन्ट उहाँले त्यो पढ्नुभयो । यो बनाएको मन्त्रिपरिषदले हो, राष्ट्रपतिले होइन । यो ठीक बेठिक जे भए पनि प्रधानमन्त्री जिम्मेवार हुनुहुन्छ । हाम्रो आलोचना चाहिँ राष्ट्रपति होइन, प्रधानमन्त्रीका प्रति रहन्छ । खाली हाम्रो कुरा के हो भने किन यस्तो विवादित कुराहरु ल्याउनुहुन्छ ? यस्ता शब्द किन ल्याउने ? यसअघि नेपाल सरकार भनेको थियो ।

o जस्तो- हेलिकोप्टरको कुरा पनि आयो, सवारीको कुरामा पनि.. ?

यो पनि भन्छु म । राष्ट्रपतिको सवारी कसरी चलाउने, राष्ट्रपतिको भ्रमण कसरी गराउने, राष्ट्रपतिका सवारी साधनहरु कस्तो हुने भन्ने सबै कुरा त मन्त्रिपरिषदले निर्णय गर्ने हो । किन राष्ट्रपतिलाई भनिन्छ ? राष्ट्रपतिले चाहिन्, राष्ट्रपतिले मागिन् भनेर भनियो भनेचाहिँ राष्ट्रपति कार्यकारी भूमिकातर्फ गएको बुझिन्छ । राष्ट्रपतिलाई आफ्नै राष्ट्रपति भवन कसरी सञ्चालन गर्ने, उहाँलाई के सुविधा चाहिने, कति तलब भत्ता चाहिने, कस्तो हेलिकोप्टर चाहिने, कस्तो गाडी चाहिने भनेर राष्ट्रपतिले माग गर्ने नै होइन । यो सबै मन्त्रिपरिषदले सोच्ने कुरा हो ।

o त्यसोभए अहिले भइरहेको विवाद वा आरोप चाहिँ के हो त ?

प्रधानमन्त्रीले राष्ट्रपतिलाई चाहिनेभन्दा बढी सुविधा दिन खोजेर यस्तो विवाद भएको हो । नेपालको जुन आर्थिक क्षमता छ, प्रधानमन्त्रीदेखि खरदार र पिउनसम्म जुन सुविधा छ, त्यसको तुलना गर्दा राष्ट्रपतिलाई बढी सुविधा दिन खोजेको पाइन्छ । त्यो उपयुक्त होइन । राष्ट्रपति त सेरेमोनियल हो, यसमा मन्त्रिपरिषदले विचार गर्ने हो । त्यसैले मन्त्रिपरिषदको नेताको हिसाबले प्रधानमन्त्री जिम्मेवार हुने हो । गणतन्त्रलाई बलियो बनाउने जिम्मेवारी राष्ट्रपति होइन, प्रधानमन्त्रीको हो ।

o त्यसोभए विपक्षी दलको चाहिँ गणतन्त्र बलियो बनाउन भूमिकै हुँदैन ?

एकदम हुन्छ । मैले भन्ने गरेको छु, निर्वाचनपछि तीन तहको सरकार आयो । केन्द्र सरकारले मापदण्ड बनाएर प्रदेश र स्थानीय तहलाई समृद्धिको अभियानमा साथमा लिएर हिँड्न सक्नुपर्छ । संसदलाई साथमा लिएर हिँड्न सक्नुपर्छ । संसदमा प्रतिपक्षी दलको हैसियतमा नेपाली काँग्रेसले सरकारलाई सही बाटोमा हिँड्न प्रेरणा दिनुपर्छ । संसदमा जनताको आवाज बोल्नुपर्छ । यो सन्दर्भमा प्रतिपक्षको पनि आवाज कमजोर भएकै हो । जस्तो उदाहरण दिउँ, पहिलो वर्षको सरकारको नीति तथा कार्यक्रममा प्रतिपक्ष मौन बस्यो र सर्वसम्मत पारित भयो । गलत भयो त्यसबेला । कुनै पनि सरकारको नीति कार्यक्रम पूर्ण हुँदैन । प्रतिपक्षको दायित्व हुन्छ अझ राम्रो ल्याउ भन्ने । एक वर्षको मेरो छोटो मूल्यांकन के छ भने, सरकारले एक वर्षको बीचमा उल्लेख्य कार्य गर्न सकेन । प्रतिपक्षले जनताको आवाज बोल्ने हो र सत्तालाई सही बाटो देखाउने हो त्यो पनि प्रतिपक्षले जनताको आवाज बोल्न सकेको छैन ।

o तर, तपाईंले प्रतिपक्षले पनि प्रतिपक्षी भूमिका देखाउन सकेन र प्रेस पनि सरकारको आलोचक बन्न सकेन भनेपछि एकाएक विपक्षी दल र प्रेस मिलेर घेराबन्दी गर्न दिएन भन्ने आरोप पनि सरकारको पक्षबाट आइरहेको छ नि ?

यसमा म सरकार र काँग्रेस दुवैको प्रभावकारी भूमिकाको पक्षमा छु । सरकारबाट निराश भएको जनताले काँग्रेसलाई भोट हाल्छ भनेर हामी पर्खिनुहुँदैन । बहुदलीय लोकतन्त्र भनेको राष्ट्रको हितमा काम गर्ने प्रतिस्पर्धा हो । कम्युनिस्ट पार्टीभन्दा धेरै राम्रा काम हाम्रो पार्टीले जनताको हितमा गर्छ भनेर हामी जाने हो । प्रेस तपाईंले जोड्नुभयो, त्यसै यो संविधानमा पूर्ण प्रेस स्वतन्त्रता लेखिएको छैन । किन पूर्ण शब्द अगाडि लेखियो भन्दाखेरि हामीलाई कुनै पनि बहानामा प्रेसमाथि अंकुश लाउन पाइँदैन भन्ने मान्यता यहाँ आएको छ । प्रेस स्वतन्त्रता संविधानको प्रस्तावनामै राखिएको छ । हामीले विगतको इतिहास सम्झिएर प्रेसलाई यति महत्व दिएको हो । प्रेस त संसदको पनि सहयोगी संस्था हो । सरकारको पनि सहयोगी हो र जनताको त साथी नै हो । प्रेसमार्फत जनताले सबै जानकारी पाउने हो । प्रेसलाई नै तर्साइयो भने त जनता तर्सिन्छ । प्रेसलाई कुनै पनि हालतमा अंकुश लगाउन पाइँदैन । प्रेसले प्रतिपक्षी दलको भन्दा पनि बढी भूमिका निर्वाह गर्छ भनेर हामीले यो व्यवस्था गरेको हो । लोकतन्त्रमा प्रेस भनेको ऐना हो । ऐनालाई नै छोपिसकेपछि तपाईंले आफ्नो अनुहारको दाग कसरी देख्नुहुन्छ ? त्यसैले सरकारले जान्दा प्रेस उसको सबैभन्दा बलियो सहयोगी हो । राजनीतिक दलको पनि बलियो सहयोगी संस्था हो ।

कहिलेकाहिँ प्रेसले गलत कुरा लेखिदिन्छ । पूर्वाग्रही भएर पनि लेखिदिन्छ । के भयो त गलत कुरा लेखेर ? खण्डन गरौंला । कति दिन लेख्छ त गलत समाचार, एकदिन त थाक्छ नि । गलत कलमलाई त पत्याउन पनि छाड्छन् । तर, थप्पड हानेर, तर्साएर रोक्न खोज्नुभएन ।

o अब सरकार र प्रतिपक्षबारे कुरा गरौं । तपाईं हिजोअस्ति पूर्वतिरबाट काँग्रेसको प्रतिपक्षी भूमिका बलियो बनाउँ भन्दै हुनुहुन्थ्यो, सरकार चाहिँ विपक्षीले बिरोधका नाममा बिरोध गरेर अप्ठेरो पारेको भनिरहेको छ, तपाईंचाहिँ आ□ने पार्टीको भूमिकामा सन्तुष्ट देखिनुभएन किन ?

प्रतिपक्षले एक वर्षमा दह्रो भूमिका निर्वाह गरेको भए (सदनमा पनि सडकमा पनि) यो सरकारले धेरै राम्रा काम गर्न सक्थ्यो । प्रतिपक्षले दह्रो आवाज उठाएन भने सरकार अन्धो हुन्छ । अन्धो सरकारले जनताका लागि के राम्रो गर्न सक्छ ? त्यसैले हाम्रो भूमिका सशक्त भएन भनेको हो ।

o काँग्रेसले नसके पनि प्रेसले त सरकारलाई लखेटेको आरोप खेपिरहेकै छ नि ?

हो र अझ गर्नुस् भन्ने हो मेरो त । प्रतिपक्षले र प्रेसले जति सरकारको आलोचना गर्छ, त्यति नै सरकारले राम्रो काम गर्ने बाटो देख्छ । सरकारको आँखा खोले वापत धन्यवाद पो दिनुपर्छ त रिसाउने होइन । प्रधामनन्त्रीले धेरै बोल्ने पनि होइन, काम गर्ने हो । बोल्ने काम त प्रतिपक्षको हो ।

o तपाईंले प्रधानमन्त्रीले धेरै बोल्ने होइन काम गरेर देखाउने हो भन्नुभयो, उहाँको एकरडेढ वर्षको मूल्यांकन गर्दा काम गर्न नसकेको हो कि, नचाहेको हो कि, नजानेको कि वा गर्न नदिइएको हो ? के लाग्छ ?

उहाँले नसकेकै हो । उहाँले काम गर्न नसकेकै हो । त्यत्रो दुईतिहाई संख्याको प्रधानमन्त्री हुनुहुन्छ । ६ वटा प्रदेशमा उहाँकै पार्टीको सरकार छ । प्रदेश २ मा पनि उहाँसँगै सत्ता सहयात्रीको सरकार छ । स्थानीय तहको निर्वाचनमा एमाले पहिलो, काँग्रेस दोस्रो र माओवादी तेस्रो थियो । उहाँहरु मिलेपछि त्यहाँ पनि धेरै ठूलो संख्या उहाँहरुको भयो । प्रतिपक्षले दह्रो भूमिका निर्वाह गरेको भए पनि प्रधानमन्त्रीले केही जवाफ दिनुहुन्थ्यो भन्ने हुन्थ्यो, तर त्यो पनि देखिएन । यस्तो अवस्थामा प्रधानमन्त्रीलाई राम्रो काम गर्न कसैले रोकेको छैन । तर, उहाँले किन गर्न सक्नुभएन, योचाहिँ मलाई पनि आश्चर्य लागेको छ ।

o ठीक छ, केपी ओलीले सक्नुभएन, नेकपाले नै राम्रो काम गर्न सकेन भन्नुभयो । र, प्रतिपक्षीय भूमिका पनि बलियो रहेन भन्ने तपाईंको निष्कर्ष रहेछ, प्रतिपक्षीय भूमिकामा कमजोरी पार्टीको हो कि व्यक्तिको ?

हामीलाई नेतृत्व गर्ने, निर्णय दिएर अघि बढाउने त सभापति र दलको नेता नै त हो । संसदीय दलको नेताले बोलेपछि संस्थागत ठहर्छ । दलको नेताले नबोलेसम्म अरु सांसदले बोलेर दलको आवाज बलियो हुँदैन । संसदीय दलको नेताले बोल्दा, आज विपक्षी दलको नेताले बोल्दैछन् भनेपछि प्रधानमन्त्री सुन्न आउनुपर्छ । यो संसदीय परम्परा हो । त्यसकारण संसदीय दलको नेताले महिनारदुई महिनामा सरकारको समग्र मूल्यांकन गरेर सरकारलाई बाटो देखाउने ढंगले जनताले बुझ्नेगरी बोलिरहनुपर्छ । विपक्षी दलको नेताको यो भूमिका चाहिँ हामीले पाएनौं । त्यो भइराखेको भए सायद प्रधानमन्त्रीलाई राम्रो काम गर्न प्रेरणा मिल्थ्यो कि ? यसमा हामी चुकेकै हो ।

o पार्टीभित्रका प्रतिपक्षीले मलाई काम गर्न दिएनन् भन्ने देउवाजीको पनि गुनासो त छ नि ? हिजोका सभापतिले यही गर्दा हुने, आज उहाँले गर्दा अवरोध हुने ?

हिजोको कुनै गल्ती देखाएर आज म त्यो गल्ती गर्छु भन्न पाईंदैन । हिजोको गल्तीको कुनै घटना छ भने त्यसलाई सम्झेर गल्ती नदोहोर्याउन चाहिँ पाइन्छ । हिजोकोले चोरे आज म चोर्न पाउँ भन्न चाहिँ पाइदैन । हिजोसम्म म साधु थिएँ, आज म चोर्न पाउँ भन्न पाईंदैन । रत्नाकरलाई बाल्मिकी बन्ने अधिकार छ । तर, बाल्मिकीलाई रत्नाकर बन्ने अधिकार चाहिँ छैन है ! इतिहासबाट पाठ सिक्नुपर्छ । तर, गल्ती दोहोर्याउनु हुन्न ।

o ठीक छ, सरकारलाई त चार वर्षपछि जनताले मन पराएनन् भने परिवर्तन गर्लान्, तपाईंको पार्टीमा चाहिँ परिवर्तनको गुन्जायस छैन ?

मेरो भनाइचाहिँ पार्टीभित्र कलह र वैमनश्य गर्नु हुँदैन । तर, स्वस्थ प्रतिस्पर्धा गर्नुपर्छ । प्रतिस्पर्धाले पार्टीलाई स्वस्थ बनाउँछ । प्रतिस्पर्धाले आन्तरिक र बाह्य लोकतन्त्र पनि बलियो हुन्छ । प्रतिस्पर्धालाई स्वस्थ, स्वच्छ र तीब्र बनाउनुपर्छ । जस्तो(देशमा बहुदलीय प्रतिस्पर्धाले राष्ट्र बलियो बनाउँछ । पार्टीभित्रको लोकतान्त्रिक प्रतिस्पर्धाले संगठन बलियो हुन्छ । तर, यो स्वच्छ हुनुपर्छ । लोकतन्त्रवादीका लागि कोही सत्रु हुँदैनन्, प्रतिस्पर्धीमात्र हुन्छन् ।

o तपाईंले प्रतिस्पर्धा चाहिन्छ भन्दै गर्दा आगामी महाधिवेशनमा सभापतिको प्रतिस्पर्धामा फेरि उत्रिने हो ?

बेला आएपछि भनौंला नि । अहिल्यै हतारो गर्ने हो भने पछि के सोध्नुहुन्छ ? मैले यतिभन्दा त तपाईंले बुझ्नुपर्ने ।

o केपी ओलीका लागि त शेरवहादुर देउवा नै वोहोरिए हुन्थ्यो भन्ने होला होइन ?

हा हा हा .. । किन ? केपी ओलीका लागि शेरवहादुर देउवा त्यस्तो सहयोगी हो र ? आगामी १४ औं महाधिवेशनले नेपाली काँग्रेसमा आमूल परिवर्तन ल्याउँछ । तलदेखि माथिसम्म परिवर्तन हुन्छ । अहिलेसम्म हाम्रो पार्टीमा संघीय संरचना पनि बनिसकेको छैन । यो बडो दुःखद कुरा हो । हाम्रो नेतृत्वमा देश संघीयतामा गयो । तर, हाम्रो पार्टी अहिले पनि केन्द्रीकृत व्यवस्थामै छ । यो दुःखद र कमजोर पक्ष छ । अहिलेसम्म प्रदेश कमिटी पनि बनेको छैन ।

o यो त तपाईंहरुको सामुहिक जिम्मेवारीको कुरा भयो नि होइन ?

होइन, तपाईंले सोधिहाल्नुभयो, मैले त उहाँलाई भनेको छु, तुरुन्तै महाधिवेशन घोषणा गर्नुस् । महाधिवेशन घोषणा गर्न तपाई सक्नुहुन्न अहिले भने, तुरुन्तै संघीय संरचना बनाउने बाटोमा विधानभित्रबाट जानुस भनेको छु । महासमितिले विधान संशोधन गरेर संघीय संरचना तुरुन्तै गठन गर भनेको छ । हामी देशलाई संघीय संरचनामा लाने र आफूचाहिँ केन्द्रीकृत अवस्थामा बस्ने अनि मानसिकता पनि त्यही राख्ने कुरा ठीक हुन्न । देश संघीय लोकतान्त्रिक ढाँचामा गयो, काँग्रेसमा मानसिकता चाहिँ सामन्ती व्यवस्था र संस्कारमा रहने कुरा त ठीक भएन नि । यो त काँग्रेसमात्र होइन, अरु पार्टीलाई पनि भनेको हो । *अनलाइनखबरबाट*

स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हकअधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

मिडियाले पनि नियमनलाई स्वीकार गर्नुपर्छ

काशीराज दाहाल

लोकतन्त्रमा मुख्यतया विधायिकाको प्रभावकारिता, कार्यपालिकाको जवाफदेहिता र न्यायपालिकाको निष्पक्षता र निर्भिकता सँगसँगै खबरपालिकाको पहरेदारिता आवश्यक पर्छ। मिडिया भनेको खबरपालिका हो। जनताको हक अधिकारको राज्यको तर्फबाट अपहरण हुन नदिन, अतिक्रमण हुन नदिन, अनियमितता र भ्रष्टाचार हुन नदिने प्रयोजनका लागि खबरदारी गर्नु यसको मुख्य उद्देश्य हो। राज्यको चौथो अङ्ग भनेर यसलाई किन मानिरहेको भन्दा यसले राज्य र जनता बीचमा एउटा सम्बन्ध सेतुको काम गर्छ। यसले सूचनालाई प्रवाह गर्छ। प्रेसको अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गर्नुहुँदैन भन्ने लोकतन्त्रको मान्यता हो। लोकतन्त्रको आधारभूत मान्यताको सन्दर्भमा अमेरिकाको संविधान जहिले बन्यो, प्रेस स्वतन्त्रतालाई कुण्ठित हुनेगरी कानुन बनाउँन पाइँदैन भनेर स्पष्ट गरियो। स्विडेनलगायतका विभिन्न मुलुकहरुमा लोकतन्त्रको अन्तरवस्तुमध्ये महत्त्वपूर्ण पक्षको रूपमा प्रेस स्वतन्त्रता हो भनेर मानिन्छ।

नेपालको सन्दर्भमा पनि २००७ साल पछाडि मिडियाहरुले प्रजातन्त्रलाई संस्थागत गर्न नागरिकलाई सशक्तीकरण गर्न विभिन्न भूमिका निर्वाह गरेको अवस्था छ। राजनीतिक व्यवस्था अलिकति अनुदार हुँदाखेरी सञ्चार माध्यमको स्वतन्त्रता खुम्चिएको छ। पञ्चायतको ३० वर्ष हामीले हेर्यौं भने मिडियाको दर्ता खारेज हुने, छापाखाना जफत हुने लगायतका विभिन्न समस्याबाट तत्कालीन मिडियाहरुले समस्या भोग्नुपर्यो तर पनि आफ्नो भूमिका, प्रजातान्त्रिक व्यवस्थाका लागि एउटा मिसनका रूपमा निरन्तर काम गरेको थियो। २०४६ सालको परिवर्तनपछि ४७ सालको संविधानमै पत्रपत्रिकासम्बन्धी हकको व्यवस्था गरियो। दर्ता खारेज नहुने, जफत नहुने संविधानले पहिलो सुनिश्चितताको ग्यारेन्टी गरिएको हुनाले निर्भीकताको साथ काम गर्न सम्भव भयो। राजाको प्रत्यक्ष शासनको बेलामा, सङ्कटकालको बेलामा मिडियहरुमाथि अवरोध भए। पत्रिकाहरु जफत भए। त्यति हुँदाहुँदै पनि नेपालका पत्रकारिता र मिडियाले के भूमिका निर्वाह गर्यो भने जनताको सशक्तीकरण, लोकतन्त्रलाई सुदृढीकरण गर्ने लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापनाका लागि लामो समय मिडियाले एउटा मिसनको रूपमा भूमिका निर्वाह गरेको देख्छौं।

२०६३ सालको संविधान आइसकेपछि खुकुलो र उदार व्यवस्थाको सुरुवात भयो। त्यसमा सञ्चारमाध्यम अवरुद्ध गर्न पाइँदैन भन्ने संवैधानिक प्रत्याभूतिसहित अझ बढी प्रेस स्वतन्त्रताको प्रत्याभूति गरियो। प्रस्तावनामै प्रेस पूर्ण स्वतन्त्र हुने अन्तरिम संविधानमै लेखियो। त्यसको निरन्तरता अहिले २०७२ सालमा संविधानसभाले जारी गरेको संविधानमा पनि पूर्ण प्रेस स्वतन्त्रता छ, विचार अभिव्यक्तिको स्वतन्त्रतालाई प्रत्याभूत गरेको छ। सञ्चारको हकलाई स्पष्ट गरेको छ। केवल विचार र अभिव्यक्तिको स्वतन्त्रतामा कानुनले मनासिब केही अवस्थामा मात्र प्रतिबन्ध लगाउन सकिन्छ नत्र सकिँदैन भन्ने ग्यारेन्टी दिएको छ। मिडियाको कुनै सूचना प्रवाहबाट समाजलाई क्षति पुग्ने, गम्भीर हानी हुने रहेछ अथवा व्यक्तिको जीवनमा गम्भीर आघात पुग्ने रहेछ जस्ता सीमित अवस्थामा बाहेक अन्य अवस्थामा मिडियामाथि प्रतिबन्ध लगाउन सकिँदैन भन्ने कुराको संवैधानिक प्रत्याभूति छ।

लोकतन्त्रपछि मिडियाको भूमिका

गणतन्त्र आइसकेपछि मिडियाले खासगरी लोकतन्त्रलाई संस्थागत गर्न संविधान निर्माणका लागि दबाब दिने मिसन बनाएको देखियो। संविधानसभाले समयमै संविधान बनाओस, नागरिकका अधिकार संरक्षित होस, उपलब्धिलाई संस्थागत गर्न सकियोस् भन्ने कुरा मिसनकै रूपमा अगाडि बढेको देख्न सकिन्छ। तर अहिलको स्थितिमा के भयो भने खाली न्युजभन्दा पनि भ्युज दिने र दलीय स्वार्थका लागि मिडियाहरु पनि विभाजित भएको पाइन्छ। कसैको प्रभावमा विचार बनाउने, जुन किसिमले सही सूचना प्रवाह गर्नुपर्नेमा थोरै केही हदसम्म राजनीतिले प्रभाव पारेको अवस्था अहिलेसम्म पनि निमिट्यान्न नभएको अवस्था देखिन्छ। यसमा पनि बिजनेस हाउसहरु आए। सञ्चार माध्यममा सम्पादकीय स्वतन्त्रतामा जुन किसिमको भूमिका खेल्नुपर्ने हो, त्यसमा मुनाफा आर्जन गर्ने तरिकाबाट अघि बढेको देखियो। २०६२/०६३ को आन्दोलनपछि मिडियामा हामीले के हेर्नुपर्छ भने संविधानले चाहिँ प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गर्यो। लगानीहरु पनि आकर्षित भए। मिडियामा काम गर्ने जनशक्ति पनि विकास भएको छ। लैङ्गिताको विषयमा पनि महिला लगायतको पक्ष हेर्दा पनि समावेशी भएर आएको छ। तालिम लगायत पठन पाठनमा पनि धेरै संस्थाहरु खुलेका छन्। तर पनि के भयो भने व्यावसायिकताको कसीमा जुन खरो रूपमा उत्रिनुपर्ने त्यसमा चाहिँ समस्या छन्।

लगानी पारदर्शिता गर्नुपर्ने, लगानी गर्नेहरुले पनि सञ्चार माध्यममा काम गर्नेहरुको सीप, क्षमता विकासमा लगानी गर्नुपर्ने र उनीहरूलाई तोकिएको न्यूनतम पारिश्रमिक दिनुपर्नेमा मिडिया सञ्जालन गर्नेहरुले ध्यान दिन सकेका छैनन्।

जसरी मिडियाकर्मीले जोखिम मोलेर काम गर्दा सम्मान गर्नुपर्ने हो, न्यूनतम पारिश्रमिक दिनुपर्ने हो सबैतिर सन्तुलित रूपमा हुन सकेको छैन। यो एउटा चुनौती छ। दोश्रो चुनौती भनेको हामीले विगतका ऐन कानुनलाई संविधानसम्मत हुनेगरी पुनरावलोकन गर्न सकिएको छैन। छापाखाना तथा पत्रपत्रिकासम्बन्धी पुरानै कानुनहरु छन्, प्रसारणसम्बन्धी ऐनहरु पनि पुरानै छन्। कतिपय पुराना कानुनहरुलाई अध्यावधि गर्नुपर्ने कतिपय चुनौतीहरु छ। त्यो अध्यावधि हुन सकिरहेको छैन।

तेस्रो भनेको न्यु मिडियाहरु, सामाजिक सञ्जालको जुन विस्तार भएको छ, सञ्चार माध्यमको नयाँ स्वरूपको रूपमा आएको सामाजिक सञ्जाललाई पनि कसरी जिम्मेवार बनाउने, कसरी जवाफदेही बनाउने, कसरी नागरिकप्रति जिम्मेवार र उत्तरदायी बनाउने भन्ने कुरामा पनि केही गर्नुपर्ने अवस्था छ।

फेसबुक ट्विटर सामाजिक सञ्जालको जुन किसिमबाट विस्तार भएको छ, यसले तत्कालै सूचना सञ्चारमा सहयोग त पुऱ्याएको त छ तर अझै यसलाई मर्यादित बनाउनका लागि केही कार्य गर्नुपर्ने अवस्था छ। यसको अर्थ यसलाई नियन्त्रण गर्नुपर्छ भन्ने चाहिँ हैन। अब मिडियाको उद्देश्य चाहिँ के हुनुपर्छ भने मिडियाको स्वतन्त्रता भनेको नागरिकको नासो हो, नागरिकभन्दा मिडिया माथि हुँदैन। नागरिकको हक अधिकारलाई रक्षा गर्ने, नागरिकलाई सशक्तीकरण गर्ने काममा मिडियाले सहयोगी भूमिका खेल्नुपर्छ। त्यो कारणले मिडियाले स्वतन्त्रता पाएको हो। यो अर्थमा जुन किसिमको विविधता छ, त्यो विविधतालाई अन्त्य गर्ने, समतामूलक समाज निर्माण गर्ने, दिगो शान्ति सुशासन र विकासको जुन चाहना हो। त्यसलाई पूरा गर्नेतर्फ पनि नेपाली मिडियाहरु बढी केन्द्रित हुनुपर्छ। नागरिकलाई सशक्तीकरण गर्ने, असल शासन कार्यान्वयन गर्ने दिशामा लान, राज्यका विभिन्न तहमा रहेका पदाधिकारीलाई सही मार्गमा काम गर्न त्यो किसिमको व्यवस्थाको विकास गर्न नेपाली मिडियाले तथ्यपरक, सत्यपरक, सन्तुलित सूचना सम्प्रेषण गरेर अगाडि बढ्नुपर्छ। यसमा पनि आवाजविहीनहरु छन्। कतिपय मूल प्रवाहमा आउँन सक्दैनन्। तीनको समस्यालाई मूल प्रवाहमा ल्याइदिनुपर्छ। कुनै ठाउँमा हामी भौगोलिक दृष्टिकोणले पछाडि परेका छौं। शिक्षा, स्वास्थ्यको दृष्टिकोणले पनि पछि परेका छौं। विभिन्न दृष्टिकोणले पछाडि परेका वर्ग समुदायहरु छन्। उनीहरुलाई मूल प्रवाहमा ल्याएर परिवर्तनको अनुभूति दिने, सामाजिक न्यायलाई मुखरित बनाउने, यो काममा सञ्चार माध्यमहरुले अनुसन्धानात्मक काम जस्तैस एउटा पहरेदारीको भूमिका, वस्तुगत सूचनाहरुको सङ्कलन गर्ने, सहजीकरणको भूमिकामा पनि काम गर्नुपर्छ।

नागरिक कर्तव्य र शिक्षाका लागि मिडियाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। औसत नेपाली जनतालाई कतिपय कुरामा अज्ञानता छ। त्यो अज्ञानतालाई सूचनाको विस्तारबाट आमसञ्चार माध्यमले हटाउन सक्छ। चाहे वातावरणको विषयमा होस्, चाहे उपभोक्ताको हक अधिकारको विषयमा होस्, चाहे राज्यको काम कारबाहीमा उसको सहभागिताको विषयमा हुन्। चाहे जनतालाई पारदर्शिता बनाउने विषयमा होस्। अहिले नै हेर्ने हो भने स्थानीय तह र प्रदेश तहमा विभिन्न शीर्षकमा बजेटहरु गएका छन्। त्यहाँ ठीक ढङ्गले काम भए कि भएनन्। त्यो कुराको जनताले अनुगमन गर्ने, निगरानी गर्न सक्ने गरी सशक्तीकरण गर्ने, सहभागिता बढाउने विषयमा सञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। अहिलेको अवस्थामा केही चुनौती छन्। नयाँ ऐन कानुन बनाउनुपर्ने चुनौतीहरु छन्। सञ्चार माध्यमको लगानीलाई पारदर्शिता बनाउनुपर्ने आवश्यकता छ। एकाधिकारको अन्त्य गर्नुपर्ने अवस्था छ। श्रमजीवीहरुलाई तोकिएको तलब दिनुपर्ने अवस्था छ। अहिलेको परिवर्तित सन्दर्भमा अध्यावधिक ऐन कानुन बनाएर नागरिकको बीचमा परिवर्तनको अनुभूति दिलाउनुपर्ने अवस्था छ।

अबको मिडिया गन्तव्य

लोकतन्त्रलाई संस्थागत गर्ने, विधिको शासनलाई कायम गर्ने, सुशासन कायम गरेर नागरिकको हक अधिकारको रक्षा गर्ने, पछाडि परेका वर्ग समुदायलाई मूल प्रवाहमा ल्याउने, नागरिक शिक्षाका रूपमा नागरिकको कर्तव्य र जिम्मेवारी बोध गराउने जिम्मेवारी लिएर अगाडि बढ्यौं भने नेपाली मिडियाको भविष्य सुनिश्चित छ। मिडियाको स्वतन्त्रता र सक्रिय भूमिकाको अभावमा लोकतन्त्र जीवन्त हुँदैन। नागरिक अधिकारको संरक्षण हुँदैन। यसकारण मिडियाको अपरिहार्यताको राज्यले पनि बुझ्नुपर्छ। मिडियाले पनि हाम्रो अधिकार जनताको नासो हो भन्ने बुझेर त्यही किसिमको जिम्मेवारी लिएर अघि बढ्नुपर्छ। संविधानले लिएको उद्देश्य समतामूलक समाज निर्माण गर्ने हो। जनतालाई लोकतन्त्रको लाभ न्यायोचित वितरण गर्न मिडियाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। लोकतन्त्र स्थापनाका निम्ति विगतमा हामीले गरेका सङ्घर्ष र मिसन जुन थियो त्यो पूरा गर्न मिडियाको भूमिका उल्लेखनीय छ जस्तो मलाई लाग्छ।

सरकार र मिडियाको सम्बन्ध

लोकतन्त्रमा संसद् पनि प्रभावकारी हुनुपर्छ। विधायिकाको काम भनेको संविधानको भावना र ममेअनुसार कानुन बनाउने हो। विवेकशील कानुन बनाउन संसद क्रियाशील हुनुपर्छ। सरकार नागरिकप्रति जवाफदेही र पारदर्शी हुनुपर्छ। जनतालाई चुस्त सेवा र सुशासन दिनुपर्छ। त्यो अनुसारको काम गर्यो कि गरेन भनेर हेर्ने, खरदारी गर्ने काम चाहिँ मिडियाको हो। न्यायपालिकाले निस्पक्ष र निर्भीकताका साथ दुरासय र आग्रह पूर्वाग्रह नराखी काम गर्नुपर्छ। न्यायपालिकाको विषयमा दुरासय आग्रह पूर्वाग्रह नराखी स्वच्छ टिप्पणी गर्न पाइन्छ। राज्यले पनि के गर्नुपर्छ भने अहिलेको परिवर्तित सन्दर्भमा मिडियाको स्वतन्त्रतालाई कुण्ठित नहुनेगरी ऐन कानुन बनाउन सक्छ। आवश्यक सुविधाहरु दिनुपर्छ। मिडियाले पनि आग्रह पूर्वाग्रह नराखी टीकाटिप्पणी गर्ने शैलीको विकास गर्नुपर्छ।

राजनीतिक आस्थाको आधारमा एकअर्कालाई आरोप प्रत्यारोपभन्दा पनि सही कुराको सूचना दिने, सत्य, तथ्य, वस्तुपरक र सन्तुलित सूचना दिनुपर्ने जुन अचारसंहिता छ त्यसअनुसार मिडियाले काम गर्नुपर्छ। अहिले सरकारले त्याएको मिडिया काउन्सिल विधेयकमाथि केही प्रश्नहरु उठिरहेका छन्। त्यसलाई छलफलको माध्यमबाट टुङ्ग्याउनुपर्छ। संविधानसम्मत बनाउने किसिमले त्यसलाई सुधार गर्नुपर्छ। सुधार हुन सक्ने ठाउहरु छन्, केही बुँदामा सुधार गर्नुपर्छ। अबको लोकतान्त्रिक व्यवस्थामा नियमन गर्न सकिन्छ, नागरिक अधिकार नियन्त्रण गर्न सकिँदैन। लोकतन्त्रमा सरकार गणितले बन्छ। त्यसको सञ्चालन चाहिँ लोकतान्त्रिक विधिले हुन्छ। यो व्यवस्थामा नियन्त्रण भन्दा पनि नियमन हुन्छ। मिडियाले पनि नियमनलाई स्वीकार गर्नुपर्छ। सरकारले पनि तर्कपूर्ण आधारमा नियमनको विधिलाई अवलम्बन गर्नुपर्छ। त्यस किसिमको सन्तुलित दृष्टिकोणबाट हामी अगाडि बढ्यौं भने लोकतन्त्र जीवन्त हुन्छ, लोकतन्त्रको भविष्य सुखद् हुन्छ। धेरै मुलुकले लोकतन्त्र पाए तर हामीले लोकतान्त्रिक अभ्यास गर्न सकेनौं। सवैधानिक संस्कृतिको विकास गर्न नसक्दा लोकतन्त्रभित्र जुन द्वन्द्व र विकृतिहरु आइरहेको छ, ती मुलुकहरुबाट हामीले के सिक्नुपर्छ भने एकले अर्काको सम्मान गर्ने, आफ्नो सीमा बुझ्ने, आफ्नो मर्यादाभित्र रहेर काम गर्ने संस्कृतिको विकास गर्यौं भने मात्र भविष्य सुनिश्चित हुन्छ।

चिनीलाई पनि चुरोटलाई जस्तै हानिकारक मान्ने बेला आयो कि ?

निक ट्रिगल

गएको दशकमा धूमपानलाई सीमान्तकृत र कलङ्कित बनाइएको छ। ब्रिटेनमा सन् २००७ मा धूमपान प्रतिबन्धित गरियो, त्यसको एक दशकपछि सामान्य खोल राख्नुपर्ने बाध्यकारी व्यवस्था गरियो। त्यो सबै मानिसहरूलाई चुरोट खानबाट निरुत्साहित गर्न गरिएको हो। र, चिनी पनि चुरोटकै बाटो लागिरहेको देखिन्छ। ब्रिटेनमा गुलियो पेय पदार्थमाथि कर लगाइएको छ। र अहिले अग्रणी थिङ्क ट्याङ्कले गुलिया पदार्थको आवश्यकता भन्दा बढी खपतका कारण चिनी प्रयोग हुने सबै खाद्यपदार्थहरूलाई आकर्षक नबनाइयोस भनेर साधारण खोल राखेर बेच्नुपर्ने व्यवस्था गर्न माग गरिएको छ। उक्त माग इन्स्टिट्यूट फर पब्लिक पोलिसी रिसर्च (आइपिपिआर) ले आफ्नो नयाँ प्रतिवेदनमा गरेको छ।

सामान छान्न उपयोगी

आइपिपिआरका निर्देशक टम किबासी यसले साँच्चै फरक पार्ने विश्वास गर्छन्। "साधारण खोलले हामीलाई राम्रो सामान छान्न मद्दत गर्छ र व्यस्त अभिभावकलाई सामान किनिदिन कर गर्ने बच्चाले गर्ने पिरलोमा कमी ल्याउँछ," उनले भने। यसको साथै तयारी खानेकुराहरूको विज्ञापनमा पनि प्रतिबन्ध लगाउने लगायतका अरू उपायहरू अपनाइएको उनी हेर्न चाहन्छन्। त्यसबारे पहिल्यै मन्त्रीहरूले सोचिसकेका छन्। तर के साधारण खोल हाल्ने कदम सफला होला ?

कदमविरुद्ध उद्योग

उद्योगहरूले यसबारे आपत्ति जनाइसकेका छन्। खाद्यान्न र पेय पदार्थसम्बन्धी महासङ्घले सामानको ब्यान्डिङ गर्न पाउनु आफ्नो "आधारभूत व्यवसायिक स्वतन्त्रता" र "प्रतिस्पर्धा विपरित" भएको दावी गरेका छन्। त्यस्तै खालको तर्क चुरोट उद्योगहरू पनि अघि सारेका थिए। तर एकपछि अर्को सरकारले त्यसपछि कडा अडान राख्दै आएका छन्। तर गुलिया खानेकुराहरूमा साधारण खोल हाल्ने कुरालाई भने सरकारले निर्देशन दिइसकेको छैन। बरु, स्वास्थ्य र सामाजिक सुरक्षासम्बन्धी मन्त्रालय डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसियल केअरले इङ्ल्याण्डका प्रमुख मेडिकल अधिकृत प्राध्यापक डेम स्याली डेभिसले के भन्छिन् त्यो सुन्न पर्खिरहेको जनाएको छ। किन ? किनभने सन् २०३० सम्ममा बालबालिकामा देखा पर्ने मोटोपनाको समस्या आधा कम गर्ने लक्ष्य पूरा गर्न साहसिक कदम चाल्न आवश्यक छ। त्यसका लागि कुनै पनि कसर बाँकी नराखिएको सुनिश्चित गर्नका लागि डेम स्यालीलाई त्यस्ता कदमहरूको समीक्षा गर्न भनिएको छ। खासमा, उनले आइपिपिआरले अघि सारेको अर्को उपाय अपनाउन पनि सुझाव दिइसकेकी छन्।

त्यो उपाय भनेको चाहिँ गुलियो पेय पदार्थदेखि अन्य अस्वस्थकर खानेकुरासम्म कर बढाउनु एउटा सहि विकल्प हुने उनको सुझाव छ। र, उनी साधारण खोलको उपायबारे पनि खुला छिन् जुन अझै कडा कदम हुने पक्का छ। बितेको दशकबाट के स्पष्ट भएको छ भने जे सम्भव छैन भन्ने देखिएको थियो त्यो छिट्टै सम्भव हुनसक्छ। सन् नब्बेको दशकको सुरुमा स्वास्थ्य अभियानकर्मी र प्राज्ञिक निकायहरूले सार्वजनिक स्थलमा धूमपान गर्न प्रतिबन्ध लगाउनुपर्नेमा निरन्तर दबाब दिइरहेका थिए। सरकारले एकपछि अर्को गर्दै उक्त कदमलाई निरूत्साहित गर्यो। तर पेट्रिसिया हेविट स्वास्थ्यमन्त्री भएपछि अवस्था विस्तारै परिवर्तन हुनथाल्यो एकपछि अर्का कडा उपायहरू अवलम्बन गरियो। उनको त्यस्तो प्रयासले काम गरेको देखिन्छ किनकि विगत १० वर्षमा चुरोट पिउनेको दरमा एक तिहाईले कमी आएको छ। चुरोटको विकल्पमा विद्युतीय उपकरणमार्फत निकोटिन मिश्रित वाफ तान्ने र फाल्ने 'भ्यापिङ'को वृद्धिका कारण पनि चुरोट पिउनेको सङ्ख्यामा कमी आएको हो। तर जनस्वास्थ्यबारे चालिएका कडा नियमहरूको पनि त्यसमा भूमिका रहेकोमा कुनै शङ्का छैन। सुर्तीजन्य उत्पादनमा सादा खोल हाल्नुपर्ने नियम पहिलोपटक लगाउने अस्ट्रेलियाकै उदाहरण हेर्ने हो भने पनि त्यस्तो कदमले धूमपान दरमा कमी ल्याउन उल्लेख्य भूमिका खेल्ने देखाएको छ। मोटोपनाबारे बहस तीव्र रुपमा बढिरहँदा चिनीमाथि चालिने कडा कदमहरूको पक्षमा धेरै कुरा सुन्न पाइने अपेक्षा गर्नुहोस्।

निर्देशनमा भन्दा स्टेज शोमा बढी ब्यस्त रहन्छु

सुनिता बस्नेत, *नृत्यांगना, निर्देशक*

म्युजिक भिडियो निर्देशनमा सक्रिय रहेकी सुनिता बस्नेतले हालसम्म एक दर्जन भन्दा बढी भिडियो निर्देशन गरिसकेकी छन। हिजोआज गीत सुन्ने भन्दा हेर्ने चलन बढेको छ। यहाँ दैनिक नयाँ-नयाँ म्युजिक भिडियोहरु बनिरहेका छन्। मासिक सयौंका संख्यामा भिडियोहरु निर्नाण भएपनि निर्देशनमा पुरुष हावी छ। जसमा थोरै भिडियो निर्देशन गर्ने महिलामध्ये एक हुन सुनिता बस्नेत। उनी व्यस्त निर्देशकमध्ये एक हुन। तर, अहिले पनि महिला निर्देशकलाई सहज भने छैन। सुनिता भन्छिन, 'म्युजिक भिडियो निर्देशनमै यतिका वर्ष बिताएँ, तर महिला भएकै कारण अझै असहज छ।' उनि नाम चलेका नृत्यांगना पनि हुन। यिनै व्यस्त निर्देशक एवं नृत्यांगना सुनितासँग म्युजिक भिडियो निर्माण र निर्देशनमा केन्द्रि रहेर गरेको कुराकानी

० हिजोआज केमा व्यस्त हुनुहुन्छ ?

प्रायजसो स्टेज कार्यक्रममा अलि बढी नै व्यस्त हुन्छु। नृत्य प्रशिक्षक भएकोले गर्दा यता पनि समय दिनु पर्छ। म्युजिक भिडियो पनि गरिरहेको छु।

० यो क्षेत्रमा कसरी लाग्नुभयो ?

सुरुमा म्युजिक भिडियो निर्देशन गर्छु भनेर सोचेकी थिइनँ। नृत्यको प्रशिक्षण लिने क्रममा गीतसंगीतका व्यक्तित्वहरुसँग भेटघाट बाक्लिदै गयो। एक जना गायकले म्युजिक भिडियो बनाउने सोच बनाउनुभएको रहेछ, उहाँले मलाई के देखेर भिडियो निर्देशन गर्न दिनुभयो। कामको प्रतिफल राम्रै निस्क्यो। सबैले राम्रो छ, यत्तिको क्षमता भएको मान्छेले जस्तो पनि गीतको भिडियो निर्देशन गर्न सक्छ भनेर उत्साउनु भो, उहाँहरुको हौसलाले आत्मवल बढ्यो। त्यसपछि निरन्तर यसै क्षेत्रमा लागि परेको छु।

० पहिले र अहिलेमा के भिन्नता पाउँनु भो त ?

एउटा भिडियो बनाएँ, सबैतिरबाट स्यावासी पाइयो तर, सोचेजस्तो नहुने रहेछ। महिला भएकै कारण सुरुका दिनहरुमा काम दिन हिचकिचाउने, कलाकारले पनि नपत्याउने, प्राबिधिकले पनि आफुले भनेजस्तो सहयोग नगर्ने जस्ता विविध कठिनाईको सामना गर्नुपऱ्यो। हिजो मसँग काम गर्न नरुचाउनेहरु अहिले मेरो गीतको भिडियो बनाइदिनु पऱ्यो भनेर आउँनु हुन्छ खुशिलाग्छ।

० तपाईलाई मन पर्ने बिधा ?

विशेष त आधुनिक गीतमा नृत्य गर्ने भएकोले आधुनिक गीतको भिडियो निर्देशन गर्न मन पर्छ। तर, पनि भिन्न-भिन्न खालको भिडियो निर्देशन गर्न रुचाउँछु म।

० म्युजिक भिडियो निर्माणको संख्या बढेको हो ?

भिडियो बन्ने क्रमले तिब्रता पाएको छ अहिले। अहिले सुन्ने गीतभन्दा हेर्ने गीतको प्रचलन बढेको छ। धेरैले काम पाइरहेका छन्। यो सकारात्मक पक्ष हो। तर, गुणात्मकभन्दा संख्यात्मकलाई बढुवा दिनेहरुका कारण म्युजिक भिडियोको स्तर घट्दै गएको महसुश गरेकी छु।

० महिलाको संख्या निर्देशनमा कम हुनुको कारण ?

यो क्षेत्रमा महिलालाई काम गर्न गाह्रो छ। महिलालाई सुरुमा कसैले पत्याउँदैनन्। निर्देशन भनेको क्रियटिभ काम हो। त्यसैले महिलाले गर्न सक्दैन कि भन्ने भ्रम पुरुषमा छ। त्यो मैले पनि भोगेकी छु। बिस्तारै यस्तो सोचमा परिवर्तन आउनु जरुरी छ।

० चलचित्र निर्देशन गर्ने सोच छैन ?

खासमा मेरो बिधा भनेको नृत्य नै हो। नृत्यसंगै निर्देशनमा पनि बिस्तारै अघि बढ्दैछु। त्यसैले केही समयपछि चलचित्र पनि निर्देशन गर्ने सोच बनाएकी छु हेरौं भग्यले कत्तिको साथ दिन्छ।

० यो क्षेत्रमा छाडापन आको हो तपाईंलाई कस्तो लाग्छ ?

पछिल्लो अवस्थामा लोकदोहरी गीतसंगीतको उचाई बढेको देखिन्छ। भिडियोले पनि राम्रै चर्चा पाईरहेको हामी पाउँछौ। जहाँसम्म छाडापनको कुरा छ त्यो म्युजिक भिडियोभन्दा पनि स्टेज कार्यक्रममा कलाकारहरुले प्रस्तुत गर्ने शब्द र भल्गर दृश्यका कारण छाडापन देखिएको हो। क्षणिक रमाईलोका लागि आफ्नो पन भुल्नु हुदैन। लोक कलासंस्कृति भनेको हाम्रो पहिचान हो, यसलाई सम्बर्द्धन र संरक्षण गर्नु हामी सबैको दायित्व हुन्छ।

० तपाईं यो क्षेत्रमा खुसी हुनुहुन्छ ?

खुसी छु। यहाँसम्म आउँदा मैले आफ्नो परिचय बनाएकी छु। सबैले चिन्न थालेका छन्। सुरुवातमा जे-जस्तो अवस्था भोगेपनि अहिले टिमवर्कमा काम गर्दा रमाइलो लागिरहेको छ।

० यो क्षेत्रमा लागेर के पाउनुभयो ?

सबैभन्दा ठूलो कुरा दर्शकबाट मायाँ, साथ र सम्मान पाएकी छु। अहिले कामको मुल्यांकन हुन थालेको छ। बिभिन्न संघ, संस्थाबाट सम्मान र पुरस्कार पाएको छु। मेरो लागि अरु के चाहियो।

पत्रकार....

विरुद्धमा आन्दोलन गर्दा पनि सत्तापक्षले भने त्यसका विषयमा स्पष्ट रुपमा आफ्नो धारणा राख्न नसक्दा सर्वत्र अन्योल छाएको छ । प्रधानमन्त्री समेत रहेका सत्तारुढ नेकपाका अध्यक्ष खड्गप्रसाद शर्मा ओली तथा संचार तथा प्रशारण मन्त्री गोकुल बास्कोटा प्रस्तावित विधेयक जस्ताको त्यस्तै पारित गर्ने पक्षमा देखिएका छन् भने नेकपाकै अर्का अध्यक्ष पुष्पकमल दाहाल भने विधेयकमा परिमार्जन आवश्यक रहेको पक्षमा छन् ।

जागरण....

भन्ने र गुटबन्दीको अन्त्य गर्न सके काँग्रेस दुब्लाउनुको सट्टा मोटाउने जानकारहरूले दुखेसो व्यक्त गरेका छन् । महंगी भ्रष्टाचार शान्तिसुरक्षा करआतङ्क लगायतका जनतासँग सरोकार राख्ने मुद्दाहरूलाई काँग्रेसले दोस्रो चरणको जागरण अभियानमा उठाउनुपर्ने र सशस्त्र प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने शुभचिन्तकहरूले बताएका छन् । मुलुकको भविष्य काँग्रेसकै जगमा जोडिएकाले नेतृत्व र व्यवस्थापन ठीक भए काँग्रेस फेरि जाग्ने आशा र विश्वास गरिएको छ ।

प्रधानमन्त्रीलाई....

पटक भारत एक पटक चीन, अमेरिका, कोष्टारिका, स्वीजरल्याण्ड, भियतनाम र कम्बोडियाको भ्रमण गरिसकेका छन् । भारतीय समकक्षी नरेन्द्र मोदीको शपथग्रहण समारोहमा भाग लिन दिल्ली पुगेर फर्किएलगतै प्रधानमन्त्री ओली एक हप्ताको लागि यूरोप भ्रमणमा निस्केका हुन् । सम्वृद्ध नेपाल र सुखी नेपालीको नारा लिएर बारम्बार विदेश भ्रमणमा निस्किएका ओलीले नेपालमा लगानी गर्न गरेको आग्रहलाई विदेशीहरूले खासै वास्ता नगरेको जानकारहरूले बताएका छन् । विदेशमा बस्ने नेपालीहरूलाई स्वदेशमा लगानी गर्न गरेको आग्रह पनि उपलब्धीमूलक बन्न नसकेको अवस्थामा ओलीको विदेश भ्रमण-भ्रमणमा मात्र सीमित बन्न पुगेको बताइएको छ ।

साढे....

जागरण अभियानका क्रममा देशव्यापी देखिएको उनले बताए । अभियानका क्रममा सत्तारुढसहित अन्य दलहरुबाट कांग्रेसमा प्रवेश गर्नेहरुको संख्या ३१ हजार छ सय ४२ रहेको पनि उनले तथ्यांक प्रस्तुत गरेका थिए । शर्माले जागरण अभियानका क्रममा पार्टीलाई घरेलुजीवन र राष्ट्रिय राजनीतिको भूमिकाका सन्दर्भमा महत्वपूर्ण सुझाव प्राप्त भएको उल्लेख गर्दै भने, 'नेपाली कांग्रेसलाई सुदृढ र नवीन बनाउँदै अघि बढ्न जागरण अभियान क्रममा औल्याइएका कमजोरीलाई आत्मसात गर्दै तिनलाई क्रमशः निराकरण गर्दै नेपाली कांग्रेस अघि बढ्नेछ ।' पहिलो चरणको महिना दिनमा दुई हजारभन्दा बढी कार्यक्रम सम्पन्न भएका थिए ।

दोस्रो चरणको अभियान आगामी भदौ २४ गते शुरु भई असोज ७ सम्म चल्नेछ । त्यसअघि नै नेपाल विद्यार्थी संघलगायत भ्रातृ संस्थाबारे आवश्यक निर्णय लिइने जनाइएको छ । दोस्रो चरणअघि नै केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको नेतृत्वमा विभिन्न तहमा प्रशिक्षण कार्यक्रम गरिनेछन् ।

गुठी....

पदाधिकारीमै सीमित छ । काँग्रेसले पहिलो चरणको जागरण कार्यक्रममा भ्रातृ संस्था परिचालन गर्ने भनिए पनि समिति नहुँदा समस्या परेपछि दोस्रो चरणको अभियानअघि नै भातृ संस्था चुस्तदुरुस्त बनाउने संकेत देखिएको छ । बुधबार सानेपास्थित केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रवक्ता विश्वप्रकाश शर्माले नेविसंघ गठन र तरुण दललाई यथाशक्य पूर्णता दिने बताएका हुन् ।

काँग्रेसले दोस्रो चरणको अभियान बीपी जयन्तिको अवसर पारेर भदौ २४ बाट सुरु गर्ने जनाएको छ । काँग्रेसले दोस्रो चरणको जागरण अभियान अगाडि नै संघीय संरचनाअनुसार संगठन विस्तार गर्ने पनि घोषणा गरेको छ । पहिलो चरणको जागरण अभियान सम्पन्नपछि पहिको पटक पत्रकार सम्मेलन गर्दै प्रवक्ता शर्माले यो घोषणा गरेका हुन् । "जागरण अभियानका क्रममा पार्टी भित्रका कमजोरी पहिचान भएका छन् । कमजोरी आत्मसात् गर्दै निराकरण गरिने छ," प्रवक्ता शर्माले भने । केन्द्रीय प्रतिनिधिहरुलाई असार १४ गतेभित्र अभियानको लिखित प्रतिवेदन बुझाउन पनि उनले आग्रह गरे । प्रतिवेदन आएपछि केन्द्रीय कार्यसमितिले ७७ जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिसँग संयुक्त विमर्श गर्ने छ । सो कार्यक्रममा उनीहरुले जिल्ला जिल्लामा प्राप्त सुझाव जस्ताको त्यस्तै नेतृत्वलाई जानकारी गराउनेछन् ।

करोडौं....

चलाइएका पप्पु कन्स्ट्रक्सनका मालिक एवं निलम्बित सांसद हरिनारायण रौनियारलाई कालोसूचीमा परेका कारण राहत नभएको जानकारहरूले बताएका छन् । सार्वजनिक खरिद नियमावली सातौं संशोधनले साना र मझौला निर्माण व्यवसायीहरूलाई भन्दा ठेक्कापट्टामा चलखेल गरेर सेटिङ्ग मिलाउन सक्नेलाई मात्र राहत पुगेको जानकारहरूले बताएका छन् । आगामी श्रावण १ गतेदेखि देशव्यापी आन्दोलनको घोषणा गरेका निर्माण व्यवसायीहरूले आन्दोलन लिएपनि असन्तुष्टि जनाउँदै दिनमा कसरी अगाडि बढ्ने भन्ने रणनीतिमा जुटेको समाचारमा उल्लेख गरिएको छ । हाल मुलुकभर पन्धहजारको हाराहारीमा निर्माण व्यवसायीहरूले व्यवसाय सञ्चालन गर्दै आइरहेका छन् ।

भूमाफियाको....

माफियाहरूको इशारामा दुई तिहाई सरकारको बलमा स्वर्गद्वारी र जनकपुरमा रहेको हजारौं रोपनी जग्गा हात पार्न गुठी विधेयक ल्याइएको चर्चा चलेको छ ।

गुठी सम्बन्धी विधेयकमा गत जेठ २६ गते माइतीघरमा शान्तिपूर्ण विरोधमा उत्रिएका गुठीयार माथि सरकारले बल प्रयोग गरेपछि सत्तापक्ष (नेकपा) कै सांसदहरूले चर्को विरोध गरेका छन् । मन्त्री अर्याललेभूमाफियाहरूको जगमा टेकेर निजी गुठीलाई सार्वजनिक र सार्वजनिक गुठीलाई व्यक्तिगत बनाउने खेलमा लागेको जानकारहरूले बताएका छन् । गुठीसम्बन्धी विधेयकको विरोधमा प्रतिपक्ष दल काँग्रेस लगाएका दलहरूले संसद् अवरुद्ध पारेपछि छलफल धकेलिन पुगेको छ ।

मन्त्री अर्याल जनताको सेवा र सुविधामा भन्दा जग्गाका विचौलिया दलाल र भूमाफियाहरूको घेराबन्दी परी समस्या लिएर आउने जनताबाट टाढिने गरेको मन्त्रालय स्रोतले बताएको छ । मन्त्रालय मातहतका विभाग र कार्यालयहरूमा नेकपा पृष्ठभूमिका कर्मचारीहरूको मात्र कुरा सुन्ने लोकतन्त्रवादीहरूलाई कसिङ्गर ठान्ने गरेको सरोकारवालाहरूको आरोप छ ।

मन्त्रीलाई....

विकास मन्त्री भएदेखि नै खनालले प्रभावकारी काम गर्न सकेका छैनन् । अहिले मनसुन भित्रिएर धमाधम रोपाइ सुरु गर्ने बेलामा किसानहरु रासायानिक मल नपाएर प्रताडित बन्न पुगेका छन् । देशमा अहिले रासायनिक मलको हाहाकार छ । जबकी किसानलाई यो मौसाममा सवालाख टन मलको आवश्यकता पर्दछ । मल खरिदका लागि मन्त्रालयले ठोस पहल नगरेको बताईन्छ । मुलुकलाई आवश्यक पर्ने मल कृषि सामग्री कम्पनी र साल्टट्रेनिङ्ग मार्फत् खरिद हुँदै आएको छ । हरेक वर्ष सरकारले समयमै मल खरिद नगर्दा किसानहरु मर्कामा पर्ने गरेका छन् । २ तिहाई बहुमत सरकारका कृषि मन्त्री खनाल पनि विगतका कृषिमन्त्री जस्तै कमिशन र सुविधामा लटपटिए पछि किसानहरुले जुन जोगी आएपनि कानै चिरेको बताउने गरेका छन् । कृषि सामग्री कम्पनीका कमिशन खोर कर्मचारीहरुका कारण मन्त्रीको क्षमता माथि प्रश्न चिन्ह उठेको छ ।

स्याङ्जा....

मन्त्री सवार गाडी ट्रयाक छाडी खोलातिर पल्टिएको सहभागीहरूले बताएका छन् । करोडौं मूल्य पर्ने प्राडो गाडी खोलामा डुबेपछि इञ्जिनै सिज भएको बताइएको छ ।

पुल र बाटो नचाहिने ठाउँमा सस्तो लोकप्रियताका लागि शिलान्यास गर्दै हिँड्ने र चाहिने ठाउँमा वास्ता गर्ने तथा कमिशनको पछाडिमात्र दौडने मन्त्री महासेठलाई स्याङ्जा अर्जुनचौपारी-३ को घटनाले पाठ सिकाएको सरोकारवालाहरूले बताएका छन् । सर्वसाधारण जनता दैनिक यही खोलाबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पोखरा-स्याङ्जा सदरमुकाम हुँदै अत्यन्त जोखिमपूर्ण अवस्थामा मिनी बस, जिप र मालवाहक सवारी साधनहरू दरौं खोलाबाट अर्जुनचौपारी बजार र दोमस्टेका रूपमा प्रख्यात रहेको सिरुवारीसम्म पुगदछन् । असारदेखि असोजसम्म ४ महिना यो रुटमा यातायत बन्द हुने समाचार स्रोतले जानकारी दिएको छ । पुल शिलान्यास कार्यक्रममा भौतिक मन्त्रालयका सचिव देवेन्द्र कार्की सडक विभागका महानिर्देशक केशवकुमार शर्मा सडक डिभिजन प्रमुख हरि पोखेल सुरक्षाकर्मी लगायत लस्करहरूको सहभागीता रहेको बताइको छ । पुल र सडक जस्ता अत्यावश्यक विषयमा मन्त्री महासेठले ध्यान नदिई सेटिङ्गमा मात्र ध्यान दिने गरेकोले अझ प्रभावकारी बनाउन कार्कीलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा ल्याइएको सडकका भुक्तभोगीहरूले बताएका छन् । स्याङ्जामा जस्तो समस्या मुलुकभर रहेकोले मन्त्रीको ध्यान जानुपर्ने चर्चा चलेको छ ।

सहरी....

गते भएको सचिव सरुवामा मुख्यसचिव लोकदर्शन रेग्मीको निगाहले सरुवा हुनबाट जोगिएको समाचार स्रोतले जानकारी गराएको छ । सरुवा हुने अन्य सचिवहरूमा श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका सचिव महेश दाहाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियारका सचिव महेश्वर न्यौपानेलाई भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमीव्यवस्थाका गोपी मैनालीलाई नेपाल ट्रष्ट र संघीय मामिला तथा सामान्य प्रशासन यादव कोइरालालाई अख्तियारमा सरुवा गर्ने चर्चा चलेको छ । यसैबीच आगामी श्रावणको तेस्रो हप्तासम्ममा सचिवहरू विष्णु लम्साल, कृष्णप्रसाद देवकोटा, कृष्णराज विसी, अर्जुन कार्की र दीपेन्द्रनाथ शर्माले अवकास पाउने भएका छन् ।

प्रतिबद्धताविरुद्ध....

बताउँछन् । यो स्वयम् प्रधानमन्त्री ओलीको बोली, दुईतिहाई बहुमतको कम्युनिस्ट सरकारको चुनावी घोषणापत्र र जनअपेक्षाविपरीतको काम भएको सरोकारवालाहरूको टिप्पणी छ ।

यसबाहेक, प्रधानमन्त्री ओलीको विदेश भ्रमण मोह अलि बढी नै भएको भन्दै सत्तारुढ दलकै जिम्मेवार नेताहरूले आलोचना गरेका छन् । 'देशमा गर्नुपर्ने काम यति धेरै छन् । पार्टीमै पनि एकता प्रक्रिया अघि बढाउनुपर्ने अवस्था छ । तर, उहाँ भने सानातिना कार्यक्रममा भाग लिन देशको करोडौं सकेर हुनुहुन्छ,' नाम नछाप्ने सर्तमा नेकपाका एक केन्द्रीय सदस्यले भने, 'एकता प्रक्रियामा उहाँ नभई हुँदैन । विदेश डुल्न त अरूलाई नै कोही पठाइको भए राम्रो हुन्थ्यो ।'

ती केन्द्रीय सदस्यले प्रधानमन्त्री अन्तर्राष्ट्रिय श्रम सङ्गठनको शतवार्षिकी समारोहमा सहभागी हुनुलाई स्तर अनुसारको सहभागिता नभएको टिप्पणी गरे । उनका अनुसार यस्तो कार्यक्रममा प्रधानमन्त्री नै जानु आवश्यक होइन । 'श्रममन्त्रीलाई पठाइदिँदा हुने खालको कार्यक्रममा प्रधानमन्त्री आफैं सहभागी हुन जानु आफैंलाई घटुवा गरेर जानु जस्तै हो,' उनले भने ।

प्रधानमन्त्री ओली यही जेठ १६ र १७ गते छिमेकी भारतको भ्रमण गरेर फर्किएलगत्तै युरोपको भ्रमणमा निस्किएका हुन् । निर्वाचनपछि भारतको भ्रमण अपेक्षित भए पनि अहिलेको युरोपको भ्रमण भने अनपेक्षित मानिएको छ । विदेश भ्रमण सकेसम्म घटाउन मन्त्रीहरूलाई निर्देशन दिने प्रधानमन्त्री ओली आफू भने २०७४ फागुन ३ गते दोस्रोपटक प्रधानमन्त्री भएयता १५ महिनामा भारत, चीन, अमेरिका, कोस्टारिका, स्विजरल्यान्ड, भियतनाम, क्याम्बोडिया, बेलायत, फ्रान्सको भ्रमणमा गइसकेका छन् । पत्नी तथा सल्लाहकारहरूको टोलीसहित बेलायत पुगेका प्रधानमन्त्री ओलीले त्यहाँ बसोबास गर्ने नेपालीहरूलाई त्यहाँ आफ्नो कारोबार टुङ्ग्याएर सकभर छिटो नेपाल फर्कन आह्वान पनि गरेका थिए । तर स्वदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमको भविष्य लथालिङ्ग भइरहेको पृष्ठभूमिमा उनीहरूलाई नेपाल फर्किन आग्रह गर्न केवल लोकप्रियताका लागि मात्र भएको विश्लेषकहरू बताउँछन् ।

गुठी....

शुरु भएलगत्तै उठेर विरोध गरेपछि सभामुख कृष्णबहादुर महराले काँग्रेस सांसद प्रकाशमान सिंहलाई बोल्न समय दिएका थिए । सिंहले यो विधेयक सनातन धर्म संस्कृतिलाई नामेट पार्नको लागि सरकारले नियोजित रुपमा गरेको प्रयास भन्दै यसको विरोध गरे ।

सिंहको बोलीमा मद्दत पुग्ने गरी राजपाका अनिलकुमार झालाई बोल्ने समय दिइयो । झाले शुरुमा लोकसेवा आयोगको विज्ञापनको बारेमा असन्तुष्टि जनाए भने अनि गुठी विधेयकमा पितापुर्खा देखि चल्दै आएको संस्कृतिमाथि हस्तक्षेप हुने भन्दै यसको विरोध गरेका थिए । परापूर्वकालदेखिका सरकारहरुले आफ्नो धर्म र संस्कृतिलाई जोगाउनको लागि लाखौं लाख रोपनी जग्गाहरु गुठीको नाममा दिएको भन्दै अहिलेको सरकारले धर्म र संस्कृति सिध्याउनको लागि त्यस्ता जग्गाहरु समेत आफ्नो नाममा गर्न लागेको गुनासो झाले गरेका थिए । उनले एकातिर होली वाइनलाई प्रचार गर्ने सरकारले त्यसैको साथसाथ सनातन धर्म र संस्कृतिको ध्वज्जी उडाउने काम गरिरहेको भन्दै यसको विरोध गरेका थिए । झाले होली वाइनसँग जोडेर गुठी विधेयकको कुरा उठाउनासाथ सभामुख कृष्णबहादुर महराले उनलाई समय छोट्याउन सचेत गराएका थिए ।

झाले यो विधेयक ल्याउने सरकार कसको प्रचारमा लागेको छ ? यो देशलाई के बनाउन चाहँदैछ ? भन्ने कुरा सबैले बुझ्न थालिसकेको बताए । उनले कुनै पनि देशको संस्कृतिमाथिको प्रहार सानो कुरा नभएको समेत बताए ।

नेकपामा....

देखि नै सक्रिय रहँदै आएका छन् । नेकपा भित्रको गतिविधि हेर्दा अबको १४ महिना अर्थात २०७७ साल भदौमा अध्यक्ष दाहालले बताउँदै आएको आलोपालोको सहमति कार्यान्वयनमा प्रश्नचिन्ह उठ्न थालेको छ । नेकपामा सत्ताका लागि अध्यक्षद्वयबीच चल्ने गरेको क्षेप्यास्त्रले देश अस्थिरतातर्फ धकेलिन सक्ने सम्भवना बढेको चर्चा परिचर्चा हुन थालेको छ । एकतालाई विभाजनतर्फ धकेलेर भाँजो हाल्ने काम साविक एमालेबाटै भइरहेको सम्बद्ध स्रोतले बताएको छ । यसबीचमा जस्तो सुकै चुनौति मोल्न पछि नपर्ने अध्यक्ष दाहाल आफू अध्यक्ष र प्रधानमन्त्री दुबै नबन्ने अवस्था आए पार्टी भड्खालोमा पर्ने सम्भावना बढ्दै गएको नेकपा स्रोतले बताइएको छ ।

कहाँ हराए साढे दस लाख विद्यार्थी ?

काठमाडौं । नेपाली काग्रेसका सांसद गगनकुमार थापाले एक कक्षामा भर्ना भएर १२ कक्षामा आइपुग्दा १० लाख ४४ हजार विद्यार्थी हराएको बताएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद थापाले ०६४ मा कक्षा १ कक्षामा भर्ना भएकामध्ये १२ को परीक्षासम्म आइपुग्दा १० लाख ४४ हजार विद्यार्थी हराएको बताएका हुन् ।

"०६४ सालमा १ कक्षामा १३ लाख विद्यार्थी भर्ना भए । अहिले ०७६ सालमा १२ कक्षाको परीक्षा दिँदै गर्दा २ लाख ९० हजार मात्र बाँकी रहे । १० लाख ४४ हजार विद्यार्थी हराए", सांसद थापाले भने, "विद्यालयमा नटिक्ने विद्यार्थीहरु कसका छोराछोरी हुन् ? तपाईं-हाम्रा पक्कै होइनन् । जो विद्यालयमा टिकेका छन् उनीहरुले कति सिके भनेर हेर्यौ भने सरकार भन्छ- कुनै पनि विद्यार्थीले कुनै पनि विषयमा ५० प्रतिशतभन्दा बढी सिकेन ।"

अंग्रेजी, गणित र विज्ञानको अवस्था हेर्दा सिकाइ झन् कम भएको उनले बताए । ती नसिक्ने विद्यार्थीहरु पनि सांसदका सन्तान नभएको उनको भनाइ छ । ३६ हजारभन्दा बढी प्रारम्भिक बाल विकास केन्द्र देशमा रहेकोमा योग्य शिक्षकले नभई ८ कक्षा उत्तीर्ण गरेकाहरुले ६ हजारभन्दा कम तलबमा पढाइरहेको थापाले बताए । "तर, संविधानले यसो गर्न पाइदैन भन्छ । लेखेको कुरा जे छ, त्यो हामी गरिरहेका छैनौं । यो राष्ट्रिय लज्जाको विषय हो," उनले भने ।

एनटिएमा अध्यक्षका लागि जागिर खुल्यो

काठमाडौं । सरकारले दूरसञ्चार प्राधिरकणमा अध्यक्ष नियुक्तिका लागि सरकारले दरखास्त आह्वान गरेको छ । हाल सरकारले पुरुषोत्तम खनाललाई प्राधिरकणको कार्यवाहक अध्यक्ष बनाएको छ । सोमबार एक सूचना जारी गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न योग्यता तोकेर अध्यक्षका लागि दरखास्त आह्वान गरेको हो । यसअघि अध्यक्षमा नियुक्त भएका दिगम्बर झाले गत पुसमा राजीनामा दिएपछि अध्यक्ष पद रिक्त छ । यो पदमा योग्य उम्मेदवारले असार ९ गतेसम्म दरखास्त बुझाउनुपर्नेछ । ३० वर्षदेखि ६५ वर्ष ननाघेका व्यक्तिले आवेदन भर्न सक्नेछन् ।

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित प्राविधिक, प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानुनी क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक उपाधि हासिल गरेको शैक्षिक योग्यता राखिएको छ । टेलिकम क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव पनि अनिवार्य गरिएको छ । सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको कर्मचारीको हकमा राजपत्राकिंत प्रथम श्रेणी, दशौं तह वा सोभन्दा माथिल्लो पदमा काम गरेको अनुभव हुनुपर्ने छ । उम्मेदवारले पेश गरेको व्यावसायीक कार्ययोजना, त्यसको प्रस्तुतिकरण र अन्तरवार्ता, शैक्षिक योग्यता र अनुभवको मुल्यांकन गरि नियुक्तिका लागि सिफारिस गरिने सूचनामा उल्लेख छ ।

मालपोत कार्यालयहरुमा सेवा लिन आउनु हुने महानुभावहरुलाई सूचना

अनलाइन प्रणाली लागू भएका मालपोत कार्यालयहरुमा सेवा लिन आउनु हुने सेवाग्राहीले मालपोत कार्यालयमा पेश गर्नुपर्ने लिखितको नमूना यस विभागको वेभसाइट (www.dolrm.gov.np) र 'भूमि सुशासन' नामक मोवाइल एप्समा राखिएको छ । सो नमूना बमोजिमको लिखित डाउनलोड गरी आफैले आवश्यक विवरण भरी कार्यालयमा पेश गर्न सकिने व्यवस्था भएकोले आफ्नो लिखित आफैं तयार गरी कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबै महानुभावहरुमा अनुरोध छ ।

सार्वजनिक र सरकारी जग्गाको संरक्षण गरौं ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाडौं ।

नेपाल आयल निगम लि.को खाना पकाउने ग्यास (एल.पी.ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरूरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिरहेको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईमा बस्छ, यस्तो अवस्थामा झ्याल ढोका सबै खुल्ला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तैः ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुली बत्ती लगायत कुनै पनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिन्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो । उपभोक्तको हितमा नेपाल आयल निगम लि.

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .